# दश वर्षे शिक्षा क्षेत्र योजना
## (२०७८/०७९-२०८७/०८८)



# मंगला गाउँपालिका, म्याग्दी

# दश वर्षे शिक्षा क्षेत्र योजना
# (२०७८/०७९–२०८७/०८८)

# मंगला गाउँपालिका, म्याग्दी

# शिक्षा क्षेत्र योजना २०७८-२०८७

# Education Sector Plan (ESP) 2021-2030

मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बाबियाचौर, म्याग्दी ।

२०७८ मंसिर ५

# विषय सूची


विषय पेज नं.

परिच्छेद १ परिचय ........ 9

१.१ पृष्ठभूमि ........ 9

१.२ गाउँपालिकाको परिचय ........ 10

१.३ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना ........ 10

१. ४ सामाजिक अवस्था ........ 11

१.५ गाउँपालिकाको जनसंख्या सम्बन्धी विवरण ........ 11

१.६ गाउँपालिकाको वडा अनुसार जम्मा घरधुरी तथा जनसंख्या ........ 12

१.७ गाउँपालिकाको शैक्षिक अवस्था ........ 13

१.८ साक्षरताको अबस्था ........ 16

१.९ मंगला गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण ........ 17

१.१० गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरू ........ 21

परिच्छेद २ नयाँ शिक्षा क्षेत्र योजना ........ 25

२.१ सन्दर्भ र औचित्य ........ 25

२.२ गाउँपालिकाको दीर्घकालीन सोच (Vision), ध्येय, उद्देश्य र रणनीतिहरू ........ 29

२.२.१ परिचय ........ 29

२.२.२. दीर्घकालीन सोच (Vision) ........ 29

२.२. ३ ध्येय (Mission) ........ 29

२.२.४ प्रमुख उद्देश्यहरू (Objectives) ........ 29

२.२.५ दीर्घकालीन रणनीतिहरू ........ 30

२.२.६ अपेक्षित मुख्य उपलब्धि ........ 32

२.७ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ........ 33

परिच्छेद तीनः शिक्षाका क्षेत्रहरू ........ 36

३.१ परिचय ........ 36

३.२ प्रारम्भिक बालविकास र शिक्षा ........ 36

३.२.१ परिचय ........................................................................................36
३.२.२ वर्तमान अवस्था ..............................................................................37
३.२.३ उद्देश्य ......................................................................................37
३.२.४ रणनीति ......................................................................................37
३.२.५ उपलब्धि ,नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य .........................................38
३.३ आधारभूत शिक्षा ................................................................................41
३.३.१ परिचय ........................................................................................41
३.३.२ वर्तमान अवस्था ..............................................................................41
३.३.३ उद्देश्य ......................................................................................43
३.३.४ रणनीतिहरू ...................................................................................44
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .........................................45
३.४ माध्यमिक शिक्षा ................................................................................50
३.४.१ परिचय ........................................................................................50
३.४.२ वर्तमान अवस्था ..............................................................................50
३.४.३ उद्देश्यहरू ...................................................................................51
३.४.४ रणनीतिहरू ...................................................................................51
३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .........................................53
३.४ उच्च शिक्षा .....................................................................................55
३.४.१ परिचय ........................................................................................55
३.४.२ मंगला गाउँपालिकाको उच्च शिक्षाको वर्तमान अवस्था...................................56
३.४.३ उच्च शिक्षाका समस्या तथा चुनौतिहरू.....................................................58
३.४.४ मंगला गाउँपालिकामा उच्च शिक्षाका उद्देश्य ..............................................58
३.४.५ रणनीतिहरू ...................................................................................58
३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .........................................59
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा...........................................................60
३.५.१ परिचय ........................................................................................60
३.५.२ वर्तमान अवस्था ..............................................................................60

३.५.३ चुनौति तथा अवसरहरू ........................................................................61
३.५.४ उद्देश्य..............................................................................................62
३.५.४ रणनीतिहरू.........................................................................................62
३.५.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..........................................63
३.६ पाठ्यक्रम र पाठ्यसामग्री ........................................................................65
३.६.१ परिचय..............................................................................................65
३.६.२ वर्तमान अवस्था ..................................................................................66
३.६.३ उद्देश्य ..............................................................................................67
३.६.४ रणनीति.............................................................................................68
३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य............................................69
३.७ शिक्षक व्यवस्थापन र विकास ...................................................................71
३.७.१ परिचय..............................................................................................71
३.७.२ शिक्षक तयारी.....................................................................................72
३.७.३ शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति ...........................................................73
३.७.४ शिक्षण सिकाइ क्रियाकलाप ....................................................................74
३.७.५ शिक्षकको उत्तरदायित्व..........................................................................74
३.७.६ शिक्षकको पेसागत सहयोग पद्धति..............................................................75
३.७.७ शिक्षक क्षमता विकास कार्यक्रम.................................................................76
३.७.८ शिक्षकको आपूर्ति र वितरण ....................................................................76
३.७.९ प्रमुख समस्या तथा चुनौतिहरू...................................................................77
३.७.१० उद्देश्य ............................................................................................77
३.७.११ रणनीतिहरू.......................................................................................78
३.७.१२ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ...................................................78
३.८ विद्यालय व्यवस्थापन ( प्रधानाध्यापक सहित )...................................................82
३.८.१ परिचय..............................................................................................82
३.८.१ वर्तमान अवस्था ..................................................................................82
३.८.२ उद्देश्य ..............................................................................................84

३.८.३ रणनीतिहरू ........................................................................................84
३.८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य.............................................85
३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षा................86
३.९.१ परिचय.............................................................................................86
३.९.२ वर्तमान अवस्था ..................................................................................87
३.९.३ समस्या तथा चुनौतिहरू .......................................................................88
३.९.४ उद्देश्य ...............................................................................................89
३.९.५ रणनीतिहरू ........................................................................................89
३.९.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य ..............................................89
३.१० गुणस्तरीय सार्वजनिक शिक्षा ...................................................................91
३.१०.१ परिचय............................................................................................91
३.१०.२ वर्तमान अवस्था ................................................................................92
३.१०.३ उद्देश्य ............................................................................................95
३.१०.४ रणनीतिहरू ......................................................................................95
३.१०.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........................................96
३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच / समावेशी शिक्षा ...................98
३.११.१ परिचय............................................................................................98
३.११.२ वर्तमान अवस्था ................................................................................99
३.११.३ समस्या तथा चुनौतिहरू ....................................................................100
३.११.४ उद्देश्य ..........................................................................................100
३.११.५ रणनीतिहरू ....................................................................................100
३.११.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य................................................101
३.१२ शिक्षामा सूचना प्रविधि.........................................................................103
३.१२.१ परिचय..........................................................................................103
३.१२.२ वर्तमान अवस्था ..............................................................................106
३.१२.३ उद्देश्य ..........................................................................................109
३.१२.४ रणनीतिहरू ....................................................................................109

३.१२.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ....................................................109
परिच्छेद-४ संस्थागत संरचना र क्षमता विकास (प्रदेश र सङ्घीय तहसँगको अन्तरसम्बन्ध) .....111
४.१ परिचय.......................................................................................111
४.२ वर्तमान अवस्था .............................................................................111
४.३ उद्देश्य .......................................................................................113
४.४ रणनीतिहरू...................................................................................113
४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप........................................................114
परिच्छेद ५ : लगानी र स्रोत व्यवस्थापन ........................................................116
५.१ परिचय.......................................................................................116
५.२ वर्तमान अवस्था .............................................................................116
५.३ उद्देश्य .......................................................................................117
५.४ रणनीतिहरू...................................................................................117
परिच्छेद ६ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण ..........................120
६.१ योजना कार्यान्वयन ...........................................................................120
६.१.१ परिचय.....................................................................................120
६.१.२ वर्तमान अवस्था ..........................................................................120
६.१.३ योजना कार्यान्वयन प्रबन्ध.................................................................121
६.१.४ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण ........................................122
६.१.४.१ परिचय...................................................................................122
६.१.४.२ वर्तमान अवस्था.........................................................................122
६.१.४.३ उद्देश्य ..................................................................................123
६.१.४.५ रणनीतिहरू ..............................................................................123
६.१.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य.......................................124
परिच्छेद ७ : मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक ...............................................125
७.१ परिचय.......................................................................................125
७.२ योजनाको समग्र नतिजा खाका ................................................................125
सन्दर्भ सामग्रीहरू .................................................................................130

# शिक्षा क्षेत्र योजना २०७८— २०८७

## परिच्छेद १ परिचय

### १.१ पृष्ठभूमि

वर्तमान नेपालको संविधान अनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य ब्यबस्थाबाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७० कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुर्‍याउन सकिन्छ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय

दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौँ आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं.२०७८ देखि २०८७ सम्म) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ। तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा मंगला गाउँपालिकाले समेत स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको १० बर्षे योजना निर्माण गरिएको छ।

## १.२ गाउँपालिकाको परिचय

म्याग्दी जिल्लाका ६ स्थानीय तहहरूमध्ये मंगला गाउँपालिका एक हो। यो गाउँपालिका जिल्ला सदरमुकाम बेनीदेखि करिव १५ कि.मि. पश्चिममा पर्दछ। वि.सं. २०४६ पछिको राजनीतिक परिवर्तनपछि बनेका बाबियाचौर, अर्मन, बरंजा र कुहूँ गाउँ विकास समितिहरूलाई एकिकृत गरी नेपालको संविधान २०७२ अनुसार वि.स. २०७३ सालका संघीय संरचना अनुसार परिवर्तन भई स्थानीय तहको रूपमा मंगला गाउँपालिकाको नामबाटै परिचित छ। साविकको कुहँ, बाबियाचौर , अर्मन र बरंजा गाविसको पुरै क्षेत्र र दरबाङ गाविसको वडा नं ४ को क्षेत्र समेटेर बनेको यो मंगला गाउँपालिका ५ वटा वडामा विभाजित छ। साविक कुहुँ गाविसलाई वडा नं १ ,साविक बाबियाचौर गाविस सबै र दरबाङ गाविसको वडा नं ४ को भूभाग मिलाएर वडा नं २ , साविक बरंजा गाविसलाई वडा नं ३ र ४ तथा साविक अर्मन गाविसलाई वडा नं ५ कायम गरी जम्मा ५ वडाहरू कायम गरिएको छ। ८९ बर्ग कि.मी. क्षेत्रफल भएको यो गाउँपालिका क्षेत्रफलको हिसावले जिल्लामा नै सबैभन्दा सानो गाउँपालिका हो। यस गाउँपालिकामा करिव १६२८६ जनसंख्या रहेको छ। २०७४ सालको स्थानीय तहको निर्वाचन पश्चात जननिर्बाचित पदाधिकारीहरूले स्थानीय सरकारको रूपमा कार्य गरेको अबस्था छ।

## १.३ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना

करिव २८°१९'१२" उत्तरदेखि करीव २८°२६'२५" उत्तरी अक्षांश र करीव ८३°२३' ०४" पूर्वदेखि ८३°३०' ४९" पूर्वी देशान्तरमा रहेको यो गाउँपालिका समुद्री सतहको करिब ८७३ मीटरदेखि २९८५ मिटरसम्मको उचाइमा अवस्थित छ यो गाउँपालिका जिल्ला सदरमुकामबाट ६ कोष अर्थात करिब ५ घण्टाको पैदल दुरीमा वा १ घण्टाको बस यात्रामा पुग्न सकिन्छ। जिल्लाको कूल २२९७.०६ वर्ग कि.मी.

क्षेत्रफलमध्ये यस गाउँपालिकाले करीव ८८.९० वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यस गाउँपालिकाको पूर्वमा बेनी नगरपालिका पश्चिममा मालिका गाउँपालिका, उत्तरमा रघुगंगा गाउँपालिका तथा दक्षिणमा बागलुङ जिल्लाको काठेखोला गाउँपालिका वडा नं. ३ धम्जा र ताराखोला गाउँपालिका पर्दछन् । यहाँको भू–वनोटलाई हेर्दा पहाडी भू–भाग भएकोले भिरालो, डाँडाकाँडाले ढाकेको छ ।

## १. ४ सामाजिक अवस्था

गाउँपालिकाको जम्मा जनसंख्या २००१६ छ । उक्त जनसंख्यामा महिलाको संख्या ९९८४ र पुरुषको संख्या १००३२ छ । कूल जनसंख्यामा महिलाको प्रतिशत ४९.८८र पुरुषको प्रतिशत ५०.१२ छ । गाउँपालिकाको औसत परिवार संख्या ५.४५ छ । गाउँपालिकामा मुख्यत मगर जातिहरूको बसोबास छ भने दोश्रो ठूलो संख्या दलितहरूको छ । उनीहरूमध्ये धेरैजसो आफ्नो परम्परा अनुसारका धर्म रीतिरिवाज र संस्कृति मान्दछन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ । यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नै भाषा र भेषभूषा रहेको पाइन्छ । छिमेकीको विवाह, भोज, व्रतवन्ध, मृत्यु जस्ता सामाजिक परम्परामा पनि यहाँका मानिसहरू रीतिथिति र परम्परा अनुसार मान्ने चलन छ । यहाँका मानिसहरू दशैं, तिहार तथा अन्य चाडहरू मान्नुका साथै धार्मिक विविधता भए तापनि एक आपासमा घुलमिल भएर बस्ने गरेका छन् । गाउँपालिकामा गैर कृषि पेशामा संलग्न हुनेहरूको संख्या न्यून छ । यस गाउँपालिकाका वहुसंख्यक मानिसहरू कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ । कृषि अन्तर्गत अन्न तथा तरकारी बाली, नगदेबाली पशुपालन आदि पर्दछन् । यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर आदि अन्नवाली हुन् । गाउँपालिकाबासीको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी छ भने वैदेशिक रोजगारीको योगदान दोश्रोमा र नोकरी पेन्सनको योगदान तेस्रोमा छ । गाउँपालिकावासीको औसत आयु नेपालीको सरदर आयु सरह नै देखिन्छ ।

## १.५ गाउँपालिकाको जनसंख्या सम्बन्धी विवरण

मंगला गाउँपालिकाको जम्मा घरधुरी संख्या ३६७२ र जनसंख्या २००१६ रहेको छ । उक्त जनसंख्यामा महिलाको संख्या ९९८२ र पुरुषको संख्या १००३२ रहेको छ। गाउँपालिकाको जम्मा जनसंख्यामा महिलाभन्दा पुरुष ४८ जनाले बढी छन् । कुल जनसंख्यामा महिलाको प्रतिशत ४९.८८ हुन्छ भने पुरुषको प्रतिशत ५०.१२ हुन्छ । उक्त जनसंख्या तथा घरधुरीको आधारमा औसत परिवार संख्या प्रति घरधुरी करीव ५दशमलव ४५जना हुन्छ । औषत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मी २२५ जना बसोबास गर्ने देखिन्छ ।२०६८ सालको गणना अनुसार यस गाउँपालिकाको कूल जनसंख्या १५९४९ थियो । उक्त जनसंख्यामा ९००० महिला तथा ६९४९ पुरुष थिए । २०६८ यता गाउँपालिकाको कूल जनसंख्यामा ४०६७ ले बृद्धि भएको छ । २०६८ को जनगणनामा जुन व्यक्ति जहाँ बसोबास गरेको छ त्यहीँबाट गणना गएको हुँदा र गाउँका पुरुषहरू विभिन्न कामको सिलसिलामा गाउँ बाहिर गएको र पुरुषको गणना उतैबाट

भएको कारण पुरुषको संख्या महिलाको तुलनामा थोरै आएको हो । वस्तुगत विवरण तयारीको लागि सञ्चालन गरिएको घरधुरी सर्वेक्षण अनुसार गाविसको कूल जनसंख्या तालिका नं. १ मा दिइएको छ ।

**तालिका नं १**

**गाउँपालिकाको कुल जनसंख्या**

| क्र स | लिङ्ग | कुल जनसंख्या २०६८ | प्रतिशत | कुल जनसंख्या २०७५ | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | महिला | ९००० | ५६.४३ | ९९८४ | ४९.८७ |
| २ | पुरुष | ६९४९ | ४३.५७ | १००३२ | ५०.१६ |
| 3 | जम्मा | १५९४९ | १०० | २००१६ | १०० |

**स्रोतः गाउँपालिकाको बस्तुगत विबरण २०७५**

## १.६ गाउँपालिकाको वडा अनुसार जम्मा घरधुरी तथा जनसंख्या

गाउँपालिकाको जनसंख्याको वडागत अवस्था हेर्दा जनसंख्याको वितरण सबै वडामा करीव समानुपातिक नै देखिन्छ । वडा नं ४ मा भने तुलनात्मक रूपमा कम जनसंख्या रहेको छ । गाउँपालिकाका वडाहरूमा कम्तीमा २०६८ देखि बढीमा ५६२६ सम्म जनसंख्या रहेको छ । क्षेत्रफलको हिसावले गाउँपालिकाको सबैभन्दा बढी जनसंख्या भएको वडा नं. ५ को जनसंख्या ५६२६ अर्थात गाउँपालिकाको कूल जनसंख्याको २८.३५ प्रतिशत छ । त्यस्तै दोश्रो ठूलो वडाको रूपमा रहेको वडा नं. ४ को जनसंख्या २०६८ छ । यो गाउँपालिकाको कूल जनसंख्याको १०.४२ प्रतिशत हुन आउँछ । वडा नं. ३ गाउँपालिकाको सबैभन्दा सानो वडा हो । यस वडाको कूल जनसंख्या ४१४७ मात्र छ । यो कूल जनसंख्याको २०.९ प्रतिशत हो । क्षेत्रफलको दृष्टिले दोश्रो सानो वडाको रूपमा रहेको वडा नं. १ को जनसंख्या ३७१९ छ । यो गाउँपालिकाको कूल जनसंख्याको १८.७४ प्रतिशत हुन्छ । यसरी गाउँपालिकामा भएका ५ वटा वडाहरूमा बढीमा २८.३५ प्रतिशत देखि कम्तिमा १०.४२ प्रतिशतसम्म जनसंख्या रहेको पाइन्छ । वडागत रूपमा लैङ्गिक जनसंख्याको अवस्था विचार गर्दा वडा न २ मा महिलाको संख्या बढी छ भने वडा नं. १, ३, ४ र ५ मा पुरुषको संख्या बढी छ । गाविसको वडागत घरधुरी र जनसंख्याको अवस्था तलको तालिकामा दिइएको छ ।

तालिका नं २

वडा अनुसारको जम्मा घरधुरी तथा जनसंख्या

| वडा नं | घरधुरी संख्या | महिला | पुरुष | जम्मा | क्षेत्रफल बर्ग किमीमा | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | ७३५ | १८४७ | १८७२ | ३७१९ | १६.२२ | २२९ |
| २ | ८६२ | २२७५ | २१८१ | ४४५६ | १५.११ | २९५ |
| ३ | ७०४ | २०३६ | २१११ | ४१४७ | १२.०४ | १७८ |

| वडा नं | घरधुरी संख्या | महिला | पुरुष | जम्मा | क्षेत्रफल बर्ग किमीमा | जनघनत्व |
|---|---|---|---|---|---|---|
| ४ | ७३५ | ३७५ | १०२७ | १०४१ | १७.५५ | ११८ |
| ५ | ९९६ | २७९९ | २८२७ | ५६२६ | २७.९८ | २०१ |
| | ३६७२ | ९९८४ | १००३२ | २००१६ | ८८.९० | २५५ |

**स्रोतः गाउँपालिकाको बस्तुगत विबरण २०७५**

तालिका नं ३

उमेरगत विद्यालय जाने उमेरका वालबालिका २०७७

| उमेर गत जनसंख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ३ बर्ष | १८४ | १९४ | ३७८ |
| ४ बर्ष | १८६ | १९५ | ३८१ |
| ३-४ बर्ष | ३७० | ३८९ | ७५९ |
| ५ बर्ष | १५४ | १२२ | २७६ |
| ५-९ बर्ष | ७२२ | ६८६ | १४०८ |
| १०-१२ बर्ष | ४३८ | ४६१ | ८९९ |
| ५-१२ बर्ष | ११६० | ११४७ | २३०७ |
| १३-१४ बर्ष | २८६ | २५१ | ५३७ |
| १५-१६ बर्ष | २२८ | १९० | ४१८ |
| १३-१६ बर्ष | ५१४ | ४४१ | ९५५ |

स्रोतः शिक्षा तथा मानवश्रोत विकास केन्द्र फ्यास रिपोर्ट २०७७

२०६८ को जनसंख्यालाई आधार मानि प्रक्षेपण गरीएको उमेरगत जनसंख्या माथिको तालिकामा देखाइको छ । जस अनुसार बालविकास केन्द्रमा जाने उमेरका बालबालिका ३८१ जना रहेका छन् । ५ बर्षको बालबालिका २७६ जना रहेका छन भने प्राथमिक तहमा भर्ना हुने उमेरका वालबालिका १४०८ जना रहेको छ । निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा भर्नाहुने उमेरका बालबालिका क्रमशः८९९, ५३७ र ४१६ रहेका छन् ।

## १.७ गाउँपालिकाको शैक्षिक अवस्था

### सञ्चालित शैक्षिक संस्थाहरू

मंगला गाउँपालिकाकमा ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये ४० सामुदायिक विद्यालय र ३ संस्थागत विद्यालय सञ्चालनमा रहेका छन । विद्यालय र समुदायमा समेत गरी ४४ बालविकास केन्द्र सञ्चालनमा छन् । उच्च शिक्षा अन्तर्गत एउटा मात्र मंगला शिक्षा क्याम्पस रहेको

छ। अनौपचारिक तथा निरन्तर शिक्षातर्फ ३ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन्। शैक्षिक संस्थाको विबरण निम्न अनुसार रहेको छ।

तालिका नं ४

शैक्षिक संस्थाको विबरण

| | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बाल विकास केन्द्र | ४४ | ० | ० |
| आधारभूत तह १-५ सञ्चालित | २६ | ० | २६ |
| आधारभूत तह १-८ सञ्चालित | ७ | २ | ९ |
| माध्यमिक तह १-१० सञ्चालित | ४ | १ | ५ |
| माध्यमिक तह १-१२ सञ्चालित | ३ | ० | ३ |
| क्याम्पस | १ | ० | १ |
| सामुदायिक सिकाइ केन्द्र | ३ | ० | ३ |

माथि उल्लेखित तालिकामा सामुदायिक विद्यालय ४० संस्थागत विद्यालय ३ गरी जम्मा ४० विद्यालय रहेको देखिन्छ। बालविकास केन्द्र ४४ र सामुदायिक सिकाइकेन्द्र ३ रहेका छन्। क्याम्पस १ मात्र रहेको छ।

**तालिका नं ५**

**वडागत विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–३ | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | २ | २ | २ | २ | १ | १ | |
| २ | ८ | ४ | ३ | ४ | १ | ३ | १ | १ |
| ३ | ८ | १ | ३ | ४ | १ | ० | १ | |
| ४ | ४ | ० | ० | ३ | २ | | | |
| ५ | ९ | १ | २ | ४ | ३ | १ | | |
| जम्मा | ३५ | ८ | १० | १७ | ९ | ४ | ३ | |

मंगला गाउँपालिकाको ४३ विद्यालयहरूमध्ये कक्षा १-३ सञ्चालित १० कक्षा १-५ सचालित १७ कक्षा १-८ सञ्चालित ९ कक्षा १-१० सञ्चालित ४ र कक्षा १-१२ सञ्चालित ३ विद्यालय रहेका छन्। कक्षा १-१२ सञ्चालित सामुदायिक विद्यालयमा हाल कृषि तर्फको कक्षा ९-१० सम्मको प्राविधिक धार विद्यालय समेत सञ्चालनमा छ।

तालिका नं ६

जातजाति र तह अनुसार विद्यालय गइरहेका वालवालिकाहरूको संख्या २०७७

| | बालविकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१२ | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| जम्मा | 266 | 368 | 634 | 850 | 889 | 1739 | 465 | 487 | 952 | 308 | 261 | 569 | 104 | 72 | 176 |
| दलित | 110 | 134 | 244 | 314 | 338 | 652 | 151 | 163 | 314 | 100 | 74 | 174 | 35 | 23 | 58 |
| जनजाति | 95 | 153 | 248 | 357 | 334 | 702 | 204 | 214 | 418 | 127 | 112 | 239 | 43 | 30 | 73 |
| अन्य | 61 | 81 | 142 | 179 | 217 | 385 | 110 | 110 | 220 | 81 | 75 | 156 | 26 | 19 | 45 |

स्रोतः IEMIS २०७७

२०७७ मा बालविकास तर्फ ६३४, कक्षा १- ५ मा १७३९, कक्षा ६- ८ मा ९५२, कक्षा ९- १० मा ५६९ र कक्षा ११-१२ मा जम्मा १७६ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या ४०७० रहेको छ। कुल विद्यार्थी मध्ये छात्रा संख्या १९९३ र छात्र संख्या २०७७ रहेको छ। माध्यमिक तहको कक्षा ११ मा विद्यार्थी ढिलो भर्ना हुन गई विद्यालयहरूले समयमै रिपोर्टिङ नगरेकोले विद्यार्थी संख्या कम देखिएको छ।

तालिका नं ७

विद्यालय गैरहेका उमेरगत बालबालिकाहरूको विबरण

| उमेर समूह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| ३ बर्ष | ६३ | ८१ | १४४ |
| ४ बर्ष | ११९ | १५६ | २७५ |
| ३-४ बर्ष | १८२ | २३७ | ४१९ |
| ५ बर्ष | १२१ | १६१ | २८२ |
| ५-९ बर्ष | ७११ | ७८८ | १४९९ |
| १०-१२ बर्ष | ४४६ | ४३८ | ८८४ |
| ५-१२ बर्ष | ११५७ | १२२६ | २३८३ |
| १३-१४ बर्ष | २८८ | २८८ | ५७६ |
| १५-१६ बर्ष | १६५ | १६१ | ३२६ |
| १३-१६ बर्ष | ४३५ | ४४९ | ८८४ |

स्रोतः IEMIS २०७७

तालिका नं ८

**शिक्षक विबरण**

**तहगत शिक्षक दरवन्दी विवरण**

| | दरबन्दी | | | | राहत अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| क्र सं | तह | अस्थायी | स्थायी | जम्मा | | |
| १ | वाविके | ० | ० | ० | ४४ | ४४ |
| २ | प्राथमिक | १६ | ८३ | ९९ | ३२ | १३१ |
| ३ | निम्न माध्यमिक | ५ | २० | २५ | ९ | ३४ |
| ४ | माध्यमिक | ० | १२ | १२ | ७ | १९ |
| ५ | साविक उमा तह | ३ | ० | ३ | ३ | ६ |
| | कुल जम्मा | २४ | ११५ | १३९ | ५१ | १९० |

## १.८ साक्षरताको अबस्था

२०७४ सालमा गरिएको घरधुरी सर्वेक्षण अनुसार मंगला गाउँपालिकाको १५-६० उमेरको जनसंख्यामा साक्षरता दर ९६.४ प्रतिशत रहेको छ। पुरुष र महिला साक्षरतामा भने थोरै अन्तर देखिन्छ। पुरुष साक्षरता ९२.२० र महिला साक्षरता ८६.६२ प्रतिशत मात्र छ। साक्षरताको दर राम्रो भए पनि उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भने गाउँपालिकाको अवस्था कमजोर देखिन्छ। एसएलसी तथा सोभन्दा बढी तह उत्तीर्ण गर्नेहरू करिव २२.२८ प्रतिशत छन्।

तालिका नं ९

मंगला गाउँपालिकाको साक्षरताको अबस्था

| सि. नं | वडा नं | घरधुरी सं | जनसंख्या | जम्मा साक्षर | १५ बर्ष माथिको जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | 1 | 761 | 4183 | 2695 | 2755 | 97.8 |
| 2 | 2 | 661 | 3972 | 2493 | 2615 | 95.3 |
| 3 | 3 | 1045 | 6269 | 3537 | 3680 | 96.1 |
| 4 | 4 | | | | | |
| 5 | 5 | 819 | 4894 | 2984 | 3102 | 96.2 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | 3286 | 19318 | 11709 | 12152 | 96.4 |

श्रोतः घरधुरी संख्या २०७४

विभिन्न बर्षमा सञ्चालन गरीएको साक्षरता कक्षाहरू बाट १५ –६० को कुल जनसंख्या १२१५२ मा ११७०९ साक्षर भै गाउँपालिकाको १५– ६० उमेरको जनसख्यामा कुल साक्षरता ९६.४ भएकोले २०७५ सालमा साक्षर गाउँपालिका घोषणा भै सकेको छ।

## १.९ मंगला गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण

म्याग्दी जिल्लाका ६ स्थानीय तहहरू मध्ये सबैभन्दा सानो स्थानीय तह मंगला गाउँपालिका हो । गाउँपालिकाको भौतिक पूर्वाधार जस्तै शैक्षिक अवस्था समेत अन्य पालिकाको तुलनामा त्यति सन्तोषजनक देखिँदैन। भौतिक पूर्वाधारका साथै शैक्षिक गतिविधिहरूमा समेत दिनानु दिन परिवर्तनका सङ्केतहरू भने देखिन थालेका छन। माथि उल्लेखित तथ्याङ्क र तल उल्लेखित सूचाङ्कको आधारमा मंगला गाउँपालिकाको शैक्षिक अबस्थाको विश्लेषण गरिएको छ।

**तालिका नं १०**

**शैक्षिक सूचक र बर्तमान अवस्था**

| क्र.सं. | सूचक | २०७७ को अवस्था |
|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ७७.६ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८०.६ |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | |
| २.१ | कक्षा १ मा खुदप्रवेश दर | ९७. |
| २.२ | कक्षा १ मा कूल प्रवेश दर | १०८.३ |
| २.३ | कक्षा १-५मा खुद भर्ना दर | ९६.५ |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर | १०८.६ |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | ८५ |
| २.६ | प्राथमिक कक्षा ५ पूरा गर्ने दर | ८६ |
| २.७ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९५ |
| २.८ | कक्षा १-८ मा खुद भर्ना दर | ९६.८ |
| २.९ | कक्षा १-८ मा कूल भर्ना दर | १०६.३ |
| २.१० | कक्षा ८ सम्मको टिकाउ दर | ७४ |
| २.११ | कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | ७३ |

| क्र.सं. | सूचक | २०७७ को अवस्था |
|---|---|---|
| २.१२ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९९ |
| २.१३ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | ४५.४५ |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर | १०८.९ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | ७९ |
| ३.३ | कक्षा ९-१२ मा खुद भर्ना दर | ५२.७ |
| ३.४ | कक्षा ९-१२ मा कुल भर्ना दर | ८३.१ |
| ३.५ | कक्षा ११-१२ मा कूल भर्ना दर | ५०.० |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्ना दर | २६.३ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | |
| ३.९ | कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९-१२ | १.२ |
| ३.१० | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | ७५.० |
| ३.११ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | ४.० |
| ३.१२ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | १०.७ |
| ३.१३ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | |
| **४.** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाइ** | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ९६.४ |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ९७ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९८ |
| **५.** | **सुशासन तथा व्यवस्थापन** | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | ९.५:१ |
| ५.२ | कक्षा६-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | १६:१ |
| ५.३ | कक्षा१-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | ११:१ |
| ५.४ | कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | २१:१ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | २२:१ |
| **६.** | **शिक्षामा लगानी** | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत | ३४.६ |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | ४७.३ |
| ६.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | ४०.५ |

यस गाउँपालिकामा ४० सामुदायिक विद्यालय ३ संस्थागत विद्यालय गरी ४३ विद्यालयहरू औपचारिकरूपमा सञ्चालनमा छन् । मंगला गाउँपालिकाका ४० सामुदायिक विद्यालयहरूमध्ये ३७

विद्यालयहरूमा बालविकास केन्द्रहरू सञ्चालनमा छन् । ७ ओटा समुदायमा आधारित बालविकास केन्द्रहरू सञ्चालनमा छन् । यसरी समुदायमा आधारित र विद्यालयमा आधारित गरी कुल बालविकास केन्द्रको संख्या ४४ रहेको छ । उच्च शिक्षा प्रदान गर्ने एउटै मात्र संस्था मंगला शिक्षा क्याम्पस रहेको छ । यस क्याम्पसले पश्चिम म्याग्दीको समग्र क्षेत्रमा सेवा पुऱ्याएको अवस्था छ । अनौपचारिक तथा निरन्तर शिक्षातर्फ कार्य गर्नका लागि तीनवटा सामुदायिक सिकाइ सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् ।

बालविकासमा भर्ना भएका बालबालिकाको संख्या ६३४ रहेको छ । कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कुल बालबालिकाहरूको संख्या ३ हजार ४३६ रहेको छ। बालविकास देखि १० कक्षासम्म अध्ययन गर्ने बालबालिकाहरू मध्ये सामुदायिक विद्यालयमा ३४५५ (८८.७%)र संस्थागत विद्यालयमा ४३९ ( ११. ३%) बालबालिकाहरू अध्ययनरत छन्। विद्यालयहरूको आन्तरिक सक्षमता लाई हेर्ने हो भने कक्षा १ ३ ५ र ८ को प्रमोसन दर क्रमशः ८५ .५, ९४.७, ९०.२ र ८३.३ रहेको छ । कक्षा छोडने दर ९.२, ४.०, ४.२, ५.७ र दोहोऱ्याउने दर ५.३, १.३, ५.७, १.१ रहेको छ । कक्षा १ मा छोड्ने दर झण्डै दश प्रतिशतको हाराहारीमा रहेको पालिकाले आन्तरिक सक्षमताको दरमा टड्कारो रूपमा सुधार गर्नु पर्ने देखिन्छ ।

जातजाति अनुसार विद्यार्थी भर्नाको अवस्था हेर्ने हो भने दलित विद्यार्थीहरूको प्रतिशत ३५, जनजाति विद्यार्थीहरूको प्रतिशत ४२ र अन्य जातजातिहरूको प्रतिशत २३ रहेको छ । समग्रमा हेर्दा जनजाति विद्यार्थीहरूको भर्ना संख्या बढी रहेको छ । यसो हुनुमा यस गाउँपालिकामा जनजातिको जनसंख्याको बाहुल्यता रहेको छ ।

प्रारम्भिक बालविकास र शिक्षातर्फ बालबालिकाको भर्नादर ७७.६ प्रतिशत रहेको छ जुन यसै सूचकमा राष्ट्रिय तथ्याङ्क भन्दा ९ प्रतिशतले कम छ । प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ८०.६ रहेको छ । समग्रमा राष्ट्रियस्तरको तथ्याङ्कभन्दा करिब १२ प्रतिशतले बढी रहेको छ ।

आधारभूत शिक्षा अन्तर्गत कक्षा मा खुद प्रवेश दर प्रतिशत रहेको छ । त्यसैगरी कक्षा १ को कुल प्रवेश दर १०८ दशमलब ३ रहेको छ । कक्षा १-५ मा खुद भर्ना दर ९६.५ रहेको छ । यो भर्नादर राष्ट्रियस्तरको यसै तथ्याङ्कभन्दा झण्डै एक प्रतिशतमात्र कम हो । यस तथ्याङ्कलाई विश्लेषण गर्दा प्राथमिक तहमा अझै पनि विद्यालय उमेरका ३.५ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेको देखिन्छ । कक्षा ५ सम्म टिकाउ दर ८५ प्रतिशत रहेको छ भने कक्षा ५ पूरा गर्ने विद्यार्थीहरूको प्रतिशत ८६ रहेको छ जुन राष्ट्रिय स्तरको तथ्याङ्कको हाराहारीमा नै देखिन्छ । कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क राष्ट्रियस्तरमा ०.०६ रहेको छ भने यस गाउँपालिकामा शून्य.०.९५ रहेको छ जुन झन्डै लैङ्गिक समता शतप्रतिशतको हाराहारीमा छ । कक्षा १-८ को खुद भर्ना दर ९६.८ रहेको छ। अझैपनि झन्डै तीन प्रतिशत

बालबालिकाहरू विद्यालय बाहिर रहेको देखिन्छ कक्षा ८ सम्म टिकाउ दर यस गाउँपालिकामा ७४ प्रतिशत रहेको छ। त्यसैगरी कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर ७४ प्रतिशत रहेको छ।कक्षा १-८ को खुद भर्ना मा लैंगिक समता सूचक ०.९९ रहेको छ .आधारभूत तहमा महिला शिक्षकको प्रतिशत ४५.४५ रहेको छ।

त्यसैगरी माध्यमिक तहको शिक्षाको विश्लेषण गर्दा कक्षा ९-१० मा अध्ययन गर्ने बालबालिकाहरूको भर्नादर १०१.९ रहेको छ भने खुद भर्ना दर ७९ प्रतिशत रहेको छ।अझै पनि कक्षा ९-१० मा १३ १४ बर्ष उमेर समुहका २१ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेको देखिन आउछ। कक्षा ९-१२ मा खुद भर्नादर ५२.७ रहेको छ भने कुल भर्ना दर ८३.१ रहेको छ। माध्यमिक शिक्षा तर्फ विद्यालय जाने उमेरका बालबालिकाहरू अझैपनि २१% विद्यालय बाहिर नै रहेको देखिएतापनि ढिलो भर्ना हुने र विद्यालय उमेरमै तोकिएको उमेरमै कक्षा पूरा गर्न नसक्नु कारणले यस्तो तथ्याङ्क देखिन् आएको हो। कक्षा ९-१२ मा कुल भर्नादर ८३.एक रहेको छ भने ९-१२ को खुद भर्नादर ५२.७ रहेको छ। खासगरी ढिलोगरी कक्षा प्रबेश गर्ने र तोकिएको उमेर समूहमा कक्षा पास नगर्ने कारणले विद्यालय बाहिर रहेको देखिन आएको हो। कक्षा ९-१२ को कुल भर्ना दरमा लैङ्गिक समता सूचक ९१.२ रहेको छ आधारभूत तहबाट माध्यमिक तहमा transition दर ७५ प्रतिशत रहेको छ अर्थात आधारभूत तह पूरा गरेका मध्ये २५ प्रतिशत बालबालिका कि त माध्यमिक तहमा भर्ना हुँदैनन कि त यस गाउँपालिकाबाट अन्यत्र नै गई अध्ययन गर्दछन। कक्षा ९-१२ मा कार्यरत महिला शिक्षकको प्रतिशत ४ रहेको छ। माध्यमिक तहमा महिला शिक्षिकाहरूको संख्या ज्यादै न्यून छ। प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फ अध्ययन गर्ने बालबालिकाहरूको प्रतिशत १०.७ रहेको छ। मंगला गाउँपालिकामा एउटामात्र कृषि धार तर्फको प्राविधिक विद्यालय रहेको छ जहाँ कुल विद्यार्थी भर्नाको १०.७ प्रतिशतमात्र विद्यार्थी भर्ना रहेको देखिन्छ।

यस गाउँपालिकामा २०७४ सालमा गरिएको घरधुरी सर्वेक्षणको आधारमा १५ वर्षमाथिका प्रौढहरू ९६.४ प्रतिशत साक्षर रहेका छन् भने २०७५ सालमा मंगला गाउँपालिकालाई साक्षर गाउँपालिकाको रूपमा घोषणा समेत गरिसकिएको छ। कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात हेर्ने हो भने ९.५ विद्यार्थीको लागि एक शिक्षक पर्न आउँछ त्यसैगरी सामुदायिक विद्यालयको कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात हेर्दा १६:१ देखिन आउँछ अर्थात १ शिक्षक बराबर १६ विद्यार्थी पर्न आउँछ कक्षा १-८ मा भने शिक्षक विद्यार्थी अनुपात ११:१ रहेको छ। कक्षा ९- १० मा विद्यार्थी शिक्षकको अनुपात २१:१ रहेको छ।

शिक्षामा लगानी हेर्दा मंगला गाउँपालिकाको कुल बजेटको अधिकांश रकम शिक्षक तलब भत्तामा खर्च हुन्छ। यसका साथै गाउँपालिकाको कुल बजेटको ३४.६ शिक्षातर्फ विनियोजन भएको देखिन्छ। कुल बजेट बाट शिक्षा क्षेत्रमा विनियोजन गरिएको बजेट मध्ये आधारभूत तहका विद्यार्थीको लागि प्रति विद्यार्थी सरकारी खर्च रु ४७ हजार ३ सय र माध्यमिक तहका विद्यार्थीको रु ४० हजार ५ सय खर्च हुने

देखिन्छ । समग्रमा शिक्षा तर्फको बजेट विनियोजनलाई हेर्दा नकारात्मक भन्न मिल्दैन तापनि अधिकांश बजेट तलब भत्तामा खर्च हुने भएकोले शैक्षिक कार्यक्रममा बजेट खर्च अनुपात कम रहेको छ ।

## १.१० गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरू

### क) शैक्षिक समस्या

मंगला गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

१. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिरका रहिरहनु ।
२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु
३. माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु
४. शैक्षिक सुशासन कायम हुन नसक्नु उच्चशिक्षा प्रतिस्पर्धी उत्पादनमुखी र अनुसन्धानमूलक हुनसक्नु ।
५. संघीय सरकारबाट शिक्षामा पर्याप्त लगानी नहुनु
६. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु
७. निजीक्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवाभन्दा नाफामुखी बढी हुनु ।
८. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु ।
९. सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावको रोजाइमा पर्नु
१०. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता उत्तरदायित्व र उत्प्रेरणा कमी ।
११. शिक्षण पेशा रोजाइको पेशा हुन सकेको छैन शिक्षकहरूको मानमर्यादा समाजमा अन्य कर्मचारी वर्गको भन्दा तल हुनु ।
१२. विद्यालयको भौतिक अबस्था सन्तोषजनक छ यद्यपि विद्यालयहरू विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तार तीर ध्यान दिनु
१३. विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ। विद्यालयमा दण्डहीनता मौलाईरहेको छ शिक्षकले कक्षा कोठामा बिताउने समय झन्डै आधा मात्र रहेको छ । राम्रो शिक्षकलाई पुरस्कृत र अनुशासनहीन तथा आचारसंहिता विपरीत कार्य गर्ने शिक्षकलाई दण्ड हुन नसक्नु ।
१४. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु । शिक्षकको बृत्ती विकास अबैज्ञानिक र अपारदर्शी हुनु ।
१५. विज्ञान र गणित विषयका शिक्षकहरूको अझैपनि गाउँपालिकामा अभाव रहुनु प्राथमिक तहका शिक्षकहरूको संख्या बढी देखिएको भएतापनि कक्षा १-५ चलेको विद्यालयमा तीनजनामा प्रशिक्षकको व्यवस्था प्रभावकारी शिक्षण हुन नसक्नु ।

१६. कक्षागत शिक्षकको अभाव हुनु ।

१७. शिक्षकहरूको पेशागत विकास तालिम प्रसस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु ।

१८. कोभिड -१९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन आन्तरिक तथा बाह्य दुबै पक्षले गर्दा ज्यादै कठिन हुनु ।

१९. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ।

२०. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु ।

२१. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु ।

२२. कतिपय माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दीको अभाव भई न्यून वेतनमा तालिम अप्राप्त र लाईसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराइनु ।

२३. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।

२४. कतिपय विद्यालयहरूमा विद्यार्थी संख्या ज्यादै न्यून रहेको छ नीतिगत हिसावले नजिकको विद्यालयमा समायोजन गर्दा ५-६ वर्षका बालबालिकाहरूको समेत एक डेढ घण्टा हिँडेर नजिकको विद्यालयमा जानुपर्ने बाध्यताले विद्यालय समायोजन र तह घटाउने कार्य हुन नसक्नु ।

२५. वर्तमान परिवर्तित पाठ्यक्रमलाई शिक्षक सामु यथोचित तवरले प्रबोधीकरण गर्ने कार्य हुन सकेको छैन जसले गर्दा परिवर्तित पाठ्यक्रम र पाठ्यपुस्तक कक्षाकोठामा सही ढंगले प्रयोग हुन नसक्नु ।

२६. पाठ्यक्रम अध्ययन गरी पठनपाठन हुनुपर्नेमा विद्यार्थीको पाठ्य पुस्तकलाई नै मुख्य आधारभ मानी शिक्षण भएको पाइन्छ । पाठ्यक्रम र शिक्षक निर्देशिकाको कम प्रयोग हुनु ।

२७. दक्ष जनशक्ति स्रोत साधनको अभाव शिक्षकको अनिच्छा आदिले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन नसक्नु ।

२८. विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण शुन्य प्राय हुनु ।

२९. एउटै मात्र विद्यार्थी मूल्याङ्कनको साधन लिखित परीक्षालाई ब्रम्हाश्त्रको रूपमा प्रयोग गरीनु ।

३०. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु ।

३१. योग्यता पुगेको र बर्तमान शिक्षा नियमावलीले तोके अनुसारको प्रधानाध्यापक नियुक्त नहुन
३२. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी हुनु ।
३३. संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नितीगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता हुनु ।

**ख) चुनौतिहरू**

न्युन विद्यार्थी र न्युन शिक्षक बाट विद्यालय सञ्चालन गर्नु ,उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ,शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शुन्यमा झार्नु अपेक्षित सिकाइ उपलब्धि प्राप्ती, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु , सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्. त्यसै गरी सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवाला हरूबिच अपनत्व सिर्जना गर्नु ,सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु ,शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु ,सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु पनि शिक्षा क्षेत्रका चुनौतिहरू हुन ।

त्यसैगरी नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निसुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्ने , सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढंगले प्रयोग गर्न, विद्यालय शिक्षालाई प्रकोप शंकट तथा महामारी लगायतका प्रस्थिति प्रति उत्थानशील बनाउन, बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्न,बालबालिकाशरूको पोषण विद्यालय दिवा खाजा लगायत सरसफाई तथा स्वच्छता आधारभुत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्न, गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन, विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त गरि समावेशी र समतामूलक वातावरण सिर्जना गर्न, साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइ को अवसरमा वृद्धि गर्न र

विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने जस्ता विषहरू विद्यालय शिक्षाका चुनौतिका रूपमा रहेका छन।

**ग) अवसरहरू**

बालबालिकाहरू शिक्षालाई मौलिक हकको रूपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु, विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कहरूमा पर्याप्त सुधार हुनु, समावेशी सहभागिता मा वृद्धि हुनु सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम स्थानीय तह सम्म सर्वसुलभ हुनु माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र संघीय सरकार समेतको उत्तिकै चासो हुनु, तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु यसक्षेत्रका मुख्य अवसरहरू हुन्।

# परिच्छेद २ नयाँ शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधान बमोजिम तीनतहको शासकीय स्वरूप कार्यान्वयनमा रहेको छ। संविधानले तीन तह बिच समन्वय सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्य गर्न मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय शिक्षा सम्बन्धि एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी शिक्षालाई जीवनोपयोगी प्रतिस्पर्धी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामुलक पहुँच का लागि नीति तथा योजनाको आवश्यकता पर्दछ । शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रूपमा कार्यक्षेत्र समेत निर्धारण गरिएको अवस्थामा स्थानीय तहको आगामी शैक्षिक कार्यक्रमहरूलाई योजनावद्ध रूपमा सञ्चालन गर्नका लागि स्थानीय तहको शिक्षा क्षेत्र योजनाको आवश्यकता रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा ,खुला शिक्षा तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति निर्माण मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्यांकन गर्ने काम स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको उल्लेख गरेको छ । सामुदायिक, संस्थागत गुठी र सहकारीका विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन र नियमन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति, अनुगमन मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने कार्य पनि स्थानीय तहको रहेको छ । गाभिएका, बन्द गरिएका विद्यालयहरूको सम्पती व्यवस्थापन गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पति अभिलेख, संरक्षण र व्यवस्थापन विद्यालयको गुणस्तर अभिबृद्धि तथा सामग्री पाठ्य सामग्रीको वितरण सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी कार्य स्थानीय तहको रहेकोछ । त्यसैगरी विद्यालयको नक्साङ्कन अनुमति स्वीकृति समायोजन तथा नियमन सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण ,मर्मत सम्भार सञ्चालन र व्यवस्थापन आधारभूत तहको परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन ,विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन मिसिनका शिक्षा विद्यार्थी प्रोत्साहन तथा छात्रवृद्धि व्यवस्थापन र ट्युसन कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवा अनुमति र नियमनका कार्यहरू समेत स्थानीय तहको कार्य क्षेत्र भित्र रहेको छ । यसैगरी स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण प्रवर्द्धन र स्तरीकरण स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा ब्यबस्थापन माध्यमिक तहसम्म शैक्षिक कार्यक्रम समन्वय र नियमन सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन आय ब्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन शिक्षण

सिकाइ शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन कार्यहरू स्थानीय तहको रहेको देखिन्छ।

नेपाल सरकारले मिति २०७६ कार्तिक महिनामा स्वीकृत गरेको शिक्षा नीति बमोजिम स्थानीय सरकारको जिम्मेवारी निम्न अनुसार उल्लेख गरेको छ।

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
३. अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
४. निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
५. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
६. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
७. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
८. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,
१०. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
११. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
१२. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
१३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
१४. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
१५. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
१६. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

१७. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१८. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
१९. स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
२०. अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
२१. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,
२२. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
२३. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
२४. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
२५. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२६. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
२७. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
२८. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
२९. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
३०. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
३१. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
३२. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
३३. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
३४. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
३५. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
३६. स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
३७. अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
३८. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,
३९. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
४०. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
४१. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
४२. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
४३. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
४४. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका शिक्षा सम्बन्धि प्रतिवद्धता, दिगो बिकासका लक्ष्य सन् २०२२ भित्र अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती र सन् २०३० सम्म मध्यम आए भएको राष्ट्रको रूपमा स्तरोन्नती हुने लक्ष्य लिएको छ । ५बर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP 2073-78) चालु आवको असार मसान्त सम्ममा समाप्त हुँदैछ । यस सन्दर्भमा संघीय सरकारले शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा लैजाने तयारीमा रहेको छ ।

मुलकु संघीय संरचनामा गईसके पछि बदलिँदो राजनीतिक परिवेश ,नेपालको संविधानले प्रत्यभुत गरेका नागरिकका मौलिक हकको कार्यान्वयन राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवं प्रतिवद्धताहरू, प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्धेश्यहरू समेतको प्राप्तिकाका लागि योजना अपरीहार्य हुने भएकोले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिमा भएका मूलभुत पक्ष स्थानिय सरकार सन्चालन ऐन २०७४ ले तोकेका स्थानीय तहका काम कर्तव्य र अधिकार हरू समेतको प्रभावकारी कार्यान्वयनका गर्न आवश्यक भएकोले यो शिक्षा क्षेत्र योजनाको आवश्यकता अपरिहार्यता र सान्दर्भिकता र औचित्यता रहेको पुष्टि हुन्छ ।

र अवस्थामा प्रदेश तथा स्थानीय तहले समेत सोही प्रकृतिका दशवर्षे शैक्षिक योजना निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेका छन् त्यसैले मंगला गाउँपालिकाले पनि संघीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम दशवर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

## २.२ गाउँपालिकाको दीर्घकालीन सोच (Vision), ध्येय, उद्देश्य र रणनीतिहरू

### २.२.१ परिचय

दीर्घकालीन सोंच सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था मात्र नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरिएका हुन्छन । नेपाल सरकारले दीर्घकालीन सोचको रुपमा "समृद्ध नेपाल, सुखी नेपाली" निर्धारण गरेको छ । गण्डकी प्रदेशको दीर्घकालीन सोच "समृद्ध प्रदेश, सुखी प्रदेशवासी" रहेको छ । पन्धौँ योजनामा सामाजिक आर्थिक रुपान्तरणकालि मानव संसाधनको विकास दीर्घकालीन सोचको रूपमा उल्लेख रहेको छ भने शिक्षा नीति २०७६ मा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि" उल्लेख छ । सङ्घको शिक्षा क्षेत्र योजनामा दीर्घकालीन सोचलाई "**आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने**" तय गरिएको छ । मंगला गाउँपालिकाको आवधिक योजनामा समेत "**शिक्षा कृषि पर्यटन र पूर्वाधार समृद्ध र सुखी मंगला गाउँपालिकाको आधार**" भनी गाउँपालिकाको दीर्घकालीन सो निर्धारण भएको छ ।

माथि उल्लेखित दीर्घकालिक सोच ( Vision) विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालीन सोचलाई पालिका स्तरको शिक्षा क्षेत्रको योजना निर्माणमा परिच्छेद १ मा उल्लेख गरिएका गाउँपालिकाभित्रको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौति तथा अवसर र सम्भावनाहरूलाई समेत मध्य नजर गरी मंगला गाउँपालिका यस १० बर्षे शिक्षा क्षेत्र योजनाले समेत निम्न अनुसारको दीर्घकालिन सोच र गन्तव्य तय गरेको छ ।

### २.२.२. दीर्घकालीन सोच (Vision)

***गुणस्तरीय र ब्यबहारिक शिक्षा, स्वावलम्बी र आत्मनिर्भर नागरिकको अपेक्षा***

### २.२. ३ ध्येय (Mission)

वर्तमान समयको आवश्यकतालाई सम्बोधन तथा प्राप्त अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यताप्रति सचेत, तथा समता र समावेशितालाई आत्मसात गर्ने आफ्नो गाउँपालिकाप्रति गौरव गर्न सक्ने नागरिक तयार गर्ने,

### २.२.४ प्रमुख उद्देश्यहरू (Objectives)

यस गाउँपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण गर्दा गाउँपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतिहरूलाई सम्बोधन हुने गरि तयार गरिएको छ । सामान्य तया शिक्षा क्षेत्रका अधिकाँस

समस्या तथा चुनौतिहरू एक अर्को गाउँपालिका, प्रदेश र राष्ट्रिय स्तर र संघीय सरकारका एकै प्रकारका हुन सक्छन । त्यस कारण शैक्षिक परिवर्तन ल्याउन तयार गरिएका शिक्षाका उद्देश्य समेत संघीय सरकार प्रदेश सरकार र स्थानीय तहका समेत मिल्दा जुल्दा हुने भएकोले यस मंगला गाउँपालकिाको १० बर्षे शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छ ।

१. मंगला गाउँपालिकाभित्रका सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु
२. मंगला गाउँपालिकाभित्र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
३. यस पालिकाभित्र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु,
४. यस पालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा सबै वर्गका बालबालिकाहरूको पहुँच सुनिश्चित गरी प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु,
५. गा.पा.भित्र कार्यरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरूलाई प्रविधि मैत्री बनाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु,
६. सबै बालबालिकाहरूलाई बालमैत्री वातावरणमा शिक्षण सिकाइमा सहभागी गराउनु,
७. राष्ट्रिय पाठ्यक्रम प्रारुप ले तोके बमोजमि पालिकास्तरमा स्थानीय पाठ्यक्रमको कायान्वयन मार्फत स्थानीय मूल्य मान्यता प्रविधि र सीप समेतको प्रबर्धन गर्नु
८. सबै विद्यालयहरूमा शैक्षिक सुशासनको प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,
९. गा.पा.भित्रका सबै विद्यालय तहमा विद्यालय शिक्षाको समतामूलक पहुँच र समावेशी सहभागितामा सबैका लागि प्रविधियुक्त र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,
१०. गाउँपालिकाभित्र सबै विद्यालयहरूमा आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,

## २.२.५ दीर्घकालीन रणनीतिहरू

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन्:

१. गाउँपालिकाभित्रमा विद्यालय शिक्षामा सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने,
२. विद्यालय शिक्षा गुणस्तर र प्रविधिमा सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र सबैको पहुँचमा केन्द्रित गराउने,

३. सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्ने ।

४. सबै सहज, असहज परिस्थितिमा समेत शैक्षिक क्रियाकलापमा सबैको पहुँच सुनिश्चित गर्ने,

५. यी रणनीतिक प्राथमिकतामा आधारित भई यस योजनाको कार्यान्वयनको लागि निम्न लिखित रणनीतिहरू तय गरिएको छः

६. बालविकास केन्द्र नरहेका विद्यलयहरूमा अनिवार्य रुपमा बालविकासकेन्द्रको स्थापना गर्ने

७. तोकिएको मापदण्ड नम्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास केन्द्रको स्थापना र ब्यबस्थापन गर्ने

८. बालविकासकेन्द्रमा सिकाई सामग्री र सूचना तथा संचार प्रविधि सहितको कक्षा कोठा ब्यबस्थापन सहित भौतक सुविधा विस्तार गर्ने

९. शिक्षा ऐन, नियमावली अनुकूल स्थानीय तहमा समेत शिक्षा ऐन, नियम निर्माण गरी निश्ति वैज्ञानिक र व्यवहारिक मापदण्डका आधारमा भौगोलिक नक्साङ्कन समेत गरी गा.पा.ले आवश्यकता अनुसार विद्यालय स्थापना समायोजन तथा पुनःवितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चिता गर्ने

१०. गा.पा.भित्रका विद्यालयहरूमा आफ्नै स्रोतका साथै सङ्घीय सरकार र प्रदेश सरकारको समन्वय र सहयोग र सहजीकरणमा विद्यालयहरूको भौतिक आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापनमा विकास गर्दै आधारभूत प्रवर्द्धन गर्ने,

११. गाउँपालिकाभरिका विद्यालयहरूमा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच र समावेशिता सुनिश्चित गरी सङ्घ र प्रदेशको समन्वयमा विद्यालयहरूको सबै क्षेत्रका क्षमता सुधार गरिनेछ,

१२. गाउँपालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा गरिब, दलित, पिछडिएको वर्ग लगायत सम्पूर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक तथा भौतिक शैक्षिक रुपमा विद्यालयको क्षमता विस्तार गरिनेछ,

१३. गाउँपालिकाभित्र आधारभूत तथा माध्यमिक प्राविधिक शिक्षासमेतमा शिक्षाको सान्दर्भिक र सहजीकरणका लागि सूचना प्रविधियुक्त शिक्षण सिकाइ वातावरण तयार गर्न शिक्षक शिक्षा तथा तालिम र मूल्याङ्कन प्रणालीमा सुधार गरिनेछ ।

१४. गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा स्थानीय सरकारको अगुवाइ, सङ्घीय र प्रदेश सरकारको सहयोग र सहजीकरणमा विद्यालयलहरूले भौतिक आर्थिक शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको प्रवर्द्धन गर्नेछन् ।

१५. वैकल्पिक प्रणाली सहजीकरण गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिनेछ ।

१६. गाउँपालिकाभित्र शिक्षामा सहजपहुँच स्थापना गर्न अभिभावकहरू आय आर्जन तथा अनौपचारिक शिक्षाको परिभाषासहित दिगो सामुदायिक विकासको प्रवर्द्धन गरिनेछ।

१७. बालबालिका पोषणको अवस्था तथा स्वास्थ्यमा पुग्ने गरी दिवा खाजाको प्रवन्ध सङ्घीय सरकारको सहयोगमा गरिने छ । यसबाट गरिब, सुविधाविहीन कठिन परिस्थितिमा रहेका अपाङ्गता बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिनेछ।

१८. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयमा नेतृत्व प्रणालीमा सुधार, प्रविधियुक्त शिक्षण व्यवस्था, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा संयन्त्रको विकास गरिनेछ।

१९. गाउँपालिका स्तरमा विद्यार्थी उपलब्धिको आधारमा विद्यालयको कार्य सम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूको आधारमा सुधार गर्ने पद्धति विकास गरिनेछ।

२०. समृद्ध मंगला गाउँपालिकाको नारालाई सफल बनाउन अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाइने छ।

## २.२.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य वि.स. २०८८ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. मंगला गाउँपालिकाभरिका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने,

२. गाउँपालिकाभरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,

३. मंगला गाउँपालिकाभरि माध्यमिक शिक्षामा सूचना प्रविधिसहितको शिक्षण हुने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय शिक्षामा सुधार आउने,

४. गाउँपालिकाभरि पछि परेका गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने,

५. गाउँपालिका शिक्षा शाखा लगायत गाउँपालिकाभरिका विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,

६. योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने,

७. गाउँपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,
८. विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने,
९. सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने,
१०. सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने,
११. गाउँपालिकाभरिका विद्यार्थीहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,
१२. सबै विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्ने,
१३.गाउँपालिकाभरिका विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने,

## २.७ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ

| क्र.सं. | सूचक | आधार वर्ष (राष्ट्रिय) | आधार वर्ष (पालिका) | लक्ष्य | |
|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८८ |
| **१** | **प्रारम्भिक वालविकास शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर * (%) | ८६.४ | ७७.६ | ९२ | ७७.६ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ६८.७ | ८०.६ | १०० | १०० |
| **२.** | **आधारभूत शिक्षा (१-८)** | | | | |
| २.१ | कक्षा १ मा खुदप्रवेश दर | ९६.८ | ९७ | १०० | १०० |
| २.२ | कक्षा १ मा कूल प्रवेश दर | १२१.९ | १०८.३ | १०२ | १०२ |
| २.३ | कक्षा १-५मा खुद भर्ना दर | ९७.१ | ९६.५ | ९९.५ | ९९.५ |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर | ११९.३ | १०८.६ | १०२ | १०२ |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | | ८५ | ९१ | ९१ |
| २.६ | प्राथमिक कक्षा ५ पूरा गर्ने दर | NA | ८६ | ९२ | ९२ |
| २.७ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | NA | ०.९५ | १ | १ |

| क्र.सं. | सूचक | आधार वर्ष (राष्ट्रिय) | आधार वर्ष (पालिका) | लक्ष्य | |
|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८८ |
| २.८ | कक्षा १-८ मा खुद भर्ना दर | ९३.८ | ९६.८ | १०० | १०० |
| २.९ | कक्षा १-८ मा कूल भर्ना दर | ११०.४ | १०६.३ | १०१.५ | १०१.५ |
| २.१० | कक्षा ८ सम्मको टिकाउ दर | ७९.३ | ७४ | ७९ | ७९ |
| २.११ | कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | ७२.७ | ७३ | ८० | ८० |
| २.१२ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९८ | ०.९९ | ०.९९ | ०.९९ |
| २.१३ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | ४३.७ | ४५.४५ | ५० | ५० |
| **३.** | **माध्यमिक शिक्षा (९-१२)** | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर | ९४.६ | १०८.९ | १०३.५ | १०३.५ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | ६८.७ | ७९ | ९० | ९० |
| ३.३ | कक्षा ९-१२ मा खुद भर्ना दर | ४७.६ | ५२.७ | ७३ | ७३ |
| ३.४ | कक्षा ९-१२ मा कुल भर्ना दर | ७१.४ | ८३.१ | ९० | ९० |
| ३.५ | कक्षा ११-१२ मा कूल भर्ना दर | ५१.५ | ५०.० | ७५ | ७५ |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्ना दर | २५.८ | २६.३ | ४२ | ४२ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६०.३ | NA | ७५ | ७५ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २४ | NA | ३५ | ३५ |
| ३.९ | कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९-१२ | १.०१ | १.२ | | |
| ३.१० | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | NA | ७५.० | १०० | १०० |
| ३.११ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | २०.६ | ४.० | १५ | १५ |
| ३.१२ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | NA | १०.७ | २० | २० |
| ३.१३ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | NA | NA | ६५ | ६५ |
| **४.** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाइ** | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ५८ | ९६.४ | १०० | १०० |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ७८ | ९७ | १०० | १०० |
| ४.३ | साक्षरता दर (१५–२४ उमेर समूह) (%) | ९२ | ९८ | १०० | १०० |
| **५.** | **सुशासन तथा व्यवस्थापन** | | | | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | NA | ९.५:१ | २०:१ | २०:१ |
| ५.२ | कक्षा६-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | NA | १६:१ | २६:१ | २६:१ |
| ५.३ | कक्षा१-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | NA | ११:१ | १८:१ | १८:१ |
| ५.४ | कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | NA | २१:१ | २८:१ | २८:१ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | NA | २२:१ | ३०:१ | ३०:१ |
| **६.** | **शिक्षामा लगानी** | NA | | | |

| क्र.सं. | सूचक | आधार वर्ष (राष्ट्रिय) | आधार वर्ष (पालिका) | लक्ष्य | |
|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८८ |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत | NA | ३४.६ | ३६ | ३६ |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | NA | ४७.३ | ४८ | ४८ |
| ६.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | NA | ४०.५ | ४८ | ४८ |

# परिच्छेद तीनः शिक्षाका क्षेत्रहरू

## ३.१ परिचय

मंगला गाउँपालिकाले विद्यालयको शैक्षिक सुधारका लागि निर्माण गरेको यो १० वर्षे शैक्षिक योजना हो। यस योजनामा विभिन्न उपक्षेत्रहरू निर्माण गरी योजनालाई व्यवस्थित गरिएको छ । योजनाको पहिलो परिच्छेदमा वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। समीक्षाले आवश्यकता र प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद २ मा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ। यस परिच्छेद भित्रका उपक्षेत्र भित्र बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा उच्च शिक्षा, अनौपचारिक शिक्षाको पहिचान गरी चुनौती पहिचान गरिएको छ। पाठ्यक्रम तथा मूल्याङ्कन् र शिक्षक विकास जसता उपक्षेत्रसँग अन्तर विषयको वर्तमान अवस्था समीक्षा गरी चुनौती पहिचान गरिएको छ।

प्रत्येक क्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाको उद्देश्य, चुनौतीहरूको सामना गरी उद्देश्य प्राप्तिका लागि उपक्षेत्रगत रणनीतिहरू प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ। यस खण्डमा नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण मौलक अधिकार, निजी संरचना, शिक्षा सम्बन्धी नीति, दिगो विकासको लक्ष्य, अन्तराष्ट्रिय क्षेत्रमा शिक्षा सम्बन्धी प्रतिवद्धता, पन्ध्रौ योजनालाई समेत आधार लिने र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को संरचनालाई समेत महत्वपूर्ण आधार मानिएको छ । यसैको आधारमा यस उपक्षेत्रहरूमा वर्तमान अवस्थाको समीक्षा गरी चुनौति पहिचान गर्नुका साथै योजनाका लागि उद्देश्य, रणनीतिहरू प्रमुख नतिजा आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

## ३.२ प्रारम्भिक बालविकास र शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो। यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक ,मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ। नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०६७ मा चार वर्ष उमेर पुगेका बालबालिकाकोलागि एकवर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिईएको सन्दर्भमा मंगला गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ। यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्याउनको लागि सरकारी तथा गैह्र सरकारी संस्था, स्थानीय सरकार, सामुदाय, विद्यालयहरू तथा

आम सरोकारवालाहरूले हातेमालो वा सहयोग हुन आवश्यक छ।यस योजना अवधिका लागि प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निम्नानुसार उल्लेख गरिएको छ:

### ३.२.२ वर्तमान अवस्था

मंगला गाउँपालिक अन्तर्गत कुल ४४ वटा बालविकास केद्रहरू रहेका छन्। यी मध्ये ७ बालविकास केन्द्र समुदायद्वार सञ्चालित छन् भने ३७ बालविकास केन्द्रहरू विद्यालयमा सञ्चालित छन्। बालविकास केन्द्र नभएका २ विद्यालयहरू रहेका छन्। गाउँपालिका भित्र ३ वर्ष उमेर समूहका ३८७ र ४ वर्ष उमेर समूहका ३८१ गरी कुल ७६८ वालवालिकाहरू रहेका छन्। यिनीहरू मध्ये मंगला गाउँपालिका भित्र सञ्चालित बालविकास केन्द्रमा जम्मा ६३४ वालवालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। उमेर नपुगेका वालवालिका समेत बालविकास केन्द्रमा जाने गरेको पाइन्छ। बालविकास केन्द्रका जम्मा ४४ स.का.हरू मध्ये आधारभूत तालिम प्राप्त ७ र बाँकी ३७ तालिम अप्राप्त छन्। बालविकास केन्द्र सञ्चालनका लागि छुट्टै भवन तथा कक्षा कोठा व्यवस्थापन गर्न कठिनाइ रहेको छ। विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सन्तोषजनक देखिए पनि समुदायमा आधारित बालविकास केन्द्रहरूको व्यवस्थापन कमजोर रहेको छ। बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको सेवा, सुविधा समेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ।

### ३.२.३ उद्देश्य

सबै वालवालिकाहरूलाई गुणस्तरीय बालविकास शिक्षाको अवसर सुनिश्चित गर्न निम्न लिखित विशिष्ट उद्देश्यहरू किटान गरिएको छः

१. चार वर्ष उमेरका सबै वालवालिकाहरूलाई बालविकास शिक्षामा पहूँच बनाउनु
२. उमेर समुहका वालवालिकाहरूलाई सर्वाङ्गीण विकास सहित आधारभूत शिक्षाको तयारीमा पहूँच बढाउनु
३. बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु
४. सबै वालवालिकाहरूलाई वालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु

### ३.२.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

१. संघिय सरकारले अवलम्बन गरिएको मापदण्ड नम्स र ढाँचा अनुसार अनुदानका अधारमा बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिने छ।

२. प्रदेश सरकारको सहयोगमा क्षमता विकास समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्ने
३. बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन पुनर्वितरण र नयाँ स्थापनाको व्यवस्था गरिने छ
४. भोगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि नमूना विकास गरी पहुँच सुनिश्चित गरिने छ।
५. गुणस्तर सुनिश्चित गर्न सिकाइको अवश्यकता सम्बोधन गर्न पाठ्यक्रमको कार्यान्वयन गरिने छ।
६. बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्रको मापदण्ड अनुसार कार्यान्वयन गरिने छ
७. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार समुदाय सङ्घसंस्था निजी क्षेत्र र विद्यालयलाई जिम्मेवारी गराइने छ

## ३.२.५ उपलब्धि ,नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै वालवालिकाहरूलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चत हुने

खं) प्रमुख नतिजाहरू

१. चार वर्ष उमेर समूहका सबै वालवालिकाहरूलाई एक वर्षको शिक्षा कार्यक्रममा सहज पहूँच हुने
२. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने
३. मन्टेश्वरी तालिमप्राप्त शिक्षक र वालवालिकाको हेरचाहका लागि सहायक कर्मचारी सहितको बालविकास केन्द्र रहने
४. समयअनुसारको पाठ्यक्रम परिमार्जन गरी उनीहरूको विकासात्मक र सिकाइ अवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चत हुने
५. वालवालिकाको अवश्यकता अनुसार घर, समुदाय, कार्यक्षेत्र र घुम्ती बालविकास केन्द्रको नमूनाहरू विकास हुने
६. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, सङ्घसंस्था र विद्यालय जिम्मेवार हुने

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिका नं. ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास | बाबिके | २२ | २२ | | | | ४४ | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | | | | | | | | | |
| २ | प्रारम्भिक बालविकासको नक्साङ्कन र अनुमति | सङ्ख्या | १ | १ | १ | | | ३ | | |
| ३ | दुर्गम लक्षित वर्गका वालवालिकालाई वैकल्पिक बालविकास केन्द्र सञ्चालन गर्ने | सङ्ख्या | १ | १ | | | | २ | | |
| ३ | बालबिकास केन्द्रको पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | | | २२ | २२ | | | | |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालय सहित कक्षा कोठाको व्यवस्था | वटा | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | वालउद्यान र खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्था | बाबिके | ८ | ८ | ८ | ८ | १२ | | | |
| ६ | अभिभावक शिक्षा | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| ७ | सहजकर्तालाई मन्टेश्वरी तालिम | जना | ९ | ९ | ९ | ९ | ८ | | | |
| ८ | स्वास्थ्य परीक्षण, खोप अभिलेख , वृद्धि अनुगमन र कुपोषित वालवालिकालाई आवश्यक प्रबन्ध | जना | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | |
| ९ | व्यवस्थापन समितिका पदाधिकारीलाई | केन्द्र | | | १५ | १५ | १४ | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | अभिमुखीकरण | | | | | | | | | |
| १० | शैक्षिक सूचना प्रणालीमा पाठ्यक्रम कार्यान्वयन | केन्द्र | | | १५ | १४ | १५ | | | |
| ११ | अनुगमन, सपरीवेक्षण सहयोग तथा सहजीकरण | केन्द्र | ४४ | ४४ | ४४ | ४४ | ४४ | | | |
| १२ | सहयोगीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | | | |

# ३.३ आधारभूत शिक्षा

## ३.३.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गुणस्तरीय जीवनयापन र सामाजिक समायोजन सहयोग गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रुपमा लिएको हुनाले यस तहलाई समतामूलक पहुँच पु¥याई व्यक्तिको मौलिक अधिकारको रुपमा लिइएको छ। यस तहको शिक्षामा समता र गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने, अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ। यस तहको शिक्षालाई स्थानीय तहको एक अधिकार र सङ्घ र प्रदेशको पनि दायित्व रहेको छ। आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखि ८ सम्मको शिक्षा पहुँच गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतिहरू पहिचान गरी आगामी १० वर्षको लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

## ३.३.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ :

| | |
|---|---|
| कक्षा १–५ को खुद भर्नादर | ९६.५ |
| कक्षा १–८ को खुद भर्नादर | ९६.८ |
| आधारभूत तह पूरा गर्ने दर | ७३ |
| कक्षा ८ को टिकाउ दरः | ७४ |

यस गाउँपालिकामा ४३ वटा विद्यालयहरू आधारभूत तह सञ्चालित छन्। जसमा ३ वटा संस्थागत विद्यालय रहेको छ। कक्षा १ देखि ८ सम्म कूल विद्यार्थी ६०५ जना अध्ययनरत छन् भने कक्षा १–५ मा २८९ जना विद्यार्थीहरू अध्ययनरत रहेको पाइन्छ। अझै पनि विद्यालय उमेर समूहका २.४ बालबालिका विद्यालय बाहिर रहेका छन्।

यस तहको शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिका कारणले असमानता रहेको। दलित छात्राहरूको अति गरिबी विद्यालयको पहुँच पुऱ्याउन कठिन छ। विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ।

बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण स्वास्थ्य सरसफाइ दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ । पेशागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइ स्तर न्युन छ । कोभिड महामारीको कारणले अवरुद्ध भएको शिक्षण सिकाइले थप समस्या सिर्जना भएको छ । प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सुधारको आवश्यकता छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेशागत विकास, अनुगमन सुपरीवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइप्रति विद्यार्थी जवाफदेही भई विद्यालयमा आवश्यक न्युनतम सिकाइ पूर्वाधार र वातवारण तयार गर्नुपर्ने छ । केन्द्र प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । त्यसै गरी प्र.अ.मा शैक्षिक नेतृत्व, व्यवस्थापन सीप शिक्षकको तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण, अनुगमन सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरूको सहभागिता बढाई वि.व्य.स. र शि.अ.सङ्घको विकासमा ध्यान दिनुपर्ने देखिन्छ । हाल यस गाउँपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयमा गाउँपालिकाको कुल विद्यार्थी संख्यामध्ये १०.७० प्रतिशत विद्यार्थी अध्ययनरत छन् । बालबालिकालाई सामुदायिकमा ल्याउन सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नुपर्ने देखिन्छ ।

माथि गरिएको विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू देखिएका छन् :

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
३. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सनिश्चित गर्ने,

७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने,
८. पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने,
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resliient) बनाउने,
११. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने,
१२. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,
१३. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने,
१४. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउने

### ३.३.३ उद्देश्य

यस योजनाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ। यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील (Resliient) र जवाफदेही बनाउनु,
६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. संघीय मापदण्डअनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्नेछन् ।

२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने छन् ।

३. स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरणसङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक अनौपचारिक खुला परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम आवासीय सुविधा आदि) मिलाउने छन् ।

४. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

५. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिने छ ।

६. न्युनतम् सक्षमता पूरा गराउन स्थानीय तहले संघीय र प्रदेश सरकारसँग समन्वय गर्ने,

७. कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था र तालिम, तयारी, प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

८. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घसंस्थाको सहकार्यमा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नेछन् ।

११. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ ।

१२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र विद्यालयले दिवाखाजा व्यवस्थापन गर्नेछन् ।

१३. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउने

१४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resliient) बनाउने योजना तयार गरी कार्यान्वयन गर्नेछन् ।

१५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने छ ।

१६. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गरिने छ ।

१७. संघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी स्थानीय तहका लागि दरवन्दी निर्धारण गर्नेछन् र स्थानीय तहले आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिनेछ ।

१८. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरिने छ ।

१९. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारमा क्षेत्र पहिचान गरिने छ ।

२०. शिक्षक पेशागत विकास र सहायता प्रणालीलाई व्यवस्थित गरिने छ ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**ख) प्रमुख नतिजाहरू**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने ।

२. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा हुने,

३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

३. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

५. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने ।

६. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।

७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and target)**

तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ | २ | |
| २ | प्रत्येक शिक्षकलाई ल्यापटप वितरण | सङ्ख्या | | २८ | २८ | २८ | २८ | ११२ | १४० | |
| | शिक्षकहरूलाई आइसिटी तालिम | सङ्ख्या | | २८ | २८ | २८ | २८ | ११२ | १४० | |
| ३ | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था | सङ्ख्या | | | | | | | | संघीय सरकारसँग माग गर्ने |
| ४ | आधारभूत तहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ५ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर) | विद्याल य | | १० | १० | १० | १० | ४० | ४० | |
| ६ | विद्यालयको कार्य सम्पादन परीक्षण | विद्यालय | | | १० | १५ | १५ | ४० | ४० | |
| | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | | | | १० | १५ | १५ | ४० | ४० | |
| ७ | स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधिकरण र कार्यान्वयन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ९ | प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिबाट बच्न सचेतनामूलक कार्यक्रम | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| १० | सिकाइमा सूचना तथा सञ्चारप्रविधिको प्रयोग र क्षमता विकास | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ४० | |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ११ | शिक्षक पेशागत, विकास र सहायता | संख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | |
| १३ | छात्रवृत्ति, अति गरिबी र लक्षित समूह (पोशाक, शैक्षिक सामग्री) | संख्या | १००० | १००० | १००० | १००० | १००० | | | |
| १४ | नि:शुल्क पाठ्यपुस्तक | विद्यार्थी | २१०० | २१०० | २१०० | २१०० | २१०० | १०५०० | | |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने | शिक्षक | | | १४० | | | | | |
| १६ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | | |
| १७ | विद्यालय वि.व्य.स., शि.अ.स. पदाधिकारीहरु को क्षमता विकास र अभिभावक | विद्यालय | | १० | १० | १० | १० | | | |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | अभिमुखीकरण | | | | | | | | | |
| १८ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवसीय विद्यालय | विद्यालय | | | | १ | | | | |
| १९ | प्रारम्भिक कक्षा सीप विकास कार्यक्रम | सङ्ख्या | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| २० | CB-EGRA कार्यक्रम | सङ्ख्या | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |

## ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ। यसले कक्षा १- ८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। माध्यमिक तहको शिक्षाको काम कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ। नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ। रा.शि.नि. २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहूँच निशुल्क हुने व्यवस्था उल्लेख गरेको छ। विज्ञान प्रविधि तथा नवप्रर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ।

वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधरण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ। कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागु गरिएको छ। प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ। संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चत गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ।

### ३.४.२ वर्तमान अवस्था

मंगला गाउँपालिकाभित्र ३ वर्षदेखि १६ वर्ष उमेर समूहका वालवालिकाहरू जम्मा १८३०१८ रहेका छन्। आधारभूत तह ( १- ८) मा भर्ना हुने उमेरका वालवालिका २३०७ छन् भने माध्यमिक तहमा ९५३ रहेका छन्। यस गाउँपालिकाभित्र जम्मा ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। यी मध्ये ४० वटा सामुदायिक विद्यालय रहेका छन्। उच्च शिक्षा तर्फ एक मंगला शिक्षा क्याम्पस सञ्चालनमा रहेको छ। बालविकास केन्द्र ४४, आधारभूत तह (१-५) सञ्चालित २६, आधारभूत तह (१-८) सञ्चालित ७, माध्यमिक (१-१०) सञ्चालित ४ र माध्यमिक ( १- १२) सञ्चालित ३ विद्यालयहरू रहेका छन्। प्राविधिक धार तर्फ १ विद्यालय रहेको छ। साक्षरता दर ( १५- ६० ) जनसङ्ख्यामा ९६.४% रहेको छ। शैक्षिक सत्र २०७६/२०७७ अनुसार आधारभूत तह (१-५ ) मा खुद भर्ना दर ९६.५ र सहजै देखिने भर्ना दर १०८.६ रहेको छ भने आधारभूत तह (६-८ ) मा खुद भर्ना दर ९७.३ र सहजै देखिने भर्ना दर १०२.८ रहेको छ। माध्यमिक तह ( ९-१०) मा खुद भर्ना दर ७९ र सहजै देखिने भर्ना दर १०८.९ रहेको छ। माध्यमिक तह ( ११- १२ ) मा खुद भर्ना दर २६.३ र सहजै देखिने भर्ना दर ५० रहेको छ।

आधारभूत तह कक्षा १-५ मा कुल १३१ शिक्षक दरबन्दी रहेको छ भने आधारभूत तह कक्षा ६-८ मा ३४ शिक्षक कार्यरत रहेका छन्। माध्यमिक तह कक्षा ९- १० मा १९ र माध्यमिक तह कक्षा ११- १२ मा ६ शिक्षक कार्यरत छन्। बालविकास केन्द्रमा ४४ स.का हरू कार्यरत छन्।

### ३.४.३ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः

१. माध्यमिक तहमा सबैको पहूँच सुनिश्चत गर्नु
२. माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु
३. माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु
४. खुद भर्नादर बढाउनु
५. विद्यालयलाई वालमैत्री, समावेशी र सुरक्षित बनाउनु
६. विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु
७. शिक्षण सिकाइ क्रियाकलाप समय सपेक्ष बनाउदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु
८. आपतकालीन अवस्थामा समेत शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु
९. माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी व्यवस्था र वृत्ति विकास जोड दिनु
१०. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना तथा व्यवस्थापन गर्नु
११. आवसीय विद्यालयका साथै यातायातको सुविधा विस्तार गर्नु
१२. आवश्यकतानुसार प्राविधिक धारका विद्यालयहरूको स्थापना र व्यवस्थापन गर्नु
१३. विद्यार्थीहरूलाई भूकम्प, बाढी पहिरो, आगो लागी जस्ता प्राकृतिक प्रकोप, महामारी, दुर्घटना इत्यादि विपदमा सुरक्षित हुँदै एक अर्कामा सहयोगी भावनाको विकास गर्नु
१४. विद्यार्थीहरूमा पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्नु

### ३.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै वालवालिकको पहूँच सुनिश्चित गर्न विद्यालयको पुनर्वितरण तथा समायोजन गरिने छ
२. अति गरिब र समावेशीता आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गरिने छ।
३. नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिने छ।

४. संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गरिनेछ।

५. संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेशागत र पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ

६. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गरिने छ।

७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गरिने छ।

८. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन् प्रणालीको व्यवस्थापन गरिने छ।

९. गरेर सिक्ने ( learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइने छ।

१०. सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै स्टिम(STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरिने छ

११. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गरिने छ

१२. विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरूस्त राख्न यातायातका साधनको व्यवस्था गरिनेछ।

१३. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइने छ।

१४. विद्यालयमा सुरक्षा गार्डको व्यवस्थापनमा जोड दिइने छ।

१५. शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिने छ।

१६. संघीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गरिने छ।

१७. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप ( संगीत, नृत्य, गायन, खेलकुद आदि ) को स्तरन्नोति गर्न शिक्षकको व्यवस्थापन गरिने छ।

१८. सुविधासम्पन्न वालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिने छ।

१९. घेरावार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिइने छ।

२०. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभाकारी बनाइने छ।

२१. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन,कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिने छ।

२२. सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना, गणित, अङ्ग्रेजी लगायत अन्य

विषयका शैक्षिक सामाग्रीको व्यवस्था र प्रयोगमा वृद्धि गरिनेछ।

२३. हाल सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको उचित व्यवस्थापन गर्दै आवश्यकताका आधारमा स्थान अनुसार थप विद्यालय स्थापनामा जोड दिइने छ।

२४. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गरिने छ।

२५. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड दिइने छ

२६. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गरिनेछ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहूँच भई गुणस्तरमा सुधार हुने।

**ख) नतिजा**

१. सबै वालवालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहूँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर वृद्धि हुने

२. सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने

३. माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने

४. माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने

५. विद्यालयहरू बालमैत्री, समावेशी र सुरक्षित हुने

६. विद्यार्थी, शिक्षक, प्रशासक, सरोकारवालाहरू जवाफदेही हुने

७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने

८. विद्यार्थीहरू विभिन्न सामाजिक कार्यहरू( जु.रे.स., वालक्लव, स्काउट आदि ) मा संलग्न रही प्राकृतिक प्रकोप तथा विपदमा सहयोगीका रूपमा सहभागी हुने

९. कम्तीमा एउटा माध्यमिक विद्यालय आवासीय विद्यालयको रूपमा स्थापना हुने

१०. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भइ पेश प्रति उत्प्रेरित हुने

११. शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भइ शैक्षिक समाग्री निर्माण र प्रयोगमा क्रियाशील रहने

१२. प्रत्येक माध्यमिक विद्यालयमा विषयगत ल्यावको व्यवस्था हुने,

१३. सबै माध्यमिक विद्यालयका एक शिक्षक एक ल्यापटपको व्यवस्था भएको हुने

१४. सबै माध्यमिक विद्यालयमा एक जना स्वास्थ्यकर्मीको व्यवस्था भएको हुने,

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.३ माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि:शुल्क पाठ्यपुस्तक वितरण (९-१२) | सङ्ख्या | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६००० | |
| २. | विद्यालय नक्साङ्कन्, स्तरोन्नति | पटक | | १ | | | | १ | २ | |
| ३ | प्राविधिक धारको विद्यालय स्थापना | सङ्ख्या | | | २ | | | २ | ४ | |
| ४ | शिक्षणमा स्टिमको प्रयोग | सङ्ख्या | | | | ७ | | ७ | १४ | |
| ५ | विषयगत दरबन्दी निर्धारण, सिर्जना र वितरण गर्ने | सङ्ख्या | | | ५ | १० | १५ | ३० | ३० | |
| ७ | आवासीय विद्यालयको विकास | सङ्ख्या | | १ | | | | १ | २ | |
| ८ | विद्यालयमा यातायातको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | विद्यालय सुपरीवेक्षण र शिक्षक सहायता | निरन्तर | | | | | | | | |
| १० | विद्यालयको भौतिक पूर्वाधार विकास (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, घेराबार, वालउद्यान) | विद्यालय | १ | १ | १ | ३ | ४ | १० | ४० | |
| ११ | विषयगत प्रयोगशालाको व्यवस्था | विद्यालय | १ | १ | १ | २ | २ | ७ | १४ | |
| १२ | विपद व्यवस्थापनमा वालक्लव, जु.रे.स., र स्काउटको प्रयोग | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | ४० | |
| १३ | विपद् व्यवस्थापनको लागि क्षमता अभिवृद्धि पूर्व तयारी | विद्यालय | ७ | ७ | ७ | ७ | १२ | ४० | ४० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता वृद्धि | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | ४० | |
| १५ | वि.व्य.स., शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | | ३५ | ३५ | ३५ | ३५ | १४० | २८० | |
| १६ | शिक्षक तालिमको व्यवस्था | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १७ | माध्यमिक तहमा भर्ना र टिकाउ वृद्धि गर्न आकर्षक छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | | १०० | १०० | २०० | १०० | ५०० | १००० | |
| १८ | विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय | | २ | २ | २ | १ | ७ | १४ | |
| १९ | स्वास्थ्य परीक्षण, स्वास्थ्य सचेतना | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | ४० | |
| २० | गरिब र जेहेन्दारलाई सहयोग | सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| २१ | सिकाइ सामाग्री निर्माण | विद्यालय | | ७ | ७ | ७ | ७ | २८ | ४० | |
| २२ | भौतिक संरचना नियमित मर्मत र सम्भार अनुदान | विद्यालय | | ७ | ७ | ७ | ७ | २८ | ४० | |
| २३ | एक शिक्षक एक ल्यापटको व्यवस्था अनुदान | शिक्षक | | ७ | १४ | १४ | ५ | ४० | ४० | |

# ३.४ उच्च शिक्षा

## ३.४.१ परिचय

नेपालको संविधानले उच्च शिक्षा प्राप्त गरिसकेपछि न्युन, मध्यम, दक्ष र उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । स्नातक उत्तीर्णपछि मध्यम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ भने स्नातकोत्तर र सोभन्दा माथि उत्तीर्णपछि उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । मंगला गाउँपालिकाभित्र बालविकास आधारभूत तह, माध्यमिक तह र समग्र गाउँपालिकाभित्र एक स्नातक तह सञ्चालन भएको

मंगला शिक्षा क्याम्पस रहेको छ। उच्च शिक्षाका लागि यस मंगला गाउँपलिकामा रहेको सो क्याम्पसबाट मध्यम दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको पाइन्छ।

म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारदेखि करिब १५ किलोमिटर पश्चिम क्षेत्रमा म्याग्दी जिल्लाकै एक मात्र क्याम्पस मंगला शिक्षा क्याम्पस मंगला गाउँपालिकाको गहनाको रूपमा रहेको छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरूको उच्च शिक्षाको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यका साथ उक्त क्याम्पस स्थापना भएको हो। क्याम्पसले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्नातक तह सञ्चालन गरेको छ। म्याग्दी जिल्लामा सञ्चालित ४ वटा क्याम्पसमध्ये मंगला गाउँपालिकामा एकमात्र उच्च शिक्षा प्रदान गर्ने प्रदायक संस्था हुनु मंगलावासीका निम्ति सौभाग्यको कुरा हो। नेपालका दूरदराजमा यस्ता क्याम्पस खुल्नु र गाउँठाउँ, कुटो कोदालो गर्दै उच्च शिक्षा हासिल गर्न पाउनु यस भेगका बालबालिकाको उज्यालो तर्फको यात्रा हुने कुरामा दुईमत रहँदैन। यसबाट व्यक्ति समाज, र राष्ट्र सबैलाई सकारात्मक प्रभाव पर्न जान्छ।

२०६६ भदौ १७ गते स्थापना उक्त क्याम्पसले मंगला गाउँपालिका सेवाक्षेत्रभित्र महत्वपूर्ण भूमिका खेलेको छ। आर्थिक रुपले अब्बल रूपमा सञ्चालन हुन नसकेपनि शैक्षिक रूपमा यसको योगदानलाई कदापि नकार्न सकिन्न। यस क्याम्पसले शैक्षिक जनशक्ति उत्पादन गरेपनि अन्य विधाका जनशक्ति उत्पादन गर्ने गरी क्याम्पस बहुमुखीका रूपमा सञ्चालन गर्न गाउँपालिकालाई आम गाउँबासीका अपेक्षा रहेको छ।

## ३.४.२ मंगला गाउँपालिकाको उच्च शिक्षाको वर्तमान अवस्था

मंगला गाउँपालिकामा बसोबास गर्ने क्याम्पस पढ्ने उमेरका धेरै जसो बालबालिकाहरू गाउँपालिकाभन्दा बाहिर अध्ययन गर्न गएको पाइन्छ। गुणस्तरीय शिक्षा, सुविधा, आदि कारण देखाई बजार क्षेत्रमा जाने विद्यार्थीहरूको ठूलो समूह रहेको छ। तथापि गाउँ ठाउँमा पढ्ने इच्छा राख्ने, आफ्नो घरको आटोपिठो खाएर पढ्छु भन्ने उद्देश्य राख्ने र न्युन आम्दानी हुने बालबालिकाको लागि मंगला शिक्षा क्याम्पस वरदान सावित भएको छ। शिक्षा जस्तो विषय ठाउँ विशेष, संस्था विशेष गरेर लिनु आफैंमा विडम्बनापूर्ण हो तर मंगला गाउँपालिकामा रहेको एकमात्र उच्च शिक्षा दिने शैक्षिक संस्थाले दिएको योगदान अतुलनीय छ।

क्याम्पसको आर्थिक भौतिक अवस्था भनेजस्तो सबल र सक्षम नभएतापनि भएको स्रोत सामग्री स्थानीय व्यक्ति सङ्घसंस्था र गाउँपालिकाको सहयोग क्याम्पसले विस्तारै विस्तारै आफ्नो पाइलाहरू लम्काउँदै गरेको पाइन्छ। क्याम्पसको सुरु गर्ने समयमा श्रीमद्भागवत पुराण लगाई सोबाट जम्मा भएको आर्थिकबाट जोहो गरेर उक्त क्याम्पस सञ्चालन गरेका मनकारी व्यक्तिहरूको सहयोग, चन्दा, गा.पा.बाट दिने अनुदान तथा विद्यार्थीको शुल्कबाट क्याम्पस सञ्चालन हुँदै आइरहेको छ। मंगला गाउँपालिका भित्र

र बाहिर रहनु हुने महानुभावहरू, वैदेशिक रोजगारमा रहनु हुने महानुभावहरूको आर्थिक, भौतिक, नैतिक सहयोगको बलमा वि.सं. २०७३ सालमा बाबियाचौरदेखि दक्षिण पश्चिम दिशामा पर्ने लाम्पाटामा करिब ३३ रोपनीभन्दा बढी जग्गा खरिद गरेको छ । मंगला गाउँपालिकाबाट आफ्नै गाउँ ठाउँमा रहेको उच्च शिक्षा प्रदायक संस्थालाई वर्षेनी सहयोग अनुदान दिदै आइरहेको छ । मंगला गाउँपालिकाको कुल जनसंख्यामध्ये मंगला शिक्षा क्याम्पसले ०.६८% र मंगला गाउँपालिकामा बसोबास गर्ने १५ वर्ष माथिका जम्मा जनसंख्या मध्ये १.०८% उच्च शिक्षा प्रदान गरेको छ । स्थापनाकालदेखि २०७७ सालसम्म मंगला शिक्षा क्याम्पसबाट ५८ जना विद्यार्थीले उच्च शिक्षा पूरा गरेका छन् ।

| वर्ष / साल | प्रथम वर्ष | द्वितीय वर्ष | तृतीय वर्ष | चौंथो वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| २०६६ | ४५ | - | - | - | |
| २०६७ | ३२ | ३९ | - | - | |
| २०६८ | ३९ | ३१ | ३८ | - | |
| २०६९ | २५ | ३९ | ३१ | - | |
| २०७० | १९ | २२ | २६ | - | |
| २०७१ | २१ | १२ | २२ | - | |
| २०७२ | १६ | १६ | ११ | - | ४ वर्ष बि.एड. |
| २०७३ | २४ | ११ | १३ | - | |
| २०७४ | २२ | १२ | १३ | - | |
| २०७५ | १५ | १८ | ११ | ११ | |
| २०७६ | ११ | १७ | १२ | ११ | |
| २०७७ | ९१ | ११ | १७ | १२ | |

माथि उल्लेखित विद्यार्थी संख्यालाई अध्ययन गर्दा मंगला गाउँपालिकामा रहेको मंगला शिक्षा क्याम्पसमा प्रत्येक वर्ष स्नातक तहमा विद्यार्थी संख्या सामान्य वृद्धि भएको देखिन्छ । विद्यार्थीलाई टिकाउन मुश्किल रहेको पाइन्छ । प्रतिवर्ष विद्यार्थी वृद्धि हुनुले विद्यार्थीको मनोविज्ञानमा या त उच्च शिक्षाको आकाङ्क्षा जनाउँछ, या त समय अनुसार उच्च शिक्षा र जीवनपद्धतिसँग जोड्नुपर्छ भन्ने मनोविज्ञानले काम गरेको पाइन्छ भने बीचमा विद्यार्थी छोड्ने दर उच्च हुँदा बेरोजगारीको समस्या, उच्च शिक्षा प्राप्त गरिसकेपछि आयआर्जन गर्न सु–अवसर प्राप्त नहुनु र आफूले सिकेका ज्ञान सीपलाई व्यवहारमा लागू गर्न नपाउनु जस्ता समस्याले भूमिका खेलेको पाइन्छ ।

### ३.४.३ उच्च शिक्षाका समस्या तथा चुनौतिहरू

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको जिम्मेवारीमा राखेको छ । उच्च शिक्षालाई प्रदेश तथा सङ्घीय सरकारको जिम्मेवारीको रूपमा व्याख्या गरेको छ । एकातिर उच्च शिक्षालाई आफ्नो जिम्मेवारीमा नराख्नु, अर्कातर्फ प्रदेश तथा सङ्घीय स्तरबाट उच्च शिक्षालाई आफ्नो प्राथमिकतामा नराख्नुले स्थानीय तहलाई आर्थिक भार पर्न गएको छ । तर पनि आफ्नो पालिकाभित्र सञ्चालित उच्च शिक्षा प्रदायक संस्थालाई हेर्नु स्थानीय सरकारको कर्तव्य हुन आउँछ । उच्च शिक्षा सम्बन्धित नीतिगत समस्या नै सबैभन्दा ठूलो समस्या रहेको सहजै देख्न सकिन्छ । समस्या तथा चुनौतिहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

१. यस मंगला गाउँपालिकामा रहेको १ मात्र शिक्षा क्याम्पस मा विद्यार्थी संख्या न्युन रहेका छन
२. भौतिक पूर्वाधारको अभाव रहेको छ
३. विषयगत तथा पूर्णकालिन शिक्षक ब्यबस्थापन कठिन रहेको
४. क्याम्पसका नियमित आय श्रोतको अभाव रहेको छ ।
५. गुणस्तरीय र जीवनोपयागी शिक्षा प्रदानमा चुनौति रहेको छ ।
६. शिक्षामा सूचना तथा संचार प्रविधिको पहुँच न्युन रहेको छ ।

### ३.४.४ मंगला गाउँपालिकामा उच्च शिक्षाका उद्देश्य

मंगला गाउँपालिकामा उच्च शिक्षा स्थापना गर्नुको मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

१. राज्यको बदलिँदो शासकीय स्वरुप अनुरुप स्थानीय तहमा सबै बालबालिकाहरू उच्च शिक्षाको पहुँचमा ल्याउने,
२. उच्च हासिल गर्ने अवसरबाट बञ्चित बालबालिकाहरूका लागि न्युनतम् खर्चमा गाउँ ठाउँमा उच्च शिक्षा हासिल गर्न,
३. समावेशीसहितको गुणस्तरीय शिक्षाको माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न,
४. मंगला गाउँपालिकाका नागरिकलाई शिक्षासँग आयआर्जन र जीवनपद्धतिसँग सामान्जस्य गराउन,

### ३.४.५ रणनीतिहरू

१. मंगला गाउँपालिकाले सङ्घीय सरकार, प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगसँग आवश्यक समन्वय गरी क्याम्पसलाई आर्थिक रूपमा सक्षम बनाउने,
२. शैक्षिक रूपमा बहुमुखी क्याम्पसको रूपमा विकास गर्दै लैजाने,

३. क्याम्पसका भौतिक पूर्वाधार निर्माणमा आवश्यक सहयोग गर्ने
४. पूर्णकालीन शिक्षक भर्ना गर्न ब्यबस्थापन समितिलाई अनुदान उपलब्ध गराउने
५. शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोग बढाउने ।
६. रोजगारी सीप विकासलाई जोड दिने वृत्तिमा आधारित कार्यक्रमको विकास र कार्यान्वयन गर्न स्थानीय सरकारलाई सशक्तिकरण गर्ने,
७. पहुँच र गुणस्तरमा अभिवृद्धि गर्न विद्यार्थीलाई छात्रबृत्तिको ब्यबस्थ गर्ने

## ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उच्च शिक्षा हासील गर्ने उमेरका सबै युवाहरू उच्चलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने

**ख) नतिजा**

१. उच्च शिक्षा हासिल गर्ने उमेरका सबै जनसंख्या क्याम्पस भर्ना भएको हुने
२. पूर्णकालीन शिक्षकको ब्यबस्थापन भएको हुने
३. भवन,कक्षा कोठाभौतिक पुस्तकालय वाचनालय ,शौचालय सभाहल लगायतका पूर्वाधार को विकास भएको हुने
४. शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग भएको हुने

**ग) प्रमुख क्रियाकलापहरू**

मंगला गाउँपालिका सबै विद्यालय र विश्वविद्यालयबाट बाहिर रहेको व्यक्तिहरूका लागि समयको माग बमोजिम उत्पादनशील र प्रतिस्पर्धी, सूचना प्रविधिसँग परिचित मानवस्रोतको विकास गर्ने

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | गरिव तथा जेहन्दार विद्यार्थीलाई छात्रबृत्ति | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| २ | शिक्षक भर्नाको लागि अनुदान | शिक्षक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | सूचना तथा संचार प्रविधिको अनुदान | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | भौतिक पूर्वाधार निर्माण | भवन | १ | १ | | | | २ | | |

# ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा

## ३.५.१ परिचय

कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ। शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । प्राविधिक शिक्षालाई स्थापना नगरी गरिने शिक्षाबाट केलब शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन् । हाम्रो शिक्षा प्रणालीलाई संरचना रुपमा बदल्न र शिक्षाबाट जीवन यापनामा सहयोग पुर्‍याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्व झन् बढेको पाइन्छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यवसायिक सीप विकास गरी गा.पा.मा हरेक प्राविधिक क्षेत्रमा सु–निश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गा.पा. समृद्ध बन्ने कुरामा कुनै दुई मत रहन्न।

शिक्षालाई सीप, सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौति हुने देखिन्छ । नेपालमा सीप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाको वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक इन्जिनियरिङ कलेज) बाट भएको हो । सघन रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो । हाल नेपाल सरकार शिक्षा विभाग र प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरू सञ्चालन गरिहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

## ३.५.२ वर्तमान अवस्था

गण्डकी प्रदेश म्याग्दी जिल्ला अन्तर्गत मंगला गाउँपालिका कृषि तथा पशु पालनको क्षेत्रमा उपयुक्त मानिन्छ । विगतदेखि नै यस क्षेत्रमा कृषि वा भेटेनरी अन्तर्गत प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरूको उच्च आकाङ्क्षाहरू बीचबाट यस क्षेत्रको वडा नं. २ अन्तर्गत पर्ने मंगला माध्यमिक विद्यालयमा कृषि विज्ञान अन्तर्गत प्राविधिक तथा व्यवसायिक विद्यालय सञ्चालन गर्ने समुदाय स्तरको निर्णय, वि.व्य.स.को निर्णय र मंगला गाउँपालिका समेतको सिफारिसमा २०७६ वैशाख २ गतेको नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवसोत विकास केन्द्रको निर्णयबाट यस गाउँपालिकामा मंगला प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालय स्थापना भएको छ । हाल यस विद्यालयबाट पहिलो पटक एसइइ मा विद्यार्थी सहभागी भई कक्षा ११ को पठनपाठनको तयारी भइरहेको

छ । यस विद्यालयमा कक्षा १० मा ३५ र कक्षा ९ मा २६ जना गरी ६१ जना विद्यार्थी प्राविधिक तथा व्यवसायिक धारमा अध्ययनरत छन् । यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वालम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।

## ३.५.३ चुनौति तथा अवसरहरू

गण्डकी प्रदेश अन्तर्गत मंगला गाउँपालिकाको भौगोलिक बनावट विशेषता, मावन वस्तीको अवस्था, हावापानी उपलब्ध प्राकृतिक स्रोत साधन सबैको सूक्ष्म विश्लेषण गर्दा यस क्षेत्रमा कृषि प्राविधिक विद्यालय नै उपयुक्त रहेको र उक्त प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरी विपन्न पिछडिएको वर्ग र सीमान्तकृत समुदायको उक्त शिक्षाको पहुँचमा विस्तार गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्ने दीर्घकालीन नीतिको आवश्यक छ । व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन, प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक पूर्वाधार ल्याव लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्नु, आवश्यक बजेटको व्यवस्था गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धता सहितको ठोस योजना कार्यान्वयनको लागि व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्नु प्राविधिक शिक्षाको योजना र नीति कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौति हुन् ।

यस गाउँपालिकामा स्थापित प्राविधिक तथा व्यवसायिक शिक्षा अन्तर्गत कृषि विज्ञान विषय सञ्चालन प्रति सरोकारवालाहरूको चासो बढ्दै जानु, प्रदेश सरकारसमेतको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा उच्च प्राथमिकतामा पर्नु, मंगला गाउँपालिकाभित्र उपलब्ध प्राकृतिक स्रोत साधनहरू उर्वरायुक्त जमिन, जैविक विविधता, पर्यटकीय क्षेत्रहरूका आधारमा यस क्षेत्रको प्राविधिक शिक्षासँग उचित मेल खाने मंगला गाउँपालिका जिल्लाकै यातायात, विद्युत, सुगमताको हिसाबले केन्द्रविन्दुमा रहेकाले अन्य क्षेत्रहरूबाट समेत अध्ययनका लागि सहज गन्तव्य बन्न सक्नु, शैक्षिक विकासका हिसाबले गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षाका हिसाबले शैक्षिक हवका रुपमा विकास गर्ने सम्भावना हुनु, कृषि, पशु र फलफूल उत्पादनको हिसाबले म्याग्दीकै सम्भावना बोकेको ठाँउको रुपमा रहनु, प्राविधिक शिक्षामार्फत विद्यालय तहबाटै सिकाइसँगै कमाई गर्ने कार्यक्रम सीपमूलक र उद्यमशीलतामा आधारित व्यवसायिक र रोजगारमूलक प्रकृतिका बहुप्राविधिक विषय र कार्यक्रमलाई व्यवस्थित बनाउन सकिने आधार हुनु,

प्राविधिक क्याम्पस समेतको स्थापना गर्न सकिने सम्भावना हुनु यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन् ।

## ३.५.४ उद्देश्य

१. मंगला गाउँपालिका लगायत यस क्षेत्रमा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु ।
२. प्राविधिक, व्यवसायिक र सीपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्युनीकरण गर्नु,
३. गाउँपालिका र यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योगमार्फतत आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउने,
४. प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरलाई थप सहज र व्यापक विस्तार गरी समावेशी, समतामूलक पहुँचका आधारमा विकासका लागि उद्यमशील, सक्षम, सीपयुक्त जनशक्ति तयार गर्ने,

## ३.५.४ रणनीतिहरू

१. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छक सबैलाई अवसर प्रदान गर्ने,
२. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,
३. शिक्षामा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने, प्रयोगात्मकतर्फ विशेष प्राथमिक दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् व्यवस्थापन गर्ने,
४. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,
५. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबीच खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समवन्यात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,
६. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालयमार्फतत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने
७. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,
८. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,

९. प्राविधिक शिक्षामा अध्ययरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यकता अनुसार श्रम सम्झौता गर्ने,

१०.गाउँपालिकाको सहयोगमा प्राविधिक तथा व्यवसायिक धारको विद्यालयमा व्यवसायिक तथा सीपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,

### ३.५.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुने

**ख) नतिजा**

मंगला गाउँपालिकामा स्थापित कृषि विज्ञान पठनपाठन हुने मंगला प्राविधिक तथा व्यवसायिक विद्यालय धारतर्फको उत्कृष्ट विद्यालय भएको हुनेछ । यस धारमा अध्ययरनत विद्यार्थीहरू स्वरोजगारमूलक, स्वउत्प्रेरित, व्यवसायिक, उद्योगी र रोजगार प्राप्त भएको हुनेछ । यस विद्यालयबाट प्राप्त गरेका विद्यार्थीहरू मंगला गाउँपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध गाउँपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन् । प्राविधिक तथा व्यवसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि हुनेछ । प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ । प्राविधिक शिक्षाप्रति आमसरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ ।

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सीप बिकास र आयआर्जन कार्यक्रम | पटक | २ | १ | १ | १ | १ | ६ | १२ | |
| २ | गरिब तथा जेहेन्दार, दलित बिद्यार्थी लाई छात्रवृत्ति | जना | २४ | २४० | २४ | २४ | २४ | १२० | २४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वितरण | | | | | | | | | |
| ३ | छात्रबास निर्माण र व्यवस्थापन | गोटा | २ | १ | १ | | | २ | ४ | |
| ४ | कृषि प्रयोगशाला | गोटा | १ | | १ | | | २ | ४ | |
| ५ | अनुसन्धान कार्य | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | OJT कार्य | जना | ३५ | ४५ | ४५ | ४५ | ४५ | २१५ | ४३० | |
| ७ | फिल्ड ब्यबस्थापन | रोपनी | १० | | | | | १० | २० | |
| ८ | आइ सि टि तालिम र ल्यापटप बितरण | गोटा | २ | २ | २ | २ | २ | १० | १० | |

## ३.६ पाठ्यक्रम र पाठ्यसामग्री

### ३.६.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। यो एउटा गतिशील र लचिलो प्रक्रिया हो। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसाव्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक कृयाकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित सिक्नु र तथ्यपरक हुनुपर्दछ। वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा परिबेसअनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.स• २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.स• २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ। यसैक्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप२०७६ तयार भई वि.स• २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयन हुने क्रममा रहेको छ। आधारभूत तह १-३,४-५ र ६-८लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ।विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीवन उपयोगी सीप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा ,इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। पाठ्यक्रममा सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक लगायतका व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सीपमा रुपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृत भाषा, सस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेशम अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ। व्यवसायिक शिक्षा, स्वास्थ्य शरीरिक र वातावरण शिक्षा, सिर्जनसिल तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य,संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू

संलग्न गरी पाठ्यक्रमलाई सन्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगको रूपमा लिएको छ । माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ। पाठ्यक्रमका विषयवस्तुहरू सहज ढंगले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन् । मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन्। पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएकोछ। स्टेम भनेको बिज्ञान,प्रबिधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विद्यामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुर्‍याउँदछ । साथै उनीहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुनजान्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ। स्टेमले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ। जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ। विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकरात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन्। नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपुर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्याबधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्यांकनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन् ।

### ३.६.२ वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा विक्रम सम्म २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय

तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन कारण गर्ने परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं. २०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो वि.सं. २०७८ मा कक्षा २,३, ६ र १२, मा पाठ्यक्रम कार्यान्वयन भएको छ भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भइसक्ने छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएतापनि कक्षा १-३ सम्म ५ कार्य घण्टा र ४८ कार्यघण्टा बराबरको मातृभाषा स्थानीय विषय वा संस्कृत विषयको पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कारण गर्ने व्यवस्था गरिएको छ । यस गाउँपालिकामा विगत २०७७ सालमा स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि पाठ्यक्रम निर्माण समिति गठन गरी सो सम्बन्धी कार्यारम्भ गरेपनि Covid-19 लगायत अन्य विविध कारणले हालसम्म सम्पादन हुन सकेको छैन ।

मूल्याङ्कन सम्बन्धि नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-५ मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने र कक्षा ६-७ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ ।

### ३.६.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु
२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु
३. सिकाइ दैनिक जीवनसँग सम्वन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
५. सिकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु

६. सामुदायिक विद्यालयहरूमा विज्ञान तथा प्राविधिक शिक्षाको समयानुकल विकासको लागि आवश्यक पूर्वाधारजन्य क्षमताको विकास गर्ने ।
७. सामुदायिक विद्यालयहरूमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्ने
८. विद्यार्थीहरूलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराइ थप क्षमता अभिवृद्धि गर्नु
९. पूर्वीय दर्शनमा आधारित योगा, ध्यान, व्यायम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरूलाई अभ्यस्त गराउनु

## ३.६.४ रणनीति

उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. प्रत्येक विद्यालयका शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधिकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गरिने छ ।
२. स्थानीय सरोकारवालामा अपनत्व विकास गरी स्थानीय तहले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइने छ ।
३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइनेछ । सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गरिने छ ।
४. विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
५. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकरी ढङ्गले प्रवोधीकरण गरिने छ ।
६. विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरिने छ ।
७. शिक्षक निर्देशिका, पाठ्क्रम, पाठ्यपुस्तक, सन्दर्भ सामाग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन गरिने छ
८. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चत गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइने छ ।
९. शिक्षण सिकाइलाई वालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी बनाइने छ
१०. विद्यालयहरूलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लगिने छ ।

११. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कायान्वयनमा ल्याइने,

१२. सूचना, सञ्चार तथा प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचित प्रयोग गर्ने क्षमताको विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा शिक्षण सिकाइलाई प्रयोगमा ल्याइने छ।

१३. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिने छ।

१४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षाको वृत्ति विकाससँग आवद्ध गर्ने,

१५. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गरिनेछ।

१६. स्टिमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धी गर्न शिक्षकहरूको क्षमता विकास गरिने छ।

१७. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामाग्री प्रदर्शन गर्ने व्यवस्था गरिने छ।

१८. पूर्वीय दर्शनमा आधारित योगा, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइने छ।

## ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुने

**ख) नतिजा**

१. बालविकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू सुचार तरिकाले कार्यान्वियन हुने
२. कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सीपहरू कार्यान्वियन हुने
३. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्वलाई स्पष्टता दिलाउने
४. स्टिम अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने
५. सिकाइ क्रियाकलाप वालमैत्री र स्थानीय परिवेश तथा आवश्यकात अनुसार हुने
६. सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्षको) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | पाठ्यक्रम, पाठ्यसामग्री र शिक्षक निर्देशिका प्रवोधिकरण र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरुको क्षमता विकास | संख्या | ३० | ३० | ४० | ४५ | ४५ | १९० | २८० | |
| ४ | प्राविधिक धारको पाठ्यक्रम तथा पाठ्यामग्री प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | शिक्षकलाई स्टेममा आधारित क्षमता विकास तालिम | शिक्षक | | २० | २० | २० | २० | ८० | १६० | |
| ७ | पाठ्यक्रममा समावेश भएको योगा, ध्यान, प्राणायमलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विज्ञहरुद्वारा बुद्ध दर्शन, पूर्वीय दर्शन, प्राकृतिक चिकित्सा र मनोपरामर्श कार्यक्रम सञ्चालन | कक्षा | २ | २ | २ | २ | २ | १० | २० | |
| ९ | अतिरिक्त र सहकार्यकलाप कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |

# ३.७ शिक्षक व्यवस्थापन र विकास

## ३.७.१ परिचय

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृति शिक्षक भर्ना, छनोट, सरुवा ,बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धि सम्पुर्ण व्यवस्थापकिय कार्य पर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो। यो आफैँमा बहुआयामिक विषय हो । निरन्तर प्रक्रिया हो ।अन्तरनिहित यात्रा हो ।आफैंमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथी उठ्न सक्दैन ।शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् ।

शिक्षा शासन विकास र सेवा प्रवाहमा प्रभावकारीता दक्षता समता समानता वाताबरण मैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ । यसको लागि जनशक्ति योजना, दरबन्दी सिर्जना तथा भर्ना उपयोग विकास सेवा सुविधा , सामाजिक सुरक्षा (तलब भत्ता पोशाक बिदा औषधिउपचार आदी ) पेशागत विकास पर्दछन । शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना रिक्त स्थानको पहिचान पदपुर्ति माग प्रतिशत निर्धारण दरखास्त आव्हान तथा संकलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित मौखिक प्रयोगात्मक) उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट नतिजा प्रकाशन सूचना प्रकाशन नियुक्तिका लागि सिफारिस नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन् ।यसका अतिरिक्त का स मू जिम्मेवारी वृत्तिविकास सरुवा बढुवा आदि गरिने गर्दछ । शिक्षकहरूको तालिम अवलोकन भ्रमण अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा तह वृद्धि उनको सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन् । व्यवस्थापनकै क्रममा शिक्षक सेवामा केही सवालहरू पनि उठेका छन् । जस्तै १ समावेशीकरण की योग्यता मुलक शिक्षक सेवा र सुशासन शिक्ष सेवा र संघीय शासन प्रणालीको अन्त्य गरी संवैधानिक प्रावधान अनुकूल विद्युतीय सेवा प्रवाह र विश्वव्यापिकरण globalization विविधता व्यवस्थापन समतामूलक (समानतामूलक न्याय वितरणकारी पुनर्वितरण कारी न्याय जस्ता विषयवस्तुहरू अहिले उठेका सवालहरू हुन् ।

भनिन्छ जस्तो माटो त्यस्तै कमिला । त्यसै गरी जस्ता शिक्षक त्यस्तै विद्यार्थी । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेर शिक्षक नै हुन् ।भनाइ छ एउटा खराव डाक्टर एउटा बिरामीका लागि घातक हुन्छ भने एउटा अयोग्य शिक्षिक लाखौं बालबालिकाको लागि घातक हुन्छ ।शिक्षा नीति ऐन नियम योजनामा सरोकारवालाहरूलाई अनदेखा गर्यो भने त्यो कागजको रुप मात्र हुन्छ । फल दिँदैन। तसर्थ शिक्षक व्यवस्थापन महत्वपूर्ण हुन्छ । योग्य सक्षम कुशल र उत्प्रेरित शिक्षकले नै गुणस्तरीय सेवा प्रवाह गर्न सक्छ । शिक्षणलाई पुनर्ताजगी गराउन तालिम आवश्यक छ । नयाँ प्रणालिसँग परिचित हुन तालिम चाहिन्छ ।

शिक्षकको व्यावसायिकता बढोत्तरी को लागि सिकारुको सर्वोच्चता सुनिश्चितताको लागि तालिम चाहिन्छ । शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक शासन विकासका सेवा प्रवाह सुशासन समृद्धि रोजगार र अवसर प्रदान गर्न व्यवस्था गर्दछ यसले अनुभूति दिलाउँछ । शैक्षिक क्षेत्रको समग्र ज्ञानेन्द्रीय तथा कर्मेन्द्रिय आधार नै शिक्षक व्यवस्थापन हो । सरकार सिकारु र शिक्षक बीचको सम्बन्धनै शिक्षक व्यवस्थापन तथा तालिम नै हो ।बदलिदो परिवेश अनुसार आवश्यक शिक्षाको लागि योग्य व्यावसायिक रूपमा दक्ष पेशा प्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाई प्रति जवाफदेही शिक्षक हुनु आवश्यक छ । शिक्षकमा भएको ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पर्दछ । योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरूको सिकाइ मा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

यस योजनामा शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ । शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षक लाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्य पुरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

## ३.७.२ शिक्षक तयारी

नेपालमा विद्यालय तथा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका प्राज्ञिक सरहका योग्यतालाई व्यवसायिक योग्यता र शिक्षक तालिम दुबै मानिएको छ । यस्ता पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरू विभिन्न विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका छन् । प्राज्ञिक योग्यता बीएड वा एमएड प्राप्त गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विभिन्न मुलुकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुन्छन् । पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमता को मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधारमा निरन्तर पेसागत सहयोग सञ्चालन गरिने उल्लेख छ । विश्व विद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र विकास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यवहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धि विशेष अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रममा

संकाय गत संरचना नभएकाले अब कक्षा १२ उत्तीर्ण गरी शिक्षिक हुनेका लागि निश्चित समयको कोर्स व्यवस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर दिर्घकालिन रुपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमश न्यूनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था गर्नु उपयुक्त हुनेछ ।

शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपुर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइआएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्त गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ। शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम सङ्घले प्रमाणीकरण तथा Customized तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य संघीय सरकार बाट भइरहेको छ । शिक्षकको क्षमता अभिबृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालीम केन्द्रहरूबाट हुँदै आएका छन् । शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउनुपर्ने हो । सो कार्य गर्न सकिएको छैन । सरकार र विश्वविद्यालयहरू शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य गर्न सकिरहेका छैनन् । विद्यालयमा विभिन्न किसिमका शिक्षकहरू रहेका छन् । सेवा शर्त र सुविधा फरक-फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने काम कागजमा मात्र सीमित छ ।

### ३.७.३ शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमितरुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनी शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्टै सोझै प्रवेश गराउन सकिने गरी सङ्घको सरकारले कानुनी तथा प्रक्रियागत व्यवस्था गरी शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गराउन आवश्यक देखिएको छ । शिक्षकहरूको पदपुर्ति हालसम्म संघीय शिक्षक सेवा आयोगबाट गर्ने गरिएकोमा त्यसलाई प्रदेशी स्तरसम्म विस्तार गर्न आवश्यक छ ।

### ३.७.४ शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भरपर्छ। शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित प्रविधिमैत्री परियोजनामा आधारित समूह कार्यमा आधारित सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ ।१५ औं योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्था कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप विकास गर्न उपयुक्त पाठ्यसामग्री सन्दर्भसामग्री स्रोत सामग्री प्रयोगात्मक सामग्री उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ। यस योजनाले बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधि का साथै सक्रिय सिकाइका तरिकाहरूको प्रयोगमा जोड दिएको पाइन्छ यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ।

कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग निरन्तर विद्यार्थी मूल्याङ्कन परियोजना तथा प्रयोगात्मक कार्यमा जोड उपचारात्मक शिक्षण पद्धति परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लि शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रुपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन् ।कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार उच्चगतिको इन्टरनेट सुविधाको कमी स्रोतको कमी विषयगत, दक्ष, योग्य, उत्प्रेरित, शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, कार्य वातावरण कमी, आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

### ३.७.५ शिक्षकको उत्तरदायित्व

शिक्षक विद्यार्थी अभिभावक समुदाय तथा विद्यालय प्रशासक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि विषय विद्यार्थीको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिबेदन गर्नुपर्दछ विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्यांकन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यपकलाई गर्ने जस्ता कार्य जिम्मेवार शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनु पर्दछ।

पन्ध्रौं योजनाले शिक्षकले कक्षा कोठामा बिताउने समयलाई नियमित पठनपाठन सँग आबद्ध गर्दै शिक्षकहरूलाई पेशा प्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा

कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति-२०७६ अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परीणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ । विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो । विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्त पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरुवा भएपछि लामो समयसम्म पदपुर्ति नहुँदा विद्यालयमा बालबालिकाहरू पढाईबाट लामोसमयसम्म बञ्चित हुनुपरेको अवस्था समेत छ । सरुवा प्रणाली व्यवस्थित नहुँदा दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर सहर र सदरमुकामहरूमा थुप्रै अवस्था रहेको छ जुन सामाजिक न्यायको सिद्धान्त विपरीत देखिन्छ यस्तो प्रावधानले गर्दा शिक्षकलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउन कठिन बनाएको छ ।

### ३.७.६ शिक्षकको पेसागत सहयोग पद्धति

शिक्षक पेशागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल मेन्टोरिङ्ग नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान शिक्षकहरूको सिकाइ सञ्चालन conference सहपाठी संगको अन्तरक्रिया प्रतिबिम्बन अभ्यास आदि । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले leader र feeder विद्यालयको अवधारणा अगाडि सारेको थियो यसैगरी विद्यालय सुपरिवेक्षण बाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक माध्यमिक विद्यालय निरीक्षकहरू को व्यवस्था गरिएको थियो ग्रामीण विकासका लागि सेती परियोजना र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए प्राथमिक शिक्षा परियोजना विज्ञान शिक्षा विकास परियोजना आदिले शिक्षकको पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ । शिक्षक पेशागत सहयोगका लागि १०५३ वटा स्रोतकेन्द्रहरू स्थापना भई ती स्रोतकेन्द्रहरू मार्फत शिक्षकको पेसागत सहयोग प्रदान गर्दै आइरहेकोमा संघीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ । यसलाई हटाउने स्थानीयस्तरमा शिक्षामा शाखा अर्थात शाखा रहेका छन् स्थानीय स्तरमा रहेका शिक्षा शाखाहरूले शिक्षक सहायता भन्दापनि शिक्षा प्रशासनमा समय लगाउनु परेको अवस्था छ विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको कार्य स्थानीय शिक्षा शाखाबाट अत्यन्त न्युन रुपमा भएको पाइन्छ । समग्रमा भन्नुपर्दा शिक्षक सहायताको कार्यक्रम शून्यप्रायः छ ।

### ३.७.७ शिक्षक क्षमता विकास कार्यक्रम

समयअनुसार शिक्षकहरूका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनु आवश्यक छ । यसको विकासका अवसरहरू उपलब्ध हुनु आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तरिकाहरू छन् ।शिक्षक तालिम कार्यशाला Seminar Conference क्रियात्मक अनुसंधान शिक्षकहरूको सिकाइ सञ्जाल अवलोकन भ्रमण Mentoring कार्यशाला सेमिनार आदि । शिक्षकको पेसागत विकास यिनै कार्यहरू बाट सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने धेरै योजना तथा कार्यक्रमहरू सञ्चालनमा भए। विगतमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शिक्षक तालिम केन्द्रहरू २९ वटा र अगुवा स्रोतकेन्द्रहरू र स्रोतकेन्द्रहरू मार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएकोमा संघीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रत्येक परदेशमा एक-एक गरी जम्मा ७ तालिम केन्द्रहरू मात्र रही अन्य संरचनाहरू हटेका छन्। शिक्षक पेशागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने प्रारूप बनाउने तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ । शिक्षकको पेशागत विकासका लागि सातवटा परदेशी स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाईन तथा offline विधिबाट एकमहिने प्रमाणीकरण शिक्षक तालिम र Customize शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । विद्यमान सातवटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो संख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोगमा ल्याउन देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले उल्लेख गरेका छन्।

### ३.७.८ शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ। यसलाई आधार मानेर शिक्षक संख्या कम भएका विद्यालयमा स्थानीय तहबाट मुक्त भएका शिक्षकहरूको तथा विद्यालयको निजी स्रोतमा नियुक्त शिक्षकहरूको पनि रहेका छन् जिल्ला र विद्यालयबीच शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ। मुलुक संघीय संरचनामा गरेसँगै शिक्षक नियुक्ति सरुवा कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने कार्य गर्ने गरेका छन्।

### ३.७.९ प्रमुख समस्या तथा चुनौतिहरू

माथि उल्लेखित विश्लेषणका आधारमा मंगला गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा निम्न लिखित समस्या र चुनौतीहरू रहेका छन

**क) समस्या**

१. शिक्षकमा उत्प्रेरणाको कमी
२. उत्तरदायित्व र जवाफदेहितामा कमी दण्डहिनताले प्रश्रय पाउनु
३. कक्षागत र विषयगत शिक्षक अभाव
४. आवश्यकता अनुसारको शिक्षक दरबन्दी अभाव
५. शिक्षक नियुक्ति सरुवा बढुवा बारे परिवर्तित सन्दर्भ अनुसार ऐन नियम नहुनु
६. शिक्षक व्यवस्थापनको जिम्मेवारी कसको ? (स्थानीय सरकार, प्रदेश वा संघीय सरकार)
७. शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गर्नु नसकिनु
८. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षक तयारी कोर्स व्यवस्था नहुनु

**ख) चुनौतिहरू**

१. शिक्षकको मनोबृत्तिमा परिवर्तन गर्नु (घरपायक मात्र खोज्ने जिम्मेवारी बोध कम)
२. विपत र सङ्कटपूर्ण अबस्थामा शिक्षण सिकाइ सञ्चालन गर्नु
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्नु
४. पेशागत विकास कोष अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध
५. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न

### ३.७.१० उद्देश्य

उपर्युक्त समीक्षा तथा समस्या तथा चुनौतिहरूका आधारमा स्थानीय तहको शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्:-

१. शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्नु
२. शिक्षकको छनौट नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु
३. सबै तहमा योग्यता पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु।
४. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु
५. पेसागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु

६. सुपरिवेक्षण शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेशाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु
७. शिक्षाकको निरन्तर पेशागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्न
८. शिक्षक पेशागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्नु,
९. आवश्यक प्रोत्साहन, सिकाइ आदान प्रदान कार्यक्रम, निरन्तर पेशागत सहयोगका माध्यमबाट सबै तहमा सक्षम र प्रतिबद्ध अभिप्रेरित शिक्षक व्यवस्था गर्नु,

## ३.७.११ रणनीतिहरू

१. शिक्षक सक्षमता प्रारूपलाई अध्यावधिक गरी शिक्षक तयारी र छनौट प्रक्रियामा आवद्ध गर्न संघीय सरकारमा अनुरोध गरिनेछ।
२. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पुनरावलोकनका लागि सङघीय सरकारसँग अनुरोध गरिनेछ।
३. शिक्षिक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण तथा थप गरिने छ।
४. प्रारम्भिक बालविकास र पूर्व प्राथमिक शिक्षा कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकको योग्यता कायम हुने गरी कानुनी व्यवस्थाका लागि सङ्घीय सरकारमा अनुरोध गरिने छ।
५. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिनेछ।
६. उच्च कार्य सम्पादन गर्ने शिक्षकहरूको लागि प्रोत्साहन र पुरस्कृत गरिनेछ।
७. नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरणमार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने छ।
८. शिक्षकले कक्षा कोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ।

## ३.७.१२ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,

**ख) नतिजा**

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने
२. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहूँच हुने

३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने
४. अनुगमन मूल्याङ्कन,सपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको वचत हुने
५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने
६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने
७. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने
८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने,

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | | |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | शिक्षक | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २ | अस्थायी, करार तथा निजी स्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण गर्ने | सङ्ख्या | १ | | | | | १ | २ | |
| ३ | शिक्षक सेवा आयोग तयारीका लागि कक्षा सञ्चालन | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ४ | नवप्रवेशी स्थायी र करार शिक्षक समेतलाई छोटो अवधिको सेवा प्रवेश तालिम | विद्यालय | २० | २० | २० | २० | २० | १०० | २०० | |
| | **शिक्षण सिकाइ क्रियाकलापमा** | | | | | | | | | |
| ५ | कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन | विद्यार्थी | ५० | ५० | ५० | ५० | ५० | ३०० | ६०० | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| ६ | कक्षा १-५ का कमजोर विद्यार्थीको लागि उपचारात्मक शिक्षण पद्धतिको कार्यान्वयन | विद्यार्थी | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |
| ७ | परीक्षाको नतिजा विश्लेषण गर्ने | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० | |
| ८ | शिक्षकले कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ९ | शैक्षणिक योजना निर्माण र कार्यान्वयनका लागि शिक्षकलाई तालिम | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| १० | महिला शिक्षिका सुत्केरी विदामा रहँदा अतिरिक्त शिक्षकको व्यवस्था | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| | **शिक्षकको पेशागत** | | | | | | | | | |
| ११ | शिक्षक पेशागत सहयोगको लागि विज्ञहरूको सूची तयार | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| १२ | विषयगत शिक्षकहरूको समूह निर्माण | समूह | ८ | | | | | ८ | ८ | |
| १२ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | समूह | १ | | | | | १ | १ | |
| १३ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| | भ्रमण | | | | | | | | | |
| १४ | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | शिक्षक मार्फत कार्यमूलक अनुसन्धान | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | |
| १६ | सहपाठी कक्षा अवलोकन | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| १७ | कक्षा १-५ मा पढाउने शिक्षकको लागि मागमा आधारित छोटो अवधिको पुनर्ताजगी तालिम | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० | |
| १८ | अनलाईन, अफलाईन मार्फत कन्फ्रेन्स / सेमिनार सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | प्रधानाध्यापकलाई नेतृत्व विकास तालिम | प्र.अ. | १५ | १५ | १० | | | ४० | ४० | |
| | **शिक्षक उत्तरदायित्व** | | | | | | | | | |
| २० | शिक्षक र प्रधानाध्यापक वीच करार | शिक्षक | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | |
| २१ | प्रधानाध्यापक र स्थानीय सरकार वीच कार्यसम्पादन करार | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| २२ | प्रधानाध्यापक मार्फत अनुगमन र निरीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

## ३.८ विद्यालय व्यवस्थापन ( प्रधानाध्यापक सहित )

### ३.८.१ परिचय

वर्तमान संविधानमा आधारभूत तथा माध्यमिक शिक्षासहित शैक्षिक व्यवस्थापनको महत्वपूर्व कार्य स्थानीय तहको अधिकार क्षेत्रभित्र छ । शैक्षिक व्यवस्थापन भित्रको महत्वपूर्ण अङ्ग विद्यालय व्यवस्थापन हो । विद्यालय व्यवस्थापन भन्नाले प्राप्त जनशक्तिलाई उपलब्ध भएको श्रोतको प्रयोग गरी विद्यालयको उद्देश्य तथा लक्ष्य प्राप्त गर्ने गतिविधि तथा कार्यलाई जनाउँदछ । स्थानीय सरकारका रूपमा व्यवस्थापकीय तथा कार्यकारिणी हैसियत सहितका संविधान प्रदत्त अधिकार सूची, जन अपेक्षा र स्थानीय क्षमता र पूर्वाधारको उचित पहिचान गरी विद्यालय व्यवस्थापन गर्न सकेमा शिक्षामा गुणस्तर प्राप्त हुन सक्छ ।

गाउँपालिकाले शैक्षिक उपलब्धिहरू हाँसिल गर्न विद्यालयहरूमा बजेट विनियोजन र वाडफाँड गरेर मात्र पुग्दैन, प्राप्त भएका स्रोत्र र साधनको उपयुक्त परिचालन हुने गरी विद्यलय व्यवस्थापनमा ध्यान दिन जरूरी हुन्छ । शिक्षा ऐन नियमावलीमा व्यवस्था भएका प्रावधानहरूको उचित परिचालन र प्रयोगले विद्यालय बलियो बन्न सक्छ । विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण रहँदै आएको छ । सामुदायिका विद्यलयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा विद्यलय व्यवस्थापन समिति रहेको हुन्छ । शिक्षक अभिभावक सङ्घले शिक्षक र अभिभावकलाई सम्पर्कमा ल्याइ विद्यर्थीको शिक्षणमा सहजीकरण गर्दछ भने आर्थिक सहयोगमा समेत भूमिका खेल्दछ । विद्यालयको व्यवस्थापकीय पक्षमा व्यवस्थापन समिति रहने र प्रशासनिक अधिकार प्र.अ.सँग रहने भएकोले कानुनीरूपमा प्रमाणिकरण गर्न समेत यसले मद्दत गर्दछ ।

विद्यालयको प्रशासनिक कार्यका लागि एक प्रधानाध्यापकको व्यवस्था हुने कानुनी व्यवस्था छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गराउने महत्वपूर्ण स्थल विद्यालय हो । विद्यालयले गर्नुपर्ने सबै क्रियाकलापको सञ्चालन र नियन्त्रणका लागि प्रधानाध्यापकको व्यवस्था गरिएको हुन्छ ।

स्थानीय सरकार ऐन २०७४ ले विभिन्न २३ वटा काम, कर्तव्य र अधिकार स्थानीय सरकारलाई दिएको छ । यसै ऐन र मौजुदा शिक्षा ऐन नियमका आधारमा गाउँपालिकाले विद्यालयको व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

### ३.८.१ वर्तमान अवस्था

शैक्षिक उपलब्धि हासिल गर्न विद्यालय व्यवस्थापन एउटा प्रमुख र महत्वपूर्ण पक्ष हो । प्राप्त स्रोध साधनको उचित व्यवस्थापन र नपुग स्रोत साधनको खोजी गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन पक्षमा

पर्दछ । विद्यालयको उद्देश्य र लक्ष्य मात्र नभइ राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने कार्यस्थल विद्यालय भएकोले यसको व्यवस्थापकीय पाटो बलियो हुनु जरूरी छ ।

मंगला गाउँपालिकाभित्रका सबै विद्यलयहरूको व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन रहेने व्यवस्था छ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा व्यवस्था भए अनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितीकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितीको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक सोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ ।

विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ ।

विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापनका लागि व्यवस्थापन समितिले कार्य गरिरहे पनि व्यवस्थापन पक्षमा समस्याहरू केही समस्याहरू बाँकी नै छन् । संघिय व्यवस्थामा पुरानै शिक्षा ऐन नियमको प्रयोग हुनु, गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रानुसार ऐन नियम व्यवस्था गर्न नसक्नु, व्यवस्थापन समितिको कार्य क्षेत्र वृहत हुनु, व्यवस्थापन समितिका पदाधिकारीहरू दक्ष र शिक्षित नहुनु, व्यवस्थापन समितिले सक्रिय रूपमा कर्तव्य र अधिकारको प्रयोग गर्न नसक्नु, प्रधानाध्यापकको छुट्टै व्यवस्था नहुनु, प्रयाप्त दरबन्दी नहुनाले प्र.अ.को कार्यसम्पादन कमजोर हुनु, योग्य र नियमानुसार प्र.अ.को व्यवस्था नहुनु इत्यादि समस्याहरू रहेका छन् ।

मंगला गाउँपालिकामा विद्यालय व्यवस्थापनमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन्

१. विद्यालयको व्यवस्थापकीय पक्ष सवल र सक्षम बनाउने

२. अभिभावकहरूलाई विद्यालय व्यवस्थापनमा सक्रिय सहभागिता बनाउने
३. शिक्षकहरूलाई शिक्षा ऐन नियमावलीमा व्यवस्था भए अनुसासार सक्रिय बनाउने
४. दक्ष र योग्यता प्राप्त पधानाध्यापकको व्यवस्था गर्ने
५. प्रधानाध्यापक र विद्यालय व्यवस्थपन समितिलाई जवाफदेही र उत्तरदायी बनाउने
६. कुशल प्रशासनिक क्षमता सहित विद्यालय व्यवस्थापन गर्ने
७. गाउँपालिका शिक्षा ऐन नियम निर्माण र कार्यान्वयन

## ३.८.२ उद्देश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ

१. विद्यालयको व्यवस्थापकीय पक्ष सवल, सक्षम र सशक्त बनाउनु
२. कुशल, उत्तरदायी, क्षमतावान प्रधानाध्यापकको व्यवस्था गर्नु
३. ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन गरी विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूलाई संलग्न गराउनु

## ३.८.३ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूमा ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरिने छ।
२. विद्यालय व्यवस्थापन समितिको कार्यक्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिने छ।
३. विद्यालयको आर्थिक पक्ष सबल बनाउन व्यवस्थापन समितिलाई प्रेरित गरिने छ
४. कार्य सम्पादनमा राम्रा देखिएका विद्यालयका गतिविधिहरू अभिलेखीकरण गरिने छ
५. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष र प्रधानध्यापकहरूलाई शैक्षिक भ्रमण गराइने छ
६. राम्रा व्यवस्थापन भएका विद्यालयहरूको अनुभव र गतिविधि आदानप्रदान गरिने छ
७. शिक्षा ऐन नियमानुसार प्रधानाध्यापकको व्यवस्था गरिने छ
८. कुशल, सक्षम, पारदर्शी र जवाफदेही प्रधानाध्यापकको व्यवस्था गर्न जोड दिइने छ
९. प्रधानध्यापकसँग कार्यसम्पादन सम्झौता गरी विद्यालय प्रशासनिक व्यवस्थापनलाई चुस्त दुरुस्त र स्तरीय बनाइने छ
१०. प्रधानध्यापकको कार्यक्षमता अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन तालिमको व्यवस्था गरिने छ
११. सबल व्यवस्थापन पक्ष भएका गाउँपालिका भित्रका विद्यालयहरूलाई पुरस्कृत गरिने छ

१२. कमजोर व्यवस्थापन भएका विद्यालय पहिचान गरी कार्य क्षमता वृद्धिका लागि सहायता दिने व्यवस्था गरिने छ ।

## ३.८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

गाउँपालिका भित्रका सबै विद्यालयहरू कुशल र उत्तरदायी विद्यालय प्रशासन सहित बलियो व्यवस्थापन पक्ष भएको हुने

**ख) प्रमुख नतिजाहरू**

१. कुशल प्रशासन सहित विद्यालय सञ्चालन भएको हुने
२. योग्य र नियमानुसारका प्रधानाध्यापकको व्यवस्था भएको हुने
३. सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन भइ क्रियाशील भइरहेको हुने
४. विद्यालय व्यवस्थापन समिति सक्षम र सक्रिय भइ विद्यालयको शैक्षिक स्तर वृद्धि भएको हुने
५. विद्यालयको आर्थिक अवस्था सवल भएको हुने

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सबै विद्यालय |
| २. | व्यवस्थापन समितिका अध्यक्षहरूको तालिम | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ३ | अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालयहरू बीच अनुभव आदानप्रदान | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | प्रधानाध्यापकलाई व्यवस्थपकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालय सुधार योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | राम्रा विद्यालय छनोट र | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | पुरस्कृत | | | | | | | | | |
| ९ | विद्यालय अनुगमन र मूल्याङ्कन | संख्या | २० | २० | २० | २० | २० | २० | ४० | |

# ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षा

## ३.९.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो ।औपचारिक पद्धति भन्दा बाहिर लचिलो ढङ्गबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो साँस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जिबनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन् । आफ्नो जीवनको इतिहास आफैं लेख्छन् तसर्थ सिकाई जीवन पद्धति सँग जोडिएको हुन्छ ।अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि शिक्षासँग सीप र आम्दनी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानिक सुनिश्चिततामा शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्य नं ४ तथा गण्डकी प्रदेशको आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७८ २०८७ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्द्धन गर्नेतर्फ लैजानुपर्दछ । यस खण्डमा स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका धारमा समस्या एवं चुनौतिहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसको उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वन बाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यसमा समावेश गरिएको छ ।

### ३.९.२ वर्तमान अवस्था

मंगला गाउँपालिका लाई २०७४ सालमा साक्षर गाउँपालिकाको रुपमा घोषणा गरिएको हो। २०७४ साल भन्दा अगाडी म्याग्दी जिल्लामा विभिन्न गाउँपालिका हरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा भए यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६०वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ। म्याग्दी जिल्ला २०७५ सालमा साक्षर जिल्लाको रुपमा घोषणा भएको हो। जिल्ला साक्षर घोषणाहुनु पूर्व साविकका गाउँपालिकाहरूमा अनौपचारीक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आए। यस कार्यक्रमले स्थानीय नियकाए हरूमा साक्षरताका कक्षा सञ्चालन भए साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन भए। साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषत महिलाहरूलाई समूह बनाइ आय आर्जन कार्यक्रम संग समेत जोडी महिलाको समूह बनाइ बचत तथा ऋणका कार्यक्रम हरू सञ्चालन गरीए। यी कार्यक्रम सञ्चालन का लागि समूहलाई रु १० हजार विउ पूजी उपलब्ध गराएने समूह सदस्यलाई बचत तथा ऋण सम्बन्धी तालिम समेत प्रदान गरीए। कार्यक्रम प्रभावकारी बनाउन विभिन्न बर्षहरूमा गरेर जिल्ला भरमा २१ सिकाइ केन्द्र समेत स्थापना भए। गाउँगाउँमा महिलाहरूको समूह बनाई उनीहरूलाई आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिऊ पूजी वितरण गरियो। समूहका महिला सदस्यहरूले आफ्नो गक्ष अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋण को व्यवस्था गरी आफूलाई गारो सारो परेको बेलामा सरसापट गरेर अथवा न्युनतम ब्याजमा त्यो रकमलाई वितरण गर्ने र सोबाट प्राप्तहुने ब्याज मूलधनमा जोडि समूहले आर्जन गर्ने र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही बर्ष सम्म रहँदै आयो। सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारीक शिक्षा तर्फको कार्यक्रम सञ्चालन गर्ने ब्बस्था भए प्रभावकारी हुन सकेनन्। मंगला गाउँपालिका वडाहरू( साविकका गाविस हरू) विभिन्न बर्षमा गरेर १५ देखि ६० बर्ष सम्मका विभिन्न बर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरू बाट १५ देखी ६०बर्षको कुल जनसंख्या १२१५२ मा ११७०९ साक्षर भै गाउँपालिकाको १५देखि ६० बर्ष उमेरको जनसख्यामा कुल साक्षरता ९६.४ पुगेको छ।

२०६३ सालको जनआन्दोलनको परिणामस्वरूप देशमा भएको राजनीतिक परिवर्तनले मुलुक एकात्मक शासन व्यवस्थाबाट गणतन्त्रात्मक शासन व्यवस्थामा जान पुग्यो। परिणामस्वरूप देशमा एउटा संघीय सरकार सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार हुनपुगे। साविकमा संघीय सरकारको जिल्ला शिक्षा कार्यालयको मातहतमा रहने गरी सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र समेत स्वभाविक हिसावले तत् तत् स्थानिय तहमा हस्तान्तरित भए। मगला गाउँपालिकामा ३ वटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन्। ती सामुदायिक केन्द्रहरू मंगला गाउँपालिकाको हालको वडा नम्बर १मा एउटा वडा नम्बर २ मा एउटा र वडा नं ३ मा एउटा गरी जम्मा ३ वटा सिकाइ केन्द्र सचालनमा रहेता पनि ती केन्द्रहरूले न्यूनतम् पारिश्रमिक लिने बाहेक उपलब्धिमूलक कार्य गर्न सकेका छैनन।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षा का माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालय ले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/ शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापन को जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुनसकेको देखिँदैन आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्याङ्कका लागि पनि राष्ट्रिय जनगणनाको नतिजामा भर पर्नुपर्ने अवस्था रहेको छ ।

## ३.९.३ समस्या तथा चुनौतिहरू

माथि उल्लेखित सन्दर्भ र विश्लेषणको आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतिहरू निम्न अनुसार पहिचान गरिएको छ ।

१. साक्षर गाउँपालिका घोषणा गरिएको भएतापनि नीर अक्षरहरूको संख्या अद्यपि हुनु ।
२. सामुदायिक सिकाइ केन्द्र यसको स्थापनाको मर्म र भावना अनुसार प्रभावकारी ढंगले सञ्चालनमा नआउनु
३. सामुदायिक सिकाइ केन्द्रको सञ्चालनका लागी न्युनतम बजेटको ब्यस्था हुनु
४. सिकाइ केन्द्का परीचालक र ब्यस्थापन समितको क्षमता अभिबृद्धि हुन नस्कनु
५. नव साक्षरहरूलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्रजनका कार्यक्रममा लगाउन दिन नसकिनु
६. सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षाका कार्यक्रमहरूमा अगुवाई गर्न नसक्नु
७. औपचारिक शिक्षा अनौपचारिक शिक्षाका बीचमा सह सम्बन्ध कायम गर्न नसकिनु
८. युवा तथा प्रौढ हरूमा कार्यमूलक साक्षरता पढने बानीको कमी र डिजिटल साक्षरता को कमी अनौपचारिक शिक्षा खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाई प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु ।

९. साक्षरता निरन्तर सिकाइ आयमुलक सिप समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ तथा समकक्षता को व्यवस्था हुन नसक्नु

### ३.९.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने
२. अनौपचारिक तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने
३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउने।

### ३.९.५ रणनीतिहरू

योजनाका उद्धेश्य हासिल गर्नका लागि निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ।

१. सामुदायिक सिकाई केन्द्रलाई सुदृढिकरण गरी अनौपचारीक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ।
२. गाउँपालिका भित्र पुन घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने छ।
३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार प्रदेश सरकार र अन्य संघ संस्था सग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालनगरिने छ।
४. नवसाक्षर प्रोढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र ब्यबशायीक बनाउन सहयोग गरिने छ।

### ३.९.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै नागरिकहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने

**ख)प्रमुख नतिजा**

१. साक्षर निरक्षर लगायत अनौपचारीक शिक्षा तथा बैकल्पीक सिकाइ संग सम्बन्धीत तथ्याङ्क संकलन भै अद्याबधिक हुने

२. सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण भै साक्षरता निरन्तर शिक्षा तथा आय आर्जनका कार्यक्रम सचालन हुने

३. निरक्षर साक्षर हुने साक्षर ले निरन्तर शिक्षा र जीवनो पयोगी सीप प्राप्त गर्ने

४. महिला तथा प्रौढहरू आय आर्जन गरी जीवन निर्वाह र स्वावलम्बी आत्मनिर्भर हुने

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि तालिम र अनुदान | सङ्ख्या | | | १५ | १५ | | ३० | ३० | |
| २ | घरधुरी सर्वेक्षण साक्षर निरक्षर को तथ्याङ्क संकलन | पटक | १ | | | | | १ | २ | |
| ३ | महिला तथा प्रौढहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २० | ४० | |
| ४ | प्रौढहरूलाई सीपविकास तालिम र आयआर्जनका कार्क्रम प्रदान | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | २०० | |

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

गुणस्तरीय शिक्षा भन्नाले काम लाग्ने र जीवनोपयोगी शिक्षा भन्ने बुझिन्छ । शिक्षाले ब्यक्ति, समाज र राष्ट्रको अपेक्षा पुरा गर्नु पर्दछ । शिक्षा किताबसँग मात्र सिमित छैन । यो तोकिएको पाठ्यक्रम भन्दा ब्यापक र बृहद छ । विद्यार्थीहरूलाई पाठ्यक्रममा मात्र लगाम लगाउनुको साटो उनीहरूको ब्यवहार, सोचाइ, स्वभाव र सिर्जनात्मकतामा सकारात्मक परिवर्तन ल्यायी जीवन उपयोगी नैतिक र व्यावसायिक शिक्षा दिनु नै गुणस्तरीय शिक्षा हो भन्न सकिन्छ

युनिसेफ (**UNICEF**) ले विद्यार्थीहरूको वाह्य अनुभव, सिकाइ गर्ने वातावरण, शैक्षिक विषयवस्तु, सिकाइ प्रक्रिया र शैक्षिक परिणाम, जस्ता पाँचवटा तत्वहरूको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरेको छ ।

शिक्षामा गुणस्तरको मापदण्ड भनेको परीक्षामा उच्च अंक ल्याउनु मात्र कदापि होइन । परीक्षामा उच्च अङ्क ल्याउनुको अर्थ हो उसको स्मरण शक्ति, लेख्ने शैली र लेख्ने गतिको स्तरको मापन मात्र हो। तर गुणस्तरीय शिक्षाको मापन समाजका सद्स्यहरूको मानवता, समाजको हितमा हुने उसको व्यवहार र आफ्नो जन्मथलो र समाजका लागि उसले पुर्याउने योगदानले गर्छ । गुणस्तरीय शिक्षाले आफ्ना गाउँ ठाउँको प्राकृतिक स्रोत र साधनलाई उत्पादनमा लगाउँने नागरिक उत्पादन गर्छ । गुणस्तरीय शिक्षाले आफ्ना गाउँ ठाउँको भौगोलिक वातावरण र सँस्कृतिको सँरक्षण सहित आफ्नो समाजलाई अन्य समाजमा तुलनामा सुखी र सम्बृध्द समाज बनाउन आफ्नै स्रोत साधन र आवश्यक्ता अनुसार बाह्य स्रोतको उचित र सहि प्रयोगका तौर तरिकाको विकासमा निरन्तर लाग्ने व्यक्ति निर्माण गर्छ ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षाको व्यवस्थापन र नियमन गर्ने सम्पूर्ण रूपमा स्थानीय तहलाई सुम्पिएको छ । संघीय संविधानअनुसार शिक्षासम्बन्धी मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा सहज पहुँचको सुनिश्चितता गरेको छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्कका साथै अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई उच्च शिक्षासम्म निःशुल्क पढ्न पाउने हकको व्यवस्था गरेको छ । त्यस्तै दृष्टिविहीन तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने मात्र नभएर मातृभाषामा शिक्षा आर्जन गर्ने व्यवस्थासमेत संविधानमा उल्लेख छ ।

सरकारी लगानि र संयन्त्रबाट सञ्चालित सामुदायिक विद्यालयहरू सार्वजनिक विद्यालय हुन् । गुणस्तरिय सार्वजनिक शिक्षा प्राप्तीको लागि गुणस्तरीय आधारभुत तत्वहरू आवश्यक हुन्छन जुन यसप्रकार रहेका छन् ।

१. गुणस्तरीय नेतृत्व २. गुणस्तरीय शिक्षक ३. गुणस्तरीय सिकारु ४. गुणस्तरीय सिकाइ ५. गुणस्तरिय विषय वस्तु ६. गुणस्तरीय पूर्वाधार ७. गुणस्तरीय व्यवस्थापन ८. गुणस्तरीय लगानी ९. गुणस्तरिय नीति:

दूरदर्शी शैक्षिक नेतृत्व, चुस्त व्यवस्थापन, समर्पित शिक्षक, अनुशासित विद्यार्थी, सचेत अभिभावक, समसामयिक शिक्षानीति तथा पाठ्यक्रममा मात्र लगानीअनुसार उन्नत शैक्षिक प्रतिफलको अपेक्षा गर्न सकिन्छ । सामुदायिक विद्यालय सबल बनाउँदै गुणस्तरीय शिक्षा आर्जन गर्ने उत्कृष्ट शिक्षण संस्थाका रूपमा विकास गर्न पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, जवाफदेहिता, विद्यार्थी उपलब्धिस्तरका आधारमा निष्पक्ष पुरस्कार र दण्डको व्यवस्था आदिलाई आधारभूत सर्तका रूपमा लिन सकिन्छ ।

### ३.१०.२ वर्तमान अवस्था

नेपालको वर्तमान सार्वजनिक शिक्षा गुणस्तरीय हुनु आवश्यक छ भन्ने कुरा सबैको चासोको विषय बनेको छ । शैक्षिक गुणस्तर मापन केन्द्रले प्रकाशन गरेको सन् २०१८ को रिपोर्टमा विद्यार्थीको अन्तर्निहित क्षमता ०.४४९२ रहेको छ । सन् २०१५ को तुलनामा यो सुधार भएको देखिन्छ । सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षा १० मा लिइएको २०७५ को SEE नतिजा र गण्डकी प्रदेशको २०७६ को नतिजा निम्नानुसार रहेको छ ।

| श्रेणी ( GPA ) | विद्यार्थीको प्रतिशत ( २०७५ ) राष्टिय रूपमा | गण्डकी प्रदेश नतिजा ( प्रतिशतमा ) ( २०७६ ) |
|---|---|---|
| ३.६ – ४ | ०.८६ | ३.८४ |
| ३.२० - ३.६ | ३.४५ | १२.३१ |
| २.८ - ३.२० | ८.१० | १७.१६ |
| २.४ - २.८ | १६.५२ | २०.९१ |
| २.४ भन्दा तल | ७१.०७ | ४५.७८ |

मंगला गाउँपालिकाको नतिजा पनि माथि तालिकामा रहेको अवस्थाकै निकट रहेको छ । सार्वजनिक विद्यालयको नतिजा कमजोर रहेको र यसलाई सुधार गर्नुपर्ने देखिन्छ । वि.स. २०७५ को नतिजा वास्तविक नतिजा भए पनि २०७६ को नतिजामा कोविडको कारण केही लचिलो बनेको हो । GPA २.४

देखि माथिको नतिजालाई राम्रो (गुणस्तरीय) मानिन्छ। वि.सं. २०७५ मा २८.९३ प्रतिशत विद्यार्थीहरूको मात्र GPA २.४ देखि माथि छ।

मंगला गाउँपालिकाको वि.सं. २०७६ को नतिजा (उपलब्धि ) निम्नानुसार रहेको छ

| कक्षा ↓ | विषय ⟶ | नेपाली | अङ्ग्रेजी | गणित | सामाजिक | विज्ञान | औसत |
|---|---|---|---|---|---|---|---|
| कक्षा ३ | | ५९.४ | ६४.७ | ६२.४ | ६२.१ | ६१.५ | ६२.०२ |
| कक्षा ५ | | ५७.९ | ५८.३ | ४९.४ | ४६.५ | ५४.३ | ५३.२८ |
| कक्षा ८ | | ६०.१ | ५७.४ | ४९.६ | ५७ | ५९.८ | ५६.७८ |
| जम्मा | | ५९.१३ | ६०.१३ | ५३.८ | ५५.२ | ५८.५३ | |

माथिको उपलब्धि तालिका हेर्दा मुख्य विषयहरूको उपलब्धि ६० भन्दा माथि जान नसकेको देखिन्छ। धैरै विद्यार्थीहरूको उपलब्धि ५० कै हाराहारीमा रहेको पाइन्छ।

मंगला गा.पा.मा रहेका ४२ सार्वजनिक विद्यालयमध्ये कक्षा १२ सम्म पठनपाठन हुने ३ विद्यालय मात्र छन्। यी विद्यालयहरूको कक्षा ११ र १२ मा शिक्षा र व्यवस्थापन संकायको पठनपाठन हुने गर्दछ। कक्षा १२ को नतिजा समेत सन्तोषजनक रहेको अवस्था छैन। कक्षा १० सम्म पठनपाठन हुने ४ विद्यालयहरू छन्। गाउँपालिकाभित्र एउटा क्याम्पस रहेको छ। यहाँ शिक्षा संकाय अन्तर्गत स्नातकसम्मको पठनपाठन हुने गर्दछ।

विद्यालयको आधारभूत तह (१-५) मा उपलब्धि सुधारका लागि दिवाखाजाको व्यवस्था गरिएको छ। एक विद्यालय बाहेक सबैमा खानेपानीको व्यवस्था छ। केही विद्यालयहरूमा शौचालयको अभाव कायमै छ। उपयुक्त कक्षा कोठा र शैक्षिक सामाग्रीहरूको अभाव समेत रहेकै छ। विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय आदिको व्यवस्थापनमा थप प्रयास भएमा गुणस्तरीय शिक्षामा सहयोग पुग्नेछ। मंगला गाउँपालिकाका विद्यालयहरू औसतमा २३३ दिन खुलेको पाइन्छ।

४४ वालविकास केन्द्रमा ४४ जन शिक्षक छन् भने साविक प्रा.वि. तहमा १३१, निम्न माध्यमिक तहमा ३४, माध्यमिक तहमा १९ र उच्च माध्यमिक तहमा ६ शिक्षकहरू रहेका छन्। आधारभूत तहमा कक्षा अनुसार शिक्षकको व्यवस्था नभएकोले पठनपाठनमा नकरात्मक प्रभाव परेको छ। माध्यमिक तहमा विषय अनुसार शिक्षक व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

मंगला गाउँपालिका भित्र सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि तथा सबलीकरणका चुनौतі तथा समस्याहरू निम्नानुसार छन्

१. सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाको परिवारमा शिक्षित अभिभावकको कमी, आवश्यक शैक्षिक सामाग्रीको कमी, विद्यालय नियमिततामा कमी, पोषणको कमी जस्ता कारणले सामुदायिक विद्यालयका विद्यार्थीको शैक्षिक उपलब्धि कम छ
२. सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षा नपाएका अभिभावकका बालबालिका हुने गरेको कुरा पनि अध्ययनले देखाएका छन् ।
३. विद्यालयले बालविकास केन्द्रलाई व्यवस्थित बनाउन सकिएका छैनन् । बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पर्याप्त खेल्ने सामग्रीको व्यवस्था, तालिमप्राप्त शिक्षक इत्यादि अभावहरू रहेका छन् ।
४. सार्वजानिक शिक्षाको मुल समस्या भनेको तहगत रुपमा बालबालिकाले सिक्नुपर्ने सिकाइको सुनिश्चितता हुन नसक्नु हो । उपलब्धि उच्च बनाउन सकिएको छैन ।
५. कक्षाकोठामा आवश्यक पर्ने न्युनतम पनि शिक्षण सिकाइ सामाग्रीको व्यवस्था गर्न नसक्नु, शिक्षकले आफ्नो पेशागत विकास गर्न स्वसिकाइको प्रयास नहुनु, सिकाइ सहजीकरणको सट्टा परम्परागत शिक्षण प्रक्रियालाई प्रयोग गर्नु, पाठ्यक्रम, शिक्षक निर्देशिकाको सट्टा पाठ्यपुस्तकलाई शिक्षणको प्रमुख साधन बनाउनु,
६. सामुदायिक विद्यालयमा शिक्षक योग्यता र क्षमताको कमीले भन्दा पनि मेहनत गर्न, थप समय काममा खट्न उत्प्रेरणाको कमीले शिक्षण सिकाइमा सक्रिय नभएको देखिन्छ,
७. सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुको महत्वपूर्ण कारण विद्यालयमा पढाइ हुने दिन, समय र घण्टा कम हुनु हो । सामुदायिक विद्यालयहरू मात्र होइन सार्वजनिक कलेजहरू पनि विभिन्न बहानामा धेरै दिन बन्द हुन्छन् । स्थानीय बिदा स्थान विशेष गर्नैपर्ने बाध्यता हुन्छ ।
८. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग नहुनु
९. आधारभूत तहमा प्रयाप्त शिक्षक दरबन्दी नहुनु र माध्यमिक तहमा विषय शक्षकको अभाव हुनु
१०. फितलो प्रशासनिक व्यवस्थापन
११. राम्रा शिक्षकलाई पुरस्कार र गल्ती भएमा दण्डको व्यवस्था नहुनु
१२. शिक्षणका लागि गुणस्तरीय पूर्वाधारको अभाव हुनु

## ३.१०.३ उद्देश्य

वालविकास, आधारभूत र माध्यमिक शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु

१. विद्यालयलाई वालमैत्री, समावेशी र सुरक्षित बनाइ विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु
२. शिक्षण सिकाइ क्रियाकलाप समय सपेक्ष बनाउदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु

## ३.१०.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. अनिवार्य आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिने छ।
२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र विद्यालयले दिवाखाजा व्यवस्थापन गर्नेछन्।
३. शिक्षकहरूमा तालिमको व्यवस्था सहित प्रविधि मैत्री बनाइनेछ।
४. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गरिने छ।
५. पठनपाठनको समय र शिक्षकले कक्षाकोठामा बिताउने समय चुस्तदुरुस्त बनाइने छ।
६. उपलब्धि वृद्धि गर्न आधारभूत तहदेखिनै सिकाइ उपलब्धिमा सुधार गरिदै तहगत रुपमा बालबालिकाले सिक्नुपर्ने सिकाइको सुनिश्चितता गरिने छ।
७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गरिने छ।
८. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालिको व्यवस्थापन गरिने छ।
९. गरेर सिक्ने (Learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइने छ।
१०. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइने छ।
११. घेरावार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिंदै सुविधसम्पन् वालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिने छ
१२. आधारभूत तहमा कक्षागत र माध्यमिक तहमा विषयगत दक्ष शिक्षकको व्यवस्थापनमा जोड दिइने छ।
१३. विद्यार्थीहरूलाई छात्रवृत्ति, पोषाक र दिवा खाजाको प्रबन्ध गरिने छ
१४. गुणस्तरीय शिक्षक, गुणस्तरीय सिकाइ, गुणस्तरीय व्यवस्थापन र गुणस्तरीय पूर्वाधारमा जोड दिइने छ।
१५. नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित गरिने छ।

१६. दैनिक जीवनमा प्रयोग हुने अतिरिक्त क्रियाकलाहरू (खेलकुद, गायन, नृत्य, लेखन, अभिनय, लगायत विविध विषयहरू) विद्यालय र गाउँपालिकाभित्र विद्यार्थीहरू बीचमा सञ्चालन गरिने छ ।

## ३.१०.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उच्च शैक्षिक उपलब्धि सहित गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चितता हुने

**ख) प्रमुख नतिजाहरू**

१. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने
२. विद्यालय वालमैत्री, समावेशी, सुरक्षित हुनुका साथै विद्यालय प्रशासन र व्यवस्थापन चुस्तदुरूस्त र जवाफदेही हुने
३. सबै कक्षा र तहका सिकाइ उपलब्धि उच्च हुने
४. गुणस्तरीय सिकाइ, व्यवस्थापन र पूर्वाधार सहितको सार्वजनिक शिक्षा हुने
५. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार भइ प्रविधि मैत्री शिक्षकको व्यवस्थापन हुने
६. दैनिक जीवनमा प्रयोग हुने अतिरिक्त क्रियाकलाहरूमा विद्यार्थीहरू सक्रिय हुने

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिकामा गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार विकास (भवन र कक्षाकोठा) | कोटा | | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| २ | खानेपानी , शौचालय, विज्ञान प्रयोगशाला, पुस्तकालय र मर्मत सम्भार | कोटा | | ७ | ७ | ७ | ७ | २८ | ४० | |
| ३ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | विद्यालय | १० | २० | १० | | | ४० | ४० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ४ | शैक्षिक सामग्री व्यवस्थापन | विद्यालय | १० | १० | १० | १० | | ४० | ४० | |
| ५ | कक्षागत र तहगत उपलब्धि मूल्याङ्कनवारे छलफल | प्र.अ. र शिक्षक | ४० | ४० | ४० | ४० | | ४० | ४० | |
| ६ | शैक्षिक सामग्रीको व्यवस्था (निर्माण र वितरण) | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ७ | व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकलाई नियमित अभिमुखीकरण | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ८ | दिवा खाजा व्यवस्थापन र अनुगमन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ९ | विद्यालय अनुगमन र सुपरीवेक्षण, शिक्षक सहायता | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| १० | अतिरिक्त कक्षा सञ्चालन र व्यवस्थापन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ११ | गाउँपालिकका विद्यालयहरूको गुणस्तर परीक्षण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ४० | ४० | विषय अनुसार |
| १२ | संकटपूर्ण अवस्थामा वैकल्पिक शिक्षणको व्यवस्थापन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | परिस्थितिजन्य विकल्पको प्रयोग |
| १३ | पुस्तकालय/ बुक कर्नर | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |

## ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच / समावेशी शिक्षा

### ३.११.१ परिचय

विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरू बिच गरिने असमान व्यवहार नै शैक्षिक समता हो ।यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । मंगला गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राह्मण क्षेत्री दलित जनजाति अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएका समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस गाउँपालिकामा बढी छ । सम्पत्तिको माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका दलित विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठिन रहेको छ ।
विविधतालाई पहिचान दिनु सम्मान गर्नु मनोरञ्जन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ ।यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पूरै अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चिता गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्ता बाधाहरू ठाउँपिच्छे भिन्न फरक छन् । यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

### ३.११.२ वर्तमान अवस्था

मंगला गाउँपालिकामा ४० सामुदायिक विद्यालय र ३ संस्थागत विद्यालय गरी ४३ विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी ४४ वटा बालविकास केन्द्रहरू रहेका छन् फ्ल्यास रिपोर्ट २०७७ बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी ३५ जना अपाङ्गता भएका बालबालिकाको विद्यालयमा भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने गरिएको छ । कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोर्टिङ नभएकाले संख्या कम देखिन गएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ । यस गाउँपालिकामा विद्यार्थी कुल भर्नामा दलितको प्रतिशत रहेको छ भने जनजातिको प्रतिशत रहेको छ । समग्रमा छात्राको प्रतिशत रहेकोले समुदायमा पछाडि परेको बर्गको शिक्षामा पहुँच कम छ भन्न नमिल्ला तापनि अर्थपूर्ण सहभागिता आवश्यक देखिन्छ । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू सडक बालबालिकाहरू असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई आवासीय र गैरआवासीय छात्रवृत्ति रूपमा तोकिएको नर्म्सको आधारमा प्रदान गरिने गरिन्छ खासगरी आधारभूत तहका कक्षा १-८ मा अध्ययन गर्ने सबै छात्राहरू र दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिन्छ । यस प्रकारको सहयोगले समेत पहुच बृद्धि भएको पाइएको छ । अपाङ्गता भएका बालबालिकाहरूका लागि सिकाइमा सहजीकरण गर्ने कार्यमा थप सहायताको व्यवस्था गरिएको हुन्छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनका क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरूलाई थप समयको व्यवस्थासमेत गरिने प्रावधान छ । यस गाउँपालिकामा कुनैपनि प्रकारको स्रोतकक्षा छैन । बहिरा बालबालिकाहरू सुस्त मनस्थितिका बालबालिकाहरू दृष्टिविहीन बालबालिकाहरूका लागि छुट्टै स्रोत कक्षाको ब्यबस्था यस गाउँपालिकामा हुन नसकेको भएतापनि त्यस्ता प्रकृतिका बालबालिकाहरूलाई छिमेकी पालिकाहरूमा सञ्चालनमा रहेका स्रोतकक्षामा पठाइ उनीहरूलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । त्यसैगरी यस गाउँपालिकाबाट SLC/SEE उत्तीर्ण गरी गरी प्राविधिक धारको उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूको लागि गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराई प्राविधिक शिक्षा अध्ययन गर्ने कार्यमा पहुँचलाई सहज

बनाएको छ यति हुँदाहुँदै पनि समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकेको अवस्था छैन।

### ३.११.३ समस्या तथा चुनौतिहरू

माथि उल्लेखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको बर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरू निम्न रहेका छन्:-

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु
३. बिद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु
५. समाजमा अझैपनि विभेद दुर्व्यवहार हेपाइ र बालमैत्री व्यवहार नहुनु
६. समाजमा पछि परेको वर्ग दलित गरिब अपाङ्गता भएको व्यक्ति समेतलाई प्रधान गरिने सहायता न्यून हुनु

### ३.११.४ उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच पुऱ्याउने
२. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
३. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने
४. समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्ने

### ३.११.५ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाको बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधि गरी राखिने छ
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ।

५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ।
८. विद्यालयहरूमा बिशेषत छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ।

## ३.११.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि ( Outcomes)**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपागता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने

**ख) नतिजा (Key results)**

१. अपाङ्गता,गरिव, विपन्न,अभिभावक विहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरूको आदिको अभिलेख गाउँपालिकामा हुने,

२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने

३. लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्त प्राप्त गरेको हुने।

४. विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | | १० | १० | १० | १० | ५० | ५० | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | | | १ | १ | १ | ३ | ६ | |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३ | लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ४ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | ५० | | | | | ५० | १०० | |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |

# ३.१२ शिक्षामा सूचना प्रविधि

## ३.१२.१ परिचय

आजको युग सूचना प्रविधिको युग हो । सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरिन्छ । वैज्ञानिक आविष्कार तथा आधुनिकतम् प्रविधिले मानव जीवनमा धेरै ठूला परिवर्तनहरू ल्याउन सफल भएका छन् । मानिसलाई बाँच्न, हिंडडुल गर्न, काम गर्न लगायतका विविध क्षेत्रमा विशेषतः सूचना प्रविधिको प्रयोगले अकल्पनीय बदलाब ल्याएको छ । पारम्परिक मूल्य–मान्यतालाई सूचना प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरिएको ठाउँमा नवीन मूल्य–मान्यतालाई स्थापित गर्दै लगेको आजको यथार्थ हो ।

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौति दिंदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक प्रतिष्ठानहरूमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने सूचना प्रविधिबिना अघि बढाउने प्रयत्न गरिएमा त्यो अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नुपर्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ ।
युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीचमा ठूलो खाडल रहेको आभाष हुन्छ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ ।

चित्र, रङ्ग र ध्वनिको सम्मिश्रण हुने हुनाले यसबाट प्रभावकारी शिक्षा प्रदान गर्न सम्भव हुन्छ । ग्रामीण भेगमा दूर शिक्षाको माध्यमबाट शहरी क्षेत्रको सुविधासम्पन्न विद्यालयमा भएका विविध शैक्षिक

क्रियाकलाप एवम् पठनपाठनका तरिका देखाउन सकिन्छ । भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाउँमा अन्यत्र भएका प्रयोगात्मक कक्षाको श्रव्यदृश्य सामग्रीको प्रयोग गरेर देखाउन सकिन्छ । सूचना प्रविधिको द्रुतरत विकास, बढ्दो प्रयोग, यसमा निहीत विषय वस्तुको प्रकृति र घट्दो मूल्यका कारण शिक्षण सिकाइ प्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुने देखिन्छ ।

इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने सेतुको कार्य गर्छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिन्छ । यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा पनि दक्ष बनाउनुपर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् ।

यसले उनीहरूलाई बढी समाजिकीकरण हुन सघाउँछ । यो उपाय शिक्षक केन्द्रितभन्दा प्रविधि केन्द्रित हुनेछ जसले विद्यार्थीलाई आफैँ सिक्न प्रेरित गर्छ र शिक्षकको परम्परागत भूमिकामा परिवर्तन ल्याउनेछ । विकसित देशहरूले यो प्रविधिलाई धेरै पहिले नै प्रयोग गरी शैक्षिक क्षेत्रमा ठूलो फड्को मारिसकेको परिवेशमा प्रविधिप्रति बेवास्ता गर्नु शिक्षालाई पुरानै ढाँचा र ढर्रामा हिँडाउने प्रतिगामी सोच बाहेक केही पनि हुन सक्दैन । शिक्षामा सूचना प्रविधिले सिर्जना गरेका चुनौति चिर्नुपर्ने र पाठ््यक्रमलाई समयसापेक्ष प्रविधिमैत्री बनाउँदै परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ । शैक्षिक नीति निर्माताले शिक्षण सिकाइको गुणस्तरलाई वृद्धि गर्नका लागि सफलतापूर्वक सूचना प्रविधिको प्रयोगमार्फत शैक्षिक सेवाहरू दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्नेतर्फ योजना बनाउनुपर्छ ।

सरकारले आ.व. २०७५/०७६ को बजेटमा सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दूरसञ्चार कोषको रकम समेत उपयोग गरी सबै सामुदायिक विद्यालयमा उच्चगतिको निःशुल्क इन्टरनेट सेवा पु¥याउने भनेको भए पनि आशातीत सफलता प्राप्त हुन सकेन । आजको युग द्रुतगतिमा सूचना सम्प्रेषित गरी प्रभावकारी रूपमा कम खर्च र कम मेहनतमा बढीभन्दा बढी सूचना तथा ज्ञान ग्रहण गर्ने परिस्थितिको निर्माण गर्नु आजको खाँचो हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नयाँ युगको सूत्रपात सूचना प्रविधिको कारणबाट हुन सफल भएको हो । आधुनिक सभ्यताको जग यसबाटै सम्भव भएको हो । समाज विकासको आजको चरणसम्म आइपुग्दा सूचनाप्रविधिको क्षेत्रमा निरन्तर भइरहेको परिवर्तनलाई नजरअन्दाज गर्न सकिँदैन । आवश्यकता नै आविष्कारकी जननी हुन् भने झैं मानिसका भौतिक आवश्यकता र संसारमा बढिरहेको जनसंख्याको कारणबाट सृजित पेचिला संकटको समाधान गर्न सूचना प्रविधिको उपयोग गरिने प्रचलन बढ्दै गएको छ ।

सूचना प्रविधिको कारणबाट मानवीय सम्बन्धमा पनि फेरबदल आउन थालेको र शिक्षा क्षेत्रमा त सूचनाप्रविधि अनिवार्य झैं हुन थालेको छ। उच्च चेतनाको विकास गरी श्रमको सम्मान गर्ने नागरिक तयार गर्ने आधारको रूपमा रहेको शिक्षालाई सूचना तथा प्रविधिबाट अलग राख्ने हो भने युगका चुनौतिलाई शिक्षाले सम्बोधन गर्न सक्दैन। शिक्षामै आफ्नो भविष्य पनि देख्ने सक्षम जनशक्ति निर्माण गर्ने शिक्षाको मूल उद्देश्य हो। हामी एक्काइसौं शताब्दीको अति आधुनिक युगमा बाँचिरहेका छौं। तर, युगको हाँकलाई सामना गर्न सक्ने र विश्वमा भएका बदलाबलाई आत्मसात गर्ने गरी हाम्रो शिक्षानीतिमा सूचना तथा प्रविधिलाई आत्मसात गर्ने गरी परिवर्तन गर्न आवश्यक छ। नयाँ युगका चुनौतिसँग जुध्न सक्ने र प्राप्त विशाल अवसरलाई उपयोग गरी समाज र राष्ट्रलाई प्रगतिको सुमार्गमा डोऱ्याउन सक्ने सुयोग्य नागरिक उत्पादन गर्ने शिक्षा नीति आजको खाँचो हो।

उच्च चेतनायुक्त प्राविधिक दक्ष नागरिक तयार गर्ने उद्देश्यका साथ शिक्षानीतिमा आमूल परिवर्तन गर्नु अत्यावश्यक भइसकेको छ। शिक्षानीतिमा नेपाल सुहाउँदो सूचना तथा प्रविधिसहितको वैज्ञानिक ढाँचा कस्तो हुनुपर्छ भन्ने कुरा नीति–निर्माता र राजनीतिक तथा शैक्षिक नेतृत्वले सरोकारवाला सबैसँग गरिने घनिभूत छलफल, बहस र अन्तरक्रियाबाट निक्र्यौल गरिने विषय हो। आजको शताब्दीका आवश्यकतालाई सामना गर्न सक्ने वैज्ञानिक शिक्षानीति निर्माण गर्न प्रगतिशील र लोकतान्त्रिक दृष्टिकोणद्वारा निर्देशित हुनुपर्छ र रुढीवाद, अन्धविश्वास र कुरीतिकाविरुद्ध उभिएर सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने लक्ष्य बोकेको हुनुपर्छ। यसको लागि शिक्षामा सूचना प्रविधि पहिलो आवश्यकता हो। आजको शिक्षाप्रणाली अध्ययन र अनुशासनलाई गाँस्ने, शिक्षक र विद्यार्थी दुबै आम जनसमुदायसँग जोडिने हुनुपर्छ। पाठ्यक्रम निर्माणमा समेत शिक्षक, विद्यार्थी र अभिभावकबीचको त्रिपक्षीय संयोजनकारी भूमिकाका लागि सूचना प्रविधिको महत्वपूर्ण देन हुनसक्छ। मुलुकलाई साँचो अर्थमा लोकतान्त्रिकीकरण र आधुनिकीकरण गर्ने अभिभारा पूरा गर्ने सूचना प्रविधिसहितको पाठ्यक्रम निर्माण गर्ने शिक्षानीति हुनुपर्छ।

सिक्ने र सिकाउने सबालमा विकसित नवीनतम् विधि, नियम र तकनिकीहरूलाई कुशलतापूर्वक प्रयोग गर्नसक्ने उचित वातावरण सृजना गर्दै अन्य विकसित देशको तुलनामा हाम्रो देशलाई पुऱ्याउने आत्मविश्वास उमार्न सक्ने शिक्षानीति अबको युगमा सूचना तथा प्रविधिको क्षेत्रमा आएका परिवर्तनबाटै सम्भव हुन्छ। देशलाई प्रतिगमन र अधोगतितिर धकेल्ने होइन आधुनिकीकरणको दिशामा अघि बढाउने हो र आधुनिकीकरणको मूल मर्मलाई आत्मसात गर्ने हो भने शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई अनिवार्य आधार बनाउन सकिन्छ। सूचना तथा प्रविधिलाई मुलुकको पुनर्संरचनाको लागि एक महत्वपूर्ण आधारको रूपमा स्वीकार गरी शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तन आवश्यक छ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुबैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि वृद्धि हुन्छ र सबै प्रकारका विद्यार्थीको सहभागितामा हुने सिकाइलाई बढावा दिन सकिन्छ । अफलाईन तथा अनलाईन दुबै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने र शिक्षा लिने प्रक्रिया र क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठा बढी सजीव र प्रभावकारी हुन्छ । इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति नै ल्याएको छ । सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ ।

सफलतापूर्वक सूचना प्रविधिलाई प्रयोग गरेर शिक्षणलाई सशक्तीकरण गर्न धेरै चुनौतिहरू छन् । शिक्षकमा रहेको साधनस्रोतप्रतिको अनविज्ञता र विद्यालय परिवार सूचना प्रविधि मैत्री नहुनु, रेडियो, टीभी, मल्टिमिडिया, कम्प्युटर आदिको प्रयोगबाट सशक्त रूपमा शिक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वास शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घमा नहुनु प्रमुख अवरोधहरू हुन् । कम खर्चमा पनि सूचनाप्रविधिको प्रयोगबाट उत्तम शिक्षण हुनसक्छ ।

सोही अनुरूप पाठ्यक्रम निर्माण गर्ने र पाठ्यपुस्तक लेखी व्यवहारमा पनि लागू गर्नु आवश्यक छ । सूचना प्रविधिको प्रयोगबाट सबै विषयहरू शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको माग हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने सच्चाइलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ । आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो । शिक्षकले हिंड्ने बाटो र विद्यार्थीले ग्रहण गर्ने प्रविधि फरक नभएर समान र साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नु समयको माग हो ।

मंगला गाउँपालिका अन्तर्गत रहेका सबै विद्यालय शिक्षामा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्नु पर्ने देखिन्छ ।

## ३.१२.२ वर्तमान अवस्था

नेपालको संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रामक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि संविधानको धारा ५१को ज१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायियक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने । शिक्षाको अवस्था यही नै रहेमा यो संवैधानिक व्यवस्था अनुरूप हाम्रो देशले खोजेको जनशक्ति प्र्राप्त हुने कुरा क्षितिजको यात्रा जस्तै हुने देखिन्छ ।

राष्ट्रिय पाठयक्रम प्रारूप २०६३ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यक्ता औंल्याएको पाइन्छ । यसै प्रारूपबाट सूचना तथा प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यमका रूपमा विकास गर्ने नीति अगाडि सार्यो । आ.व. २०६४/०६५ देखि सूचना र प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अंगको रूपमा लिँदै हरेक वर्षको वजेट भाषण मार्फत प्राथमिकता पाउँदै आएको छ । यस आ.व. मा सूचनाप्रविधि शिक्षा अन्तर्गत १००० विद्यालयमा सूचना प्रविधि ल्याव स्थापित हुनेछन् ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।

सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहूँच पुर्याउने वषयहा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र निजी क्षेत्रको सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ । मंगला गाउँपालिकामा सूचना प्रविधिको अवस्था प्रारम्भिक चरणमा रहेको पाइन्छ ।

हालको कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, अफलाईन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रिया। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ । वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम् भूमिका हुने कुरामा कुनै शंका छैन होला ।

वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा १२ देखि दफा २० सम्म व्याख्यागरिएका निकायबाट आफ्नो भूमिकानिर्वाह गरी यस सिकाइलाई व्यवहारपरक र विद्यार्थीको पहुँचमा हुने गरी वैकल्पिक सिकाइ नभएको कुरा अकाट्य जस्तो छ ।

शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि मंगला गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमहरूमा प्रत्येक विद्यालयहरूलाई सूचना प्रविधि क्षेत्र प्रयोगका लागि वार्षिक रूपमा रू १२००० सहयोग गरेको छ । आधारभूत (६- ८) र माध्यमिक विद्यालयहरूमा ICT कार्यक्रम सञ्चालनमा ल्याएको छ । विशेष गरी

लेखा र कम्प्युटर शिक्षकहरूलाई ICT तालिमको व्यवस्था गरेको छ । विद्यालयमा पुस्तकालय स्थापनवसँगसगै इ-लाईब्रेरीको व्यवस्था गरिएको छ। डिजिटल डिभाइसरू ( कम्प्युटर, प्रिन्टर,प्रोजेक्टर, स्मार्ट टि.भी.) को व्यवस्थान गर्दै गरेको अवस्था छ। विद्यालयहरूले कक्षा (६-८) मा स्थानीय विषयको सट्टामा कम्प्युटर विषयको पठनपाठन गरिरहेका छन्।

मंगला गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था सुधारन्मुख रहेपनि धैरै समस्या र चुनौति समेत रहेका छन्। वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरूले प्रारम्भ गरे पनि विभिन्न कारणहरूले यसको प्रगतिमा समस्याहरू देखिएका छन्। इन्टरनेट सुविधाको अभाव, सबै विद्यार्थीसँग स्मार्ट मोवाइल नभएको, डाटहरूको व्यवस्थापनमा कठिनाइ भएको, विद्यार्थी शिक्षक अभिभावक मोवाइल सञ्चालन गर्ने सिपको अभाव, मोवाइल र रेडियो समेत नभएको, CUG सेवा सहज उपलब्ब हुन नसकेको, सबै विद्यार्थीहरूलाई आवद्ध गर्न कठिनाइ भएको देखिन्छ । कुनै विद्यालयहरूमा विद्धतको समेत अभाव भएकोले चुनौति थपिएको छ।

मंगला गाउँपालिका भित्र शिक्षा तथा सूचना प्रविधिमा निम्न समस्याहरू तथा चुनौतीहरू निम्नानुसार देखिन्छन्

१. दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,
२. सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
३. सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
४. सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सिप विकास गर्न नसक्नु,
५. सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरुकता, लगनशिलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
६. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु,
७. सूचना प्रविधिको कार्यान्वयन प्राथमिकतामा नपर्नु

सिकाइलाई सूचना प्रविधिसँग जोड्न तथा हालको कोभिड–१९ जस्तै अन्यमा हामारीमा समेत सूचना प्रविधिलाई प्रयोग गरी पठनपाठन र सिकाइलाई निरन्तरता दिन सकिन्छ । विद्यालयतहमा सूचना र प्रविधिको प्रयोगलाई सुनिश्चतता गर्न निम्न उपायहरू अवलम्बन हुन सकेमा यो समस्याको निदानमा केही सकरात्मक परिर्वतन आउन सक्छ।

### ३.१२.३ उद्देश्य

१. विद्यार्थीहरूको सिकाइलाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय बनाउन सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा विस्तार गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षक तथा विद्यार्थीहरूलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने
३. शिक्षा सेवालाई छिटो, सजिलो तथा सहज र रमाइलो बनाउने
४. शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउने

### ३.१२.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्थापन गरिने छ
२. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामाग्री ( एक शिक्षक एक ल्याप्टप कार्यक्रम ) व्यवस्थापन गरिने छ
३. विद्यार्थीहरूलाई आवश्यक पर्ने डिजिटल सामाग्रीहरू उपलब्ध गराइने छ ।
४. कक्षाकोठाहरू प्रविधि तथा सूचना मैत्री बनाइने छ ।
५. अपाङ्गता भएका बालबालिकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामाग्री वितरण गरिनेछ ।
६. IEMIS लाई थप व्यवस्थित गरिने छ ।
७. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ ।

### ३.१२.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

शिक्षक तथा विद्यार्थीहरूको लगि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम् प्रयोग भएको हुने

ख) नतिजा

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने
२. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहूँच हुने
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने
४. अनुगमन मूल्याङ्कन,सपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको वचत हुने
५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने

६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने
७. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने
८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने,

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ४० | |
| २ | विद्यालयमा इन्टरनेट जडान | विद्यालय | २० | २० | | | | ४० | ४० | |
| ३ | शिक्षक तथा कर्मचारीहरूलाई ICT तालिम | शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | |
| ४ | डिजिटल शैक्षिक सामग्री निर्माण | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| ५ | पाठ्यक्रम, पा.पु सन्दर्भ सामाग्री डिजिटलरूपमा उपलब्ध गराउने | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ६ | IEMES व्यवस्थित गर्ने | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ७ | शिक्षक कर्मचारीहरूलाई ल्यापटप वितरण | शिक्षक | ४० | ४० | ४० | ४० | २० | १८० | १८० | माथि मावि र आधारभूतमा भएको सहित |
| ८ | ई- लाईब्रेरीको विस्तार | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ४० | |
| ९ | प्रविधिमैत्री कक्षा कोठाको व्यवस्थापन | कक्षाकोठा | १८ | १८ | १८ | १८ | १८ | ९० | १५० | |
| १० | विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | विद्यालय | १० | १० | १० | १० | | ४० | ४० | |

## परिच्छेद-४ संस्थागत संरचना र क्षमता विकास (प्रदेश र सङ्घीय तहसँगको अन्तरसम्बन्ध)

### ४.१ परिचय

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

### ४.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ ।राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ ।

विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्। अन्य तालिम केन्द्रहरू खारेज भएका छन्। त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन्। साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन्। लोक लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७०० जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ। तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४ (घ) १ को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन। संघीय स्वरूप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका तेइसवटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन। एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुन: परिभाषित गर्नुपर्ने देखियो। जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ। साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ। तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ। कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन। विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन। शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ। विद्यालय निरीक्षक

र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याकन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ ।

## ४.३ उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्ने
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्ने
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

## ४.४ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ ।

३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ
५. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ।
६. पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख सञ्चालन ब्यबस्थापन गर्न गाउँ शिक्षा समिति गठन गरी क्रियाशील गरिने छ।
७. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ।
८. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।
९. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।
१०. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

## ४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप

**क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने

**ख प्रमुख नतिजाहरू**

१. तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
२. तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकारी स्पष्ट हुने
३. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमतामा सुधार हुने
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक कार्यसम्पादनप्रति उत्तरदायी विद्यार्थीको सिकाइप्रति जवाफदेही समतामूलक तथा समावेशी कार्यसम्पादन उद्देश्यमूलक प्रभावकारी तथा कुशल हुने

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय तहको शिक्षा ऐन तथा नियमावली निर्माण | सङ्ख्या | | १ | | | | १ | २ | पालिका स्तर |
| २ | गाउँ शिक्षा समितिको गठन | समिति | | | | १ | | १ | २ | पालिका स्तर |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरिने | प्र.अ. | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | हरेक वर्ष सबै प्रअसंग |
| ४ | शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धतिको विकास गरी कार्यान्वयन गर्ने | पद्धति | | १ | | | | १ | २ | पालिका स्तर |
| ५ | शिक्षक सहायता स्थापना | संयन्त्र | १ | | | | | १ | २ | पालिका स्तर |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि विभिन्न तहमा संयन्त्रको निर्माण | संयन्त्र | | ५ | | | | | | वडास्तर र पालिका स्तर |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण सरसफाइ तथा स्वच्छता, विपत् तथा महामारी सम्बन्धी सेवा तथा समन्यव सम्बन्धी विकास | विद्यालय | ४१ | | | | | ४१ | ४१ | विद्यालय र स्थानीय तह |
| ९ | शिक्षा सम्बन्धी जनशक्तिको क्षमता विकास | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| | | | | | | | | | | |

# परिच्छेद ५ : लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

कुनै पनि देश विकसित बन्नका लागि त्यो देशको शैक्षिक अवस्था राम्रो हुनुपर्दछ। शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरू विकासको दृष्टिकोणले उच्च अवस्थातर्फ लागेको पाइन्छ । राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रलाई मुख्य मेरुदण्डको रूपमा राख्दा देश विकासको गति तिव्र हुन जान्छ। आजका बालबालिकाहरू भोलिका देश निर्माताहरू हुन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन सक्छ। बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक स्रोत वितरण हुन आवश्यक छ।

नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्वपूर्ण आधारको रूपमा लिएको पाइन्छ। नेपालको संविधानले आधारभूत शिक्षा नि:शुल्क र अनिवार्य एवम् माध्यमिक शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरिएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरिएको छ । सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो। संविधानले व्यवस्था गरे अनुसार माध्यमिक तहको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो । शिक्षा साझा विषय भएकोले वित्तीय व्यवस्थापनमा संघ र प्रदेशले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ। स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवश्यक छ। वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ऋणको व्यवस्थासमेत गर्न सकिन्छ।

मंगला गाउँपालिकाले पनि माथि उल्लेख भए अनुसारका बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रमा व्यवस्थापन गर्ने गरेको पाइन्छ। शिक्षामा आवश्यक पर्ने केन्द्रिय, प्रादेशिक र स्थानीय बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रका उपलब्धिहरू हासिल गर्न प्रयास गरेको पाइन्छ । शिक्षकहरूको तलब भत्ताको व्यवस्था संघीय सरकारले व्यहोर्ने व्यवस्था छ। निजी क्षेत्रले समेत शैक्षिक क्षेत्रमा विद्यालयहरू स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिएको पाइन्छ।

## ५.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रमा पर्याप्त बजेटसहित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहेको छ। राज्यले शिक्षा क्षेत्रमा झण्डै ४% को हाराहारीमा बजेट व्यवस्थापन गरको पाइन्छ। विगत २०७३-२०७४ पछाडि कुल बजेटको ९-११ प्रतिशतिको हाराहारीमा संघीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरेको पाइन्छ। वैदेशिक सहायता मुख्य आधारमा रहेको छ। नेपालको सन्दर्भमा नेपाल सरकारले प्रति विद्यार्थी औषतमा रू १३४०६ लगानी गरेको पाइन्छ।

मंगला गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गरेको पाइन्छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र स्थानीय तहले आवश्यकता अनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ । नपुग शिक्षकहरू थप गर्ने, आइसिटीका लागि बजेट व्यवस्थापन, शिक्षकहरूलाई तालिम र प्रोत्साहन, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको छ । सुत्केरी महिला शिक्षक विदा बसेको अवस्थामा सट्टा शिक्षकको व्यवस्थापन समेत स्थानीय तहले गरेको छ । मंगला गाउँपालिकामा आ.व. २०७६/०७७ मा सशर्त अनुदान रू ११,६८,५८,०००। समानीकरण अनुदान रू ७१,२५,०००। गरी कूल १२,३९,८३,०००। प्राप्त भएको छ भने आ.व. २०७७/०७८ मा १४,११,३०,०००। सशर्त अनुदान र रू १,१४,९७,०००। समानीकरण अनुदान प्राप्त भएको छ ।

संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहले शिक्षा क्षेत्रमा गरेको प्रयासको बाबजुद विभिन्न समस्या र चुनौतिहरू कायमै रहेको पाइन्छ । पर्याप्त शिक्षक दरबन्दीमा लगानी नहुनु, शिक्षा क्षेत्रको बजेटको आकार सानो हुनु, स्थानीय तहले शिक्षा क्षेत्रमा आवश्यकता अनुसारका बजेट व्यवस्थापन गर्न कठिनाइ पर्नु, शैक्षिक सामग्री र शिक्षण सिकाइ क्रियाकलापमा लगानीको स्रोत नहुनु इत्यादि चुनौतिहरू स्थानीय तहमा कायमै छन् ।

## ५.३ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. विद्यालयलाई आवश्यक पर्ने वित्तीय स्रोतको प्रक्षेपण गर्ने,
२. गाउँपालिकाभित्र सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनका लागि वित्तीय स्रोत परिचालन गर्ने,
३. प्राथमिकता अनुसार बजेट निर्धारण गर्नु
४. संघीय, प्रादेशिक र स्थानीय तहको वित्तीय भार स्पष्ट गर्नु,

## ५.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू निम्न अनुसार हुनेछन्:

१. संघीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन गरिनेछ ।
२. वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई पारदर्शी रूपमा परिचालन गरिनेछ ।
३. सरकारी अनुदान प्राप्त विद्यालयहरूलाई सहभागी गराई गुणस्तर र जवाफदेही बनाइनेछ ।
४. संघ र प्रदेशबाट नपुग भएका शैक्षिक क्षेत्रहरूमा गाउँपालिकाद्वारा वित्तीय व्यवस्थापन गरिनेछ ।

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ।
६. वित्तीय व्यवस्थापनमा क्षमता सुधार गरी जिम्मेवारी पारदर्शी र उत्तरदायी बनाइनेछ।
७. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ।
८. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अध्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ।
९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागू गरिनेछ।
१०. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ।

योजनामा प्रस्तावित गरिएका विभिन्न शीर्षकहरूका आधारमा आगामी ५ वर्षका कार्यक्रमहरूका लागि बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा संविधानमा व्यवस्था भए अनुसार नि:शुल्क र अनिवार्य शिक्षा र माध्यमिक तहको नि:शुल्क शिक्षालाई ध्यान दिइएको छ। आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर कायम हुने गरी वित्तीय अनुमान गरिएको छ। भर्ना वृद्धि दर तथा टिकाउ दर बढाउने र व्यवसायिक सीप हासिल गर्नु उद्देश्यका साथ बजेटको प्राथमिकता तोकिएको छ। गुणस्तरीय शिक्षलाई थप बल पुग्ने गरी विद्यालयको भौतिक अवस्थाको सुधारको अपेक्षा गरिएको छ। शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिलाई जोड दिइएको छ। स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग तथा राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनमा बल पुग्ने गरी वित्तीय व्यवस्थापनमा प्रयास गरिएको छ। आधारभूत तहमा दिवा खाजा शिक्षकहरूलाई आइसिटीको पहुँच, विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था नि:शुल्क पाठ्यपुस्तक वितरण, आवासीय विद्यालयको अवधारणा, स्वास्थ्य शिक्षा र सरसफाइ इत्यादि विषयहरू कार्यक्रममा समेटिएका छन्। आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पठनपाठन सञ्चालनका लागि समेत वित्तीय व्यवस्थापन गरिएको छ। प्राविधिक धारका विद्यालयहरूको सञ्चालन र व्यवस्थापन गर्ने, विद्यालय व्यवस्थापन मजबुद बनाउने, विद्यालयको गुणस्तर सुधार हुने इत्यादि आधारमा समेत बजेट विनियोजन गरिएको छ।

विद्यालयका क्षेत्रका विभिन्न विषयमा प्रस्तावित बजेट

| क्र.स. | प्रमुख क्षेत्रहरू | 2021/022 | 2022/023 | 2023/024 | 2024/025 | 2025/026 | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास | 35,61,000 | 99,61,000 | 99,81,000 | 99,75,000 | 1,39,29,000 | 4,74,07,000 |
| २ | आधारभूत शिक्षा | 81,33,000 | 3,22,42,000 | 3,26,17,000 | 4,23,87,000 | 2,63,81,000 | 14,17,60,000 |
| ३ | माधयमिक शिक्षा | 58,28,000 | 77,73,000 | 1,16,18,000 | 1,81,68,000 | 2,07,18,000 | 6,41,05,000 |
| ४ | उच्च शिक्षा | 27,25,000 | 27,25,000 | 7,25,000 | 7,25,000 | 7,25,000 | 76,25,000 |
| ५ | प्राविधिक तथा व्यवसायिक शिक्षा | 43,39,000 | 24,19,000 | 38,39,000 | 9,39,000 | 9,39,000 | 1,24,75,000 |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | 12,25,000 | 12,85,000 | 13,05,000 | 13,35,000 | 13,15,000 | 64,65,000 |
| ७ | शिक्षक व्यवस्थापन | 14,94,800 | 14,72,800 | 14,57,800 | 14,27,800 | 14,27,800 | 72,81,000 |
| ८ | विद्यालय व्यवस्थापन | 3,75,000 | 3,75,000 | 3,75,000 | 3,75,000 | 3,75,000 | 18,75,000 |
| ९ | गुणस्तरीय सार्वजनिक शिक्षा | 93,75,000 | 3,39,75,000 | 3,39,75,000 | 3,39,75,000 | 3,33,55,000 | 14,46,55,000 |
| १० | शिक्षामा सूचना प्रविधि | 70,57,000 | 80,00,000 | 80,00,000 | 80,00,000 | 1,20,00,000 | 3,76,00,000 |
| ११ | समावेशी शिक्षा | 4,40,000 | 8,40,000 | 33,40,000 | 33,40,000 | 33,40,000 | 1,13,00,000 |
| १२ | संस्थागत संरचना र क्षमता विकास | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 2,50,000 |
| १३ | अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका | 56,000 | 51,000 | 51,000 | 56,000 | 46,000 | 2,60,000 |
| | | 4,65,78,800 | 10,30,88,800 | 10,92,53,800 | 12,26,72,800 | 11,65,20,800 | 49,26,58,000 |

माथि उल्लेखित तालिका अनुसार शिक्षा क्षेत्रका १३ वटा उपक्षेत्रहरूमा प्राथमिकताका आधारमा प्रत्येक वर्षका लागि बजेट अनुमान गरिएको छ। शिक्षामा सबैको पहुँच सहित गुणस्तरीय सार्वजनिक शिक्षा प्रदान गर्नका लागि प्रस्तावित बजेटले मार्गनिर्देश गर्नेछ। योजना कार्यान्वयनको पहिलो वर्षको तुलनामा अरु वर्षको बजेट वृद्धि गर्दै लगिएको छ। प्रस्तुत बजेटको अनुमान संघ, प्रदेश र स्थानीय तहलाई समेत ध्यानमा राखी प्रस्तुत गरिएको छ।

# परिच्छेद ६ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ६.१ योजना कार्यान्वयन

### ६.१.१ परिचय

योजना निर्माण एक अनुमानित कार्य योजनाको खाका हो । कुनै कार्यसम्पादन गर्नु अगाडिको महत्त्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । कुन कुन कार्यहरू के कसरी गर्न ? कहिले गर्ने ? कहाँ कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादि विषय वस्तुहरूको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जन अपेक्षाहरू, स्रोत साधन अवस्था, मौजुदा ऐन नियमले गरेको कानुनी व्यवस्था आदि आधारमा योजना निर्माण गरिन्छ ।

योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरू कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुन सक्छ । सबैभन्दा जटिल र चुनौतिपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो । कार्यान्वयन सहज र सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरूले प्रतिफल दिन सक्छन् । योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरू तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुन: प्रारम्भ गर्ने बाटो खुल्छ ।

योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ । सम्बन्धित संगठनहरू परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ । योजना कार्यान्यवनका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनु पर्छ ।

माथि उल्लिखित योजनाहरू मंगला गाउँपालिकाले के कसरी कार्यान्वयन गर्ने ? रणनीति तथा क्रियाकलापहरू के के गर्ने ? भन्ने बारेमा प्रष्ट पार्न खोजिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ ।

स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । स्रोत केन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् ।

स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको पनि मूल रूपमा स्थानीय तहलाई नै हुन आउँछ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतया: विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरू कार्यान्वयन गर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौति तथा समस्याहरू कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि संगठन संरचना तथा जनशक्ति अभावले प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । हालको व्यवस्थापन पक्षमा देखिएका चुनौति तथा समस्याहरू निम्न अनुसार छन् ।

१. पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु,
२. स्थानीय तहले कार्यान्वयन गर्ने क्षेत्रहरू स्पष्ट नहुनु,
३. जनशक्तिको अभाव हुनु,

## ६.१.३ योजना कार्यान्वयन प्रबन्ध

शिक्षा क्षेत्रको योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गरिनेछ :-

स्थानीय तह

१. संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गरिनेछ ।
२. शिक्षा शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिने छ ।
३. योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम र नीति र निर्देशनको व्यवस्था गरिनेछ ।
४. शिक्षण सिकाइमा सहयोग पुऱ्याउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरिने छ ।

विद्यालय

१. विद्यालय सुधार योजना निर्माण गर्ने,
२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने,
३. योजना कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने,
४. योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,
५. स्थानीय अभिभावक तथा सरोकारवालाहरूसँग अन्तर्किया तथा सहकार्य गर्ने,

६. कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण गर्ने

## ६.१.४ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ६.१.४.१ परिचय

योजनाहरू विनियोजन र वितरणको अवस्था, लगानी प्रवाह, कार्यक्रम कार्यान्वयन के कसरी भएको छ ? भनी सुनिश्चचित गर्नका लागि अनुगमन तथा मूल्याङ्कन आवश्यक पर्छ । निर्धारित समयमा क्रियाकलापहरू कार्यतालिका अनुसार भए नभएको र भएको भए प्रतिफलतर्फ उन्मुख भए नभएको समेत अनुगमन तथा मूल्याङ्कनबाट पत्ता लगाउन सकिन्छ । कार्यान्वयनमा रहेका योजनाहरूका लक्ष्य र प्रगति वारेमा नियमित तथा आवधिक रूपमा निगरानी, निरीक्षण, एवम् जाँचुझ गर्न जरूरी हुन्छ । योजना के कसरी अगाडि बढेको छ ? यसले उद्देश्य अनुसार कार्यारम्भ गर्न खोजेको छ या छैन ? नियम र प्रकृया अनुसार छ या छैन ? कुन कुन निकाय या व्यक्तिले अनुगमन गर्ने ? के कस्ता समस्याहरू कार्यान्वयन अवधिमा आइपरे र यसको समाधान के कसरी गर्न सकिन्छ ? योजनाले दीर्घकालीन फाइदाहरू के कसरी दिन सक्छ ? इत्यादि विषय वस्तुको रेखदेखका लागि अनुगमन संयन्त्र हुन जरूरी हुन्छ ।

योजना कार्यान्वयनको समयमा समन्वय र सहजीकरणको आवश्यकता पर्दछ । योजना कार्यान्वयन गरिने सबै क्षेत्र सक्षम नहुन सक्छन् । योजनाहरू बहु क्षेत्रसँग सम्बन्धित भएमा समन्वयको खाँचो पर्न सक्छ । कतिपय नीतिगत अस्पष्टता भएमा सहजीकरण गर्नु पर्ने हुन्छ । विभिन्न निकाय र व्यक्तिहरू बीचको समन्वय र सहकार्यले योजना कार्यान्वयनमा तीव्रता ल्याउन सकिन्छ ।

यसरी योजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणको भूमिका महत्त्वपूर्ण हुन्छ

### ६.१.४.२ वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको अनुगमन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ । स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको अनुगमन तथा मूल्याङ्कन स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ । स्रोतकेन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् । स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको अनुगमन र मूल्याङ्कन पनि मूल रूपमा स्थानीय तहलाई नै हुन आउँछ ।

मंगला गाउँपालिकामा भए गरेका शैक्षिक योजना तथा गतिविधिहरूको अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण गाउँपालिका शिक्षा शाखा मार्फत हुने गरेको छ । गाउँपालिकाका जनप्रतिनिधिहरूबाट पनि अनुगमन तथा मूल्याङ्कनमा महत्वपूर्ण भूमिका रहँदै आएको छ । माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन गर्ने जिम्ममेवारी गाउँपालिकाको रहेकोले सबै संयन्त्र गाउँपालिकाले नै सञ्चालन गर्ने गर्दछ ।

योजना अनुगमन तथा मूल्याङ्कनमा निम्न लिखित चुनौतिहरू पहिचान गरिएको छ :-

१. अनुगमन तथा मूल्याङ्कनका मापनयोग्य सूचकको तय गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणमा सीप र दक्षता भएका जनशक्तिको व्यवस्था गर्नु,
३. अनुगमनलाई नियमित र एकरूपता बनाउनु,
४. अनुगमन र मूल्याङ्कनलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु,

### ६.१.४.३ उद्देश्य

१. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गर्नु,

२. योजना कार्यान्वयनमा उपयुक्त समन्वय र सहजीकरण विकास गर्नु,

### ६.१.४.५ रणनीतिहरू

१. अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न समितिहरूको निर्माण गरिनेछ ।
२. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो छरिटो र व्यवस्थित बनाइनेछ ।
३. अनुगमनका लागि विभिन्न सूचकहरू बनाइनेछ ।
४. विद्यालय र गाउँपालिका बीच हुने सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।
५. गाउँपालिकाले समन्वय र सहजीकरणको भूमिका खेल्ने व्यवस्था गरिनेछ ।
६. जनप्रतिनिधिहरूलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइनेछ ।
७. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ ।
८. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अध्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।
९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागू गरिनेछ ।
१०. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।

## ६.१.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धि हासिल हुने।

**ख) प्रमुख नतिजाहरू**

१. अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने,
२. अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,
३. विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार हुने,
४. समन्वय र सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने,

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित सूचक निर्माण | पटक | | १ | १ | | | २ | ४ | |
| २ | अनुगमन कार्य | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ३ | चौमासिक तथा वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | समन्वय तथा सहजीकरण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | अनुगमन मूल्याङ्कन र क्षमता विकास | पटक | १ | | | १ | | २ | ४ | |

# परिच्छेद ७ : मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक

## ७.१ परिचय

योजनाले राखेको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य परिपूतिका लागि विभिन्न रणनीतिहरू अवलम्बन गरिएको छ। रणनीतिका आधारमा क्रियाकलापहरू तय गरिएको छ। गन्तब्यमा पुग्नका लागि उपलब्धि तथा सूचकहरू निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजा प्रति जबाफदेही बनाउन सहयोग गर्दछ।

## ७.२ योजनाको समग्र नतिजा खाका

| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत तथा तरिका |
|---|---|---|
| १. सबै वालवालिकाहरूलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चत हुने<br>२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने<br>३. माध्यमिक शिक्षामा सबैको पहूँच भई गुणस्तरमा सुधार हुने<br>४. उच्च शिक्षा हासील गर्ने उमेरका सबै युवाहरू उच्च लाई गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने<br>५. उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुने<br>६. पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुने<br>७. सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,<br>८. गाउँपालिका भित्रका सबै विद्यालयहरू कुशल र उत्तरदायी विद्यालय प्रशासन सहित बलियो व्यवस्थापन पक्ष भएको हुने | | - वार्षिक परीक्षाको प्रतिवेदन<br>- विद्यार्थी उपलब्धि<br>- अनुगमन प्रतिवेदन<br>- शैक्षिक सूचनाहरू<br>- उपलब्धि परीक्षाको नतिजाहरू |

| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत तथा तरिका |
|---|---|---|
| ९. सबै नागरिकहरूलाइ साक्षरता निरन्तर शिक्षा र जीवन प्रयन्त सिकाइको अवसर प्राप्त हुने<br>१०. उच्च शैक्षिक उपलब्धि सहित गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चितता हुने<br>११. समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपागता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने<br>१२. शिक्षक तथा विद्यार्थीहरूको लगि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम् प्रयोग भएको हुने<br>१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने | | |

**प्रमुख कार्यसम्पादन सूचकहरू**

| | | लक्ष्य | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **सूचक** | **आधार वर्ष २०७७** | २०७८/ २०७९ | २०७९/ २०८० | २०८०/ २०८१ | २०८१/ २०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर * (%) | **७७.६** | **78** | **79** | **82** | **85** | **88** | **92** | **90** | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | **८०.६** | **83** | **86** | **89** | **92** | **96** | **100** | **100** | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | |
| २.१ | कक्षा १ मा खुदप्रवेश दर | **९७** | **97.5** | **98** | **98.5** | **99** | **99.5** | **100** | **100** | |
| २.२ | कक्षा १ मा कूल प्रवेश दर | **१०८.३** | **107** | **106** | **105** | **104** | **103** | **102** | **102** | |
| २.३ | कक्षा १-५मा खुद भर्ना दर | **९६.५** | **97** | **97.5** | **98** | **98.5** | **99** | **99.5** | **99.5** | |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर | **१०८.६** | **107** | **106** | **105** | **104** | **103** | **102** | **102** | |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | **८५** | **86** | **87** | **88** | **89** | **90** | **91** | **91** | |
| २.६ | **प्राथमिक कक्षा ५ पूरा गर्ने** | **८६** | **87** | **88** | **89** | **90** | **91** | **92** | **92** | |

| | | लक्ष्य | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **सूचक** | **आधार वर्ष २०७७** | **२०७८/ २०७९** | **२०७९/ २०८०** | **२०८०/ २०८१** | **२०८१/ २०८२** | **२०८२/ २०८३** | **२०८३/ २०८४** | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
| | **दर** | | | | | | | | | |
| २.७ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | **०.९५** | **0.96** | **0.97** | **0.98** | **0.99** | **1** | **1** | **1** | |
| २.८ | कक्षा १-८ मा खुद भर्ना दर | **९६.८** | **97** | **97.5** | **98** | **98.5** | **99** | **100** | **100** | |
| २.९ | कक्षा १-८ मा कूल भर्ना दर | **१०६.३** | **105** | **104.5** | **104** | **103.5** | **102** | **101.5** | **101.5** | |
| २.१० | कक्षा ८ सम्मको टिकाउ दर | **७४** | **74** | **75** | **76** | **77** | **78** | **79** | **79** | |
| २.११ | कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | **73** | **74** | **75** | **76** | **77** | **78** | **80** | **80** | |
| २.१२ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | **0.99** | **0.99** | **0.99** | **0.99** | **0.99** | **0.99** | **0.99** | **0.99** | |
| २.१३ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | **45.45** | **46** | **47** | **48** | **49** | **50** | **50** | **50** | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर | **108.9** | **107** | **106.5** | **105** | **104.5** | **104** | **103.5** | **103.5** | |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | **79** | **80** | **82** | **84** | **86** | **88** | **90** | **90** | |
| ३.३ | कक्षा ९-१२ मा खुद भर्ना दर | **52.7** | **54** | **57** | **60** | **63** | **68** | **73** | **73** | |
| ३.४ | कक्षा ९-१२ मा कुल भर्ना दर | **83.1** | **84** | **86** | **87** | **88** | **89** | **90** | **90** | |
| ३.५ | कक्षा ११-१२ मा कूल भर्ना दर | **50.0** | **53** | **55** | **60** | **65** | **70** | **75** | **75** | |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्ना दर | **26.3** | **28** | **32** | **36** | **38** | **40** | **42** | **42** | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | **NA** | **70** | **71** | **72** | **73** | **74** | **75** | **75** | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | **NA** | **30** | **31** | **32** | **33** | **34** | **35** | **35** | |
| ३.९ | कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९-१२ | **1.2** | **1.15** | **1.12** | **1.10** | **1.08** | **1.02** | **1** | **1** | |
| ३.१० | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | **75.0** | **80** | **83** | **88** | **93** | **96** | **100** | **100** | |
| ३.११ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | **4.0** | **5** | **7** | **9** | **11** | **13** | **15** | **15** | |
| ३.१२ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | **1.07** | **11** | **12** | **14** | **16** | **18** | **20** | **20** | |
| ३.१३ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | **NA** | **60** | **61** | **62** | **63** | **64** | **65** | **65** | |

| | | लक्ष्य | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **सूचक** | **आधार वर्ष २०७७** | **२०७८/ २०७९** | **२०७९/ २०८०** | **२०८०/ २०८१** | **२०८१/ २०८२** | **२०८२/ २०८३** | **२०८३/ २०८४** | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
| **४.** | अनौपचारिक शिक्षा र निरन्तर सिकाइ | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | **96.4** | **97** | **97.4** | **97.8** | **98** | **98.5** | **100** | **100** | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | **97** | **98** | **98.5** | **99** | **100** | **100** | **100** | **100** | |
| ४.३ | साक्षरता दर (१५–२४ उमेर समूह) (%) | **98** | **98.5** | **99** | **99.5** | **100** | **100** | **100** | **100** | |
| **५.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | **9.5M1** | **10M1** | **12M1** | **15M1** | **17M1** | **19M1** | **20M1** | **20M1** | |
| ५.२ | कक्षा६-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | **16M1** | **18M1** | **20M1** | **23M1** | **24M1** | **25M1** | **26M1** | **26M1** | |
| ५.३ | कक्षा१-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | **11M1** | **13M1** | **14M1** | **15M1** | **16M1** | **17M1** | **18M1** | **18M1** | |
| ५.४ | कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | **21M1** | **22M1** | **23M1** | **24M1** | **25M1** | **26M1** | **28M1** | **28M1** | |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक | **22M1** | **23M1** | **24M1** | **25M1** | **27M1** | **28M1** | **30M1** | **30M1** | |

| | | लक्ष्य | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **सूचक** | **आधार वर्ष २०७७** | **२०७८/ २०७९** | **२०७९/ २०८०** | **२०८०/ २०८१** | **२०८१/ २०८२** | **२०८२/ २०८३** | **२०८३/ २०८४** | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
| | अनुपात | | | | | | | | | |
| **६.** | **शिक्षामा लगानी** | | | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत | **34.6** | **34.8** | **34.9** | **35** | **35.3** | **35.5** | **36** | **36** | |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | **47.3** | **47.4** | **47.5** | **47.6** | **47.7** | **47.8** | **48** | **48** | |
| ६.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | **40.5** | **41** | **42** | **42.5** | **44** | **47** | **48** | **48** | |

## सन्दर्भ सामग्रीहरू


१. स्थानीय सरकार सञ्चालन ऐन २०७४

२. शिक्षा ऐन २०२८ ( परिमार्जन सहित )

३. शिक्षा नियमावली २०५९ (परिमार्जन सहित )

४. समावेशी आयोग नीति २०७४

५. स्टेम शिक्षा मार्गचित्र २०७७ प्रदेश सरकार, प्रदेश नं. ५

६. राष्ट्रिय शिक्षा नीति २०७६

७. शिक्षा क्षेत्रको योजना (२०२१- २०३०) नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय

८. Flash I report 2075

९. समावेशी शिक्षा नीति २०७३

१०. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

११. मंगला गाउँपालिकाको शैक्षिक पार्श्वचित्र २०७७

१२. राष्ट्रिय समावेशी आयोग ऐन २०७४

१३. दशवर्षे शिक्षा क्षेत्र योजना (२०७८- २०८७) विकास प्रस्तावित खाका लुम्बिनी प्रदेश

१४. वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७

१५. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम २०७६

१६. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन २०७५

१७. गुणस्तरीय शिक्षा र चुनौतीहरू विजय बाबु बस्नेत

१८. प्राविधिक शिक्षा कार्यविधि

१९. पन्ध्रौं योजना आ.व. २०७६/०७७ – २०८०/०८१

२०. राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति २०७६

२१. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५

२२. नेपालको संविधान २०७२

२३. दिगो विकासको लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र २०१६-२०३०

२४. प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/२०७७-२०८०-०८१), गण्डकी प्रदेश पोखरा नेपाल

२५. बजेट बक्तव्य २०७६/०७७, मंगला गाउँपालिका म्याग्दी

२६. बजेट बक्तव्य २०७७/०७८, मंगला गाउँपालिका म्याग्दी

२७. नीति तथा कार्यक्रम २०७६/०७७ मंगला गाउँपालिका म्याग्दी

२८. नीति तथा कार्यक्रम २०७७/०७८ मंगला गाउँपालिका म्याग्दी